अध्याय-एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालका शताब्दीऔं पुराना प्रणालीहरूमध्ये हिन्दू वर्ण व्यवस्था पनि एक हो । राज्यले नै वि.सं. १९१० मा जनतालाई विभिन्न तहमा वर्गीकरण गरी भेदभावपूर्ण कानुन बनायो र एउटा वर्गलाई 'अछुत' वर्गमा राखी विभिन्न क्षेत्रमा कानुन तहःवञ्चित गऱ्यो । देशको कानुन र सामाजिक व्यवहार हालसम्म पनि पूर्णतः हिन्दू वर्ण व्यवस्थामा आधारित छ । हिन्दू वर्ण व्यवस्थाले मानिसहरूलाई ब्राम्हण, क्षेत्री, वैश्य र शुद्रको रूपमा विभाजन गरेको छ जुन सामाजिक व्यवहारका रूपमा युगौंदेखि चलिआएको छ । चार तहमा विभाजित गरिएको कथित जातीय श्रृङ्खलामा दलित वर्गलाई सवैभन्दा तल्लो जातका रूपमा राखियो र उनीहरूलाई विभिन्न सामाजिक तथा राज्यका क्रियाकलापहरूवाट वञ्चित गरियो । उक्त वर्गीकरणमा पानी नचल्ने ठानिएको समुदाय नै दलित हो जुन चरम आर्थिक शोषण तथा सामाजिक उत्पीडनको सिकार भएको छ । दलितलाई सार्वजनिक हक अधिकार उपभोग गर्नवाट वञ्चित गरिएको छ । आर्थिक अवसरवाट विमुख पारिएको छ र सामान्यतया राज्य तथा समाजवाट बेवास्ता गरिएको छ ।

ब्रिटिसकालमा भारतमा सन १९२७ मा बनेको "साइमन कमिसन"ले शुद्र मध्येकै "अतिशुद्र" मानी पानी नचल्लने तहमा राखेको समुहलाई दलित मानेको छ । नेपालको सन्दर्भमा दलितहरू आर्थिक रूपले शोषित, राजनीतिक रूपले आवाजहीन, सामाजिक रूपले तिरस्कृत तथा अछुतको रूपमा रहिआएका समुदाय हुन् । जातीय प्रणाली हिन्दू धर्मका मुख्य दर्शनको रूपमा रहेको भए तापनि नेपाली समाजमा विद्यमान अन्य धार्मिक समुदायमा समेत जातीय व्यवस्था व्यवहारमा रहेको पान्छ । वि.सं.२०२० को नयाँ मुलुकी ऐनले उपरोक्त भेदभावलाई कानुनतः हटाएको थियो भने पछिल्लो समय छुवाछुत निषेध गर्ने कानुन समेत वनिसकेको छ । तथापि नयाँ कानुनी व्यवस्थाको निर्माण तथा प्रजातन्त्रको पुनर्स्थापना पश्चात्को युगमा समेत जातीय भेदभाव समाजमा विद्यमान छ । राजनीतिक परिवर्तन भए तापनि राष्ट्रिय राजनीति र राज्यको अर्धसामन्ती चरित्रमा खासै परिवर्तन

नआएकाले दलितहरूको अवस्था, हैसियत र राज्यसत्तामा पहुँचमा उल्लेखनीय सुधार हुन सकेन । वास्तवमा जातीय प्रथा सामन्तवादी राज्यसत्ताले आफ्नो राजनीतिक स्वार्थ पूरा गर्न गरेको सामाजिक विभाजन हो यसले गर्दा जनसंख्याको ठूलो हिस्सा संरचनागत ढंगले नै उपेक्षित रहन गएको छ । केही दलित नेताहरूको दृष्टिकोणमा दलितहरू शुद्र होइनन् बरु यिनीहरू चतुरवर्ण बाहिरका समुदाय हुन् ।

भारतमा सन १९५० को दशकदेखि बढी प्रचलनमा आएको दलित शब्द नेपालमा विगत एक दशकदेखि निकै चर्चा परिचर्चा, छलफल र वहसको विषय बन्दै आएको छ । वृहत नेपाली शब्दकोषले दलित समुदायलाई फग्ल्याँटै फग्ल्याँटा पारिएको, दलिएको, दमन गरिएको, कुल्चिएको, विध्वंश गरिएको, नष्ट गरिएको अर्थ जनाउने विशेष रूपमा समाजमा हक इज्जत र प्रतिष्ठा समानरूपले पाउन नसकेको जाति वा समूह, सामाजिक व्यवस्थाको असमानताले शोसिएको वा पछि परेको जनसमुदायको रूपमा परिभाषित गरेको छ । राष्ट्रिय दलित आयोगले भने वि.सं. १९१० को मुलुकी ऐनको आधारमा दलितको परिभाषा गरेको छ जस अनुसार “हिन्दू वर्णाश्रम जाति व्यवस्थामा वि.सं. १९१० को मुलुकी ऐनबाट पानी नचल्ने र छोइछिटो हाल्नुपर्ने जातजाति भनी जातीय भेदभाव एवम् समाजमा अछुत मानिएका र समाजिक, आर्थिक, राजनीतिक, शैक्षिक तथा धार्मिक राष्ट्रिय रूपमा मूलप्रबाहवाट पछाडि पारिएका जातजाती वा समुदायलाई दलित भनिन्छ” । कतिपयले यस्तो परिभाषाले दलित शब्दलाई विभेदयुक्त र अपमानजनक बनाएको हुँदा कुनै पनि जातजाति वा वर्गलाई हीन शब्दले सम्वोधन गर्न हुँदैन पनि भन्ने गरेका छन् । त्यति मात्रै होइन, दलित शब्दको नयाँ परिभाषा खोज्ने काम पनि भएको छ । जस्तैः जनउत्थान प्रतिष्ठानको विधानले “दलित समुदाय भन्नाले वंशानुगत सीप, श्रम, कला र संस्कृतिका धनी, समाजका सजक समुदाय वा जातिहरू भन्ने बुझिन्छ” भनेको छ । यस्ता परिभाषाले हिनतावोध हटाई समाजमा दलितहरूको वारेमा सकारात्मक सन्देश दिने अपेक्षा गरिएको छ ।

ई.पू.३००० देखि २५०० वर्षअघि वर्णव्यवस्थाको प्रतिपादन भएको हो । ईसापूर्व १५०० तिर वेदको रचना भएको थियो भने ईसापूर्व ५०० सम्म आइपुग्दा ब्राम्हणहरूले “वेदान्त”दर्शन तयार गरे । तत्पश्चात विष्णुपुराण (५/११), व्यास स्मृति (१/११/१२), अपधस्त धर्मशुत्र (२/१/८), मनुस्मृति (१०/५१/५६) लगायतका ब्राम्हण गन्थहरूमा कतिपय श्रमिक तथा

कलाकर्मीहरूलाई समाजमा नीच तथा अपवित्र घोषित गरियो । जन्मकै आधारमा मान्छेलाई उचनीच, पवित्र-अपवित्र ठान्ने वर्णाश्रम धर्म नै कालान्तरमा हिन्दू धर्ममा परिणत भयो । जसले वर्णभित्र पेशाका आधारमा उपवर्ण सिर्जना गरी जातिलाई पेशासँग  जोड्ने काम गऱ्यो । यसरी खास खास पेशा, व्यावसाय एवम् कला क्षेत्रका समुदायलाई चौथो वर्णबाट धकेलेर अतिशुद्र, अजात र समाजबाट वहिष्कृत गरी अपवित्र-अछुत बनाउने काम भयो ।

नेपाली दलित समुदायको नमुना भारतीय हिन्दू वर्ण व्यवस्थाको एउटा रूप हो जो नेपालमा अन्य हिन्दू जातीहरूसँगै प्रवेश गरेको पाइन्छ । त्यही वर्ण व्यवस्थालाई तत्कालीन राजा सुरेन्द्र विक्रम शाहको पालामा जङ्गबहादुर राणाले वि.सं.१९१० सालमा छुवाछुतलाई अनुलङ्घनीय कानुन बनाएका हुन् । लामो समय (वि.सं. १९६५) सम्म केही उच्च जातीय समूहहरू पनि हिन्दू प्रणालीको जात झार्ने अभ्यासअनुसार दलित हुने चलन थियो । मानिसहरूलाई छुत र अछुतको रूपमा कानुनी तवरले नै विभाजन गर्ने कार्य पूर्णतः हिन्दू वर्ण व्यवस्थामा आधारित रहेको पाइन्छ जसले मानिसहरूलाई ब्राम्हण, क्षेत्री, वैश्य र शुद्रमा विभाजन गरेको छ । चार तहमा विभाजन गरिएको कथित जातीय श्रृङ्खलामा दलित वर्गलाई सबैभन्दा तल्लो जातको रूपमा राखेको पाइन्छ । परिणाम स्वरूप नेपाली समाजमा छोइछिटो गर्ने, सार्वजनिक क्षेत्रमा प्रवेश निषेध,अन्तरजातीय विवाहमा रोक,अछुतले शिक्षा दीक्षा लिन नपाउने, घोडा चढ्न नपाउने, ठूलो घर वनाउन नपाउने, यौन शोषित हुनुपर्ने जस्ता मानव अधिकारका आधारभूत सिद्धान्तमा वञ्चित हुनुपर्ने स्थिति सृजना भयो । पुरानो वैधानिक कानुनले स्वरूप र जातीयताका आधारमा न्याय र सजायंको व्यवस्था गरेकोमा नयाँ मुलुकी ऐन २०२० लागू नहुँदासम्म सो व्यवस्था कायम रहेको पाइन्छ । वि.सं.२०२० सालमा ऐनलाई संशोधन त गरियो तर छुवाछुत व्यवस्थालाई दण्डनीय बनाइएन । तसर्थ सामाजिक व्यवहारमा छुवाछुत यथावत् रह्यो र राज्यले पनि संरक्षण गऱ्यो । नयाँ कानुनी व्यवस्थाको निर्माण तथा प्रजातन्त्रको पुनस्थापनाका वावजुद नयाँ युगमा समेत जातीय विभेद समाजमा विद्यमान रहेको पाइन्छ ।

नेपाल लामो समयदेखि हिन्दू अधिराज्यका रूपमा रहेकाले राज्यको मूल्य र मान्यता हिन्दू नै रहिआएको छ । नेपालीहरूको सामाजिक, आर्थिक, अवस्था समेत जातीय श्रृङ्खला मै आधारित छ । दलितहरूको जनसंख्या उल्लेख्य रूपमा हुँदाहुँदै पनि समाजमा उनीहरू निरन्तर सामाजिक विभेद र मानव अधिकारबाट वञ्चित हुन पुगेका छन् । दलितहरूको

संरक्षणको सन्दर्भमा कानुनको कम कार्यान्वयन हुने गर्छ । नेपालमा दलितहरू माथिका विभेदका घटना घटिरहेको हामी अहिले पनि प्रत्येक दिन सञ्चार माध्यमबाट सुनिरहेका हुन्छौं । सामाजिक विभेद, दमन र सरकारी उदासीनताको शक्तिशाली संयोजनका कारण उनीहरू समाजमा दोस्रो दर्जाको रूपमा बाँच्न वाध्य छन् । डा.कृष्ण बहादुर भट्टचनका अनुसार अहिले पनि नेपाली समाजमा २०५ किसिमका जातीय विभेद कायम छन् तीमध्ये ५४ वटा निषेध वा अस्वीकार सम्बन्धी,९ वटा भेदभावपूर्ण बाध्यात्मक मजदुरी सम्बन्धी २० वटा, हेप्ने, पेल्ने तथा आधिपत्य जमाउने सम्बन्धी २० वटा, अत्याचारसँग सम्बन्धी ३ वटा, सामाजिक वहिष्कारसंग सम्वन्धित,१८ वटा दृष्टिकोणीय छुवाछुत र ८१ वटा विभिन्न क्षेत्रका विभिन्न विभेद रहेका  छन् । अधिकाँश दलित समुदाय हिन्दू धर्मालम्बीहरूबाट नै शोषित, वहिष्कृत र तिरष्कृत भएका छन् । नागरिकको हैसियतले राज्यबाट प्राप्त गर्ने स्रोत र साधन उपभोग गर्नमा विभेद त छँदैछ,प्राकृतिक स्रोतसाधन उपभोग गर्नबाट समेत वञ्चित छन् । दलितहरूलाई अपमानीत गर्ने, होच्याउने तथा घृणा गर्ने मनोवृत्ति समाजमा अझै कायमै छ ।

परम्परागत रूपमा दलित भन्नाले तथाकथित माथिल्लो जातिका समुदायवाट दवाईएका, सामाजिक, आर्थिक, शैक्षिक, धार्मिक, सांस्कृतिक र राजनीतिक रूपमा पछाडि पारिएका वा अछुत भनिने जातीलाई बुझिन्छ । सामन्तवादी हिन्दू संरचनाभित्र आधारभूत पेसा, व्यावसाय, सीप तथा कला क्षेत्रमा संलग्न रहँदै आएका चरम जातीय विभेद अमानवीय छुवाछुतको उत्पीडन भोग्दै आएको समुदाय नै दलित हो र भारतीय उपमहाद्वीपमा आर्यहरूले चलाएको वर्णव्यवस्था कालक्रममा वर्णाश्रम धर्म (हिन्दू धर्म) वन्न पुग्यो । यसर्थ प्रारम्भमा वर्ण व्यवस्था अङ्गीकार आर्यभित्र विविध जातिच्यूत गरिएका आधारभुत तहका जनता मात्र दलित थिए तर हिन्दू धर्मको विस्तार तथा हिन्दू आर्य राजा महाराजाको शासनमा द्रविड र मंगोल नश्ल लगाएतका मानिसहरू माथि पनि वर्ण व्यवस्था र छुवाछुतको चलन लादियो । वर्णव्यवस्था भित्रको शुद्र बर्णवाट हटाएर अजात तथा अछुत बनाइएको समूह नै दलित हो त्यसैले अछुतलाई वर्णव्यवस्थाभित्र समेट्न कसैकसैले अति शुद्र वा पञ्चम वर्ण पनि भन्ने गरेको पाइन्छ तर यस्तो पञ्चम वर्णको उल्लेख शास्त्रमा भेटिंदैन् (विश्वकर्मा, २०६३ : ९५) ।

धर्मको आधारमा जाति व्यवस्था र जातिका आधारमा पेशा,व्यावसाय जात,वंश र पेसाका आधारमा जातीय भेदभाव र छुवाछुतको सामाजिक व्यावहारलाई शासकीय इतिहासको मध्यकालीन युगमा अर्थात अर्थात मल्ल वंशीय शासनकालमा राजा जयस्थिति मल्लले मनुस्मृतिमा आधारित मानव न्यायशास्त्र नामको धार्मिक ग्रन्थ त्यसैलाई शासन विधिको रूपमा लागू गरी निश्चित पेसा वा श्रममा आबद्ध समुदायलाई शुद्र वा अछुत भनी तोकिदिए । अछुत जातको पानी नचल्ने, सार्वजनिक स्थलमा उपस्थिति हुन नपाउने, धार्मिक कार्य गर्न वा अध्ययन गर्न नपाउने वा तोकिएको बाहेक अन्य व्यावसाय गर्न नपाउने, ऊच नीच जातिका वीच विवाह गर्न नपाउने जस्ता निषेधात्मक नियम बनाई त्यस्ता कार्य गरेमा धार्मिक सामाजिक अपराध ठहर्ने र त्यस्ता अपराध शुद्र वा अछुतले गरेमा अन्य जातलाई हुने सजायको भन्दा दोव्वर सजाय हुने व्यवस्था गरिएको थियो र उक्त प्रथा शाहवंशीय शासन कालमा पनि निरन्तर रह्यो । नेपालका तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाले वि.सं. १९१० मा भारतका धार्मिक विदवान्हरूको परामर्शमा नेपालको पहिलो ऐन मस्यौदा जारी गरी लागू गरे जसले धर्मशास्त्रको आधारमा कायम रहेको जातीय भेदभाव र छुवाछुतलाई मान्यता दियो र नेपालका दलितहरू (आज दलित भनिएकाहरू) कानुनी रूपमा नै अछुत बनाइए । यस कानुनका आधारमा नेपाली समाजलाई जातीय विभाजन गरियो र धार्मिक मान्यता र परम्पराका आधारमा सामाजिक अपराध कायम गरियो र पहिलेजस्तै गरी एकै वा एकै प्रकृतिको आधारमा पनि अरुलाई भन्दा शुद्रलाई बढी सजाय तोकियो ।

संसार भर कुनै न कुनै रूपमा प्रचलित जातीय विभेदलाई समाप्त गर्ने उद्देश्यले सन १९६५ मार्च २१ म सम्पन्न संयुक्त राष्ट्रसंघको साधारण सभावाट "सबै किसिमका जातीय भेदभाव उन्मुलन सम्बन्धी अन्तराष्ट्रिय महासन्धि"पारित भएपछि मानव मानववीच जातीय दृष्टिले भेदभाव गर्न नपाइने अवधारणाले विश्व जगतमा प्रवेश पाउन थाल्यो ।"कानुनका अगाडि सबै समान हुनेछन् ।"भन्ने प्रमुख अवधारणा रहेको उक्त महासन्धिमा नेपालले पनि सन १९७१ जनवरी ३० मा हस्ताक्षर गरी तदअनुरूप जातीय भेदभाव विरुद्धका ऐन कानून तथा नीति नियमहरू तर्जुमा गर्ने प्रयास गरेको पाइन्छ ।

यसै अनुरूप नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ को धारा ११ (३) मा पनि सवै जातजाति वर्ग, लिङ्ग, धर्म र समुदायले समान रूपमा मानव अधिकारको प्रयोग गर्न पाउने प्राब्धानको व्यवस्था गरियो साथै सोही धारा (४) ले जातिपातिका आधारमा छुवाछुतको

व्यवहारलाई कानुन बमोजिम दण्डनीय वनाइए तापनि व्यावहारमा खासै परिवर्तन नभई रहेको अवस्थामा एकातिर दलित समुदायले आफ्नो हक, हित, रक्षा र विगतको उत्पीडनको क्षतिपूति सहितको सुनिश्चत गर्न माग राख्दै शान्तिपूर्ण दबावहरू राज्यलाई दिइरहेको अवस्था र अर्कातिर ए.ने.क.पा.माओवादीले गरेको हिंसात्मक विद्रोह र संयुक्त जनआन्दोलन २०६२/०६३ ले मुलुकको राजनीतिक सामाजिक दृश्यमा आमूल परिवर्तन ल्यायो ।

राष्ट्रिय स्रोतसाधनमाथि दलित समुदायको पहुँच विश्लेषण गर्दा १७ प्रतिशत अति गरिब जनसंख्या मध्ये ८० प्रतिशत जनसंख्या दलित समुदायको रहेको छ । नेपालका अधिकांश दलितहरू भूमिहीन अवस्थामा रहेका छन् । समाज विकासको इतिहास अत्याधुनिक युगमा प्रवेश गरिसक्दा पनि जातीय भेदभाव र छुवाछुतजन्य संस्कारबाट मुक्त रहन नसकेको नेपाली समाजको अवस्था यतिखेर राज्यको लागि एउटा चिन्ता र चुनौतीको विषय बन्न पुगको छ (राष्ट्रिय दलित आयोग, २०६६/०६७ ) ।

नेपालमा दलित महिलाको अवस्थालाई हेर्दा दलितको कुल जनसंख्याको आधा भाग दलित महिलाको जनसंख्या रहेको छ । हाम्रो समाजमा सदियौंदेखि पितृसत्ताले जरो गाडेको छ । महिलालाई दोस्रो दर्जाको नागरिकको रूपमा लिइन्छ भने दलित महिलाहरू लैंङ्गिक र जातीय दुवै पीडामा परेको अवस्था छ । नेपालमा दलित महिलाहरू धरै प्रकारका विभेद र शोषणहरू सहेर बाँचिरहेका छन् । पहिलो उनीहरू दलित भएकै कारण शोषित छन्, दोस्रो जातका आधारमा शोषित छन् र तेस्रो कमजोर आर्थिक अवस्थाका कारण । फलस्वरूप उनीहरू भूमिमा अधिकारविहीन, निर्णय प्रकृया तथा साधन, स्रोत र शान्ति सुरक्षामा पहुँचविहीन, लैङ्गिक विभेद तथा घरेलु हिंसा, बलत्कार, चेलीबेटी बेचबिखन र यौन शोषणका सिकार हुन बाध्य हुन परिरहेको अवस्था छ (दलित महिला संघ) ।

## १.२ समस्याको सवालीकरण

कानूनले नेपाललाई छुवाछुत मुक्त राष्ट्र घोषणा गरिसक्दा जातीय छुवाछुत झनै बढि रहेको अवस्था छ । पहिलाको तुलना अहिले दिनहूँजसो जातीय हिंसाका घटनाहरू सञ्चार माध्यममा आउने गर्छन् हुन त यसलाई सकारात्मक रूपमा नै लिनुपर्ने हुन्छ किनकि पहिला सशक्तीकरण भएका थिएनन् र घटना घट्थे तर त्यसलाई कसरी लुकाउने भन्ने मात्र सोच हुन्थ्यो त्यसकारण यस्ता घटनाहरू कमै मात्रामा बाहिर आउँथे । अतः यस्ता घटनाबाट

बढीजसो दलित महिलाहरू नै पीडित छन् किनकि महिलाहरू धारा पँधेरा, मेलापाता जाँदा यस्ता विभेदहरू भोगिरहेको अवस्था छ । जातजाति र लैङ्गिक आधारमा समान रूपमा ल्याउनका लागि राष्ट्रिय स्तरमा धरै नीति नियमहरू बनेका छन् तर यिनीहरूको उचित कार्यान्वय हुन सकिरहेको छैन जसको कारण समाजमा जातीय र लैङ्गिक हिंसा हुने गर्दछन् ।यस अवस्थामा उनीहरूलाई सशक्तीकरण गर्नका लागि सरकारी र गैरसरकारी संस्थाहरूले विभिन्न कार्यक्रमहरू गर्दै आइरहेका छन् । पितृसतात्मक सोचका कारण विशेषगरी ग्रामीण दलित महिलाहरू अझै पछाडि परेका छन् । बच्चा जन्माउनेदेखि खाना पकाउने, सफासुग्घर गर्ने परिवारलाई खुशी पार्ने, गाईवस्तुको स्याहार गर्ने, खेतीपाती गर्नेजस्ता अनुत्पादक काममा मात्र महिलाहरू सीमित रहनुपर्ने अवस्था छ । महिलाहरू बाहिर सभा सम्मेलनजस्ता कार्यमा सहभागी भएर बोल्न नपाउने जस्ता चलनहरू हाम्रो समाजमा अझ पनि छन् । निर्णय प्रकृयामा उनीहरूको भूमिका नहुने, कतै महिलाहरू बोली हाले भने पोथी बासेको राम्रो हुँदैन भन्ने चलन छ । महिलाहरू घरका लक्ष्मी हुन् जुन घरभित्र नै सीमित रहनुपर्छ भन्ने सोचका कारण महिलाहरू पछाडि परिरहेको अवस्था छ । यतिमात्र नभएर हाम्रो समाजमा दलित महिलाहरूले लैङ्गिक हिंसा, जातीय हिंसा, सामजिक विकृति यौन शोषण, चेलीबेटी बेचबिखन जस्ता हिंसाहरू सहेर बस्नु परिरहेको अवस्था छ ।

राज्यले महिलालाई पनि विकासको मूलधारमा समाहित गर्नका लागि विभिन्न प्रयासहरू गरिरहेको छ तर दलित महिला भने ओझेलमा परिरहेका छन् । महिला सशक्तीकरणका लागि सरकारी र गैरसरकारी संस्थाहरूले गाउँ गाउँमा कार्यक्रम गर्दै आएका छन् । धेरैजसो कार्यक्रमहरू अझै पनि सहरकेन्द्रित रहेका छन् । अन्य जातका महिलाभन्दा दलित जातिका महिलाहरूको स्तर धेरै पछाडि रहेको छ । उनीहरूको शिक्षाको स्तर पनि कम छ र घरायसी वातावण पनि त्यस्तै रहेको छ भने बाह्य कार्यक्रममा जाँदा पनि जातीय हिंसा भोग्नु पर्ने भएकोले उनीहरू बाहिर निस्कन मान्दैनन् । त्यसकारण पनि दलित महिलाहरू आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक र राजनीतिक हिसावले अन्य जातका महिला भन्दा पछाडी छन् तर पनि यहाँका महिलाहरूको अवस्थामा पहिलाको तुलना केही परिवर्तन आएको छ । दलित महिलाको पहिलाको अवस्था र अहिलेको अवस्थामा आएको परिवर्तन र परिवर्तन आउनुका कारणलाई अनुसन्धान गरी लेखाजोखा गर्न आवश्यक देखिएकाले प्रस्तुत अध्ययन कार्य गरिएको छ । यस अनुसन्धानमा निम्न प्रश्नको उत्तर खोज्ने प्रयत्न गरिएको छ ।

१. दलित महिलाहरूको शैक्षिक, सामाजिक, आर्थिक, धार्मिक सास्कृतिक र राजनीतिक अवस्थामा के परिवर्तन आएको छ हेर्ने ?

२. दलित महिलाहरूको सामाजिक अवस्थामा परिवर्तन ल्याउने कारक तत्वहरू के-के हुन् ?

## १.३. अध्ययनका उद्देश्यहरू

यस अध्ययनका खास उद्देश्यहरू निम्न अनुसार उल्लेख गरिएको छ ।

क) दलित महिलाहरूको सामाजिक अवस्थामा आएको परिवर्तन विश्लेषण गर्ने ।

ख) दलित महिलाको सामाजिक अवस्थामा परिवर्तन आउनका कारणहरू पत्ता लगाउने ।

## १.४ अध्ययनको औचित्य

दलित भनेका कला र सीपका धनी व्यक्तित्वहरू हुन् र पनि उनीहरूलाई जातीय हिसाबले उपेक्षा गरिन्छ । उनीहरू अन्य जातिको तुलनामा हरेक हिसाबमा पछाडि परेका हुन्छन् त्यसमा पनि दलित महिलाहरूको त के कुरा गर्ने । हाम्रो देश नेपाल कानुनी रूपमा छुवाछुत मुक्त राष्ट्र घोषणा भइसकेको छ तर व्यवहारिक रूपमा भने परिवर्तन आएको छैन । उनीहरू अन्य जातिको तुलनामा हरेक हिसाबमा पछाडि परेका हुन्छन् । त्यस्तै महिला र पुरुष एक सिक्काका दुई पाटा हुन भनिए तापनि महिलाहरू पुरुषको तुलनामा धेरै पछाडी रहेका छन् । त्यसमा पनि दलित महिला र ग्रामीण दलित महिलाको स्तर धेरै पछाडि रहेको अवस्था छ । महिलाहरूलाई विभिन्न घरायसी कामधन्दा, बालबच्चा जन्माउने हुर्काउने साथै धार्मिक, सामाजिक, आर्थिक कारणले गर्दा महिलाहरू चूलोचौकोमा मात्र सीमित रहेको अवस्था छ जसले गर्दा उनीहरू धेरै पछाडि रहेको कुरा प्रत्येक वर्षको तथ्याङ्कले देखाउँछ । त्यसमा पनि अन्य महिलाको तुलनामा दलित महिलाहरू लैङ्गिक, वर्गीय र जातीय हिसाबले पछाडि परेका छन् । अहिले उनीहरूको सशक्तीकरणको लागि विभिन्न संघसंस्थाहरूले काम गरिरहेका छन । दलितहरूलाई विकासको मूलधारमा ल्याउने सरकारको नीति पनि रहेको छ । त्यसकारण उनीहरूको सामाजिक अवस्थाको विश्लेषण गर्दा उनीहरूको वर्तमान अवस्थाको बारेमा जानकारी लिन सकिने साथै यहाँका दलित महिलाहरूको सामाजिक अवस्थामा कस्ता खालका परिवर्तनहरू आएका छन् र परिवर्तन आउनुका मुख्य कारणहरू के हुन सक्छन् ? कुन पक्षलाई जोड दिंदा अध्ययन क्षेत्रका दलित महिलाहरूको सामाजिक अवस्था सुधार हुनसक्छ भन्ने कुरा पत्ता लगाउनु आवश्यक रहेको छ । यो अनुसन्धानमा उनीहरूको सामाजिक, आर्थिक, शैक्षिक, धार्मिक र राजनीतिक अवस्थालाई समाजशास्त्रीय

दृष्टिकोणबाट अध्ययन गरिने छ जसले वौद्धिक क्षेत्रका व्यक्तित्वहरू, अनुसन्धानकर्ता, योजनाविद, शिक्षक, विद्यार्थीहरू एवं अध्ययन क्षेत्रका दलित महिलाका बारेमा जान्न चाहने जो कोहीलाई पनि सहयोग पुग्ने साथै दलित महिलालाई विकासको मूलप्रवाहमा ल्याउन समेत सहयोग पुग्नेछ भन्ने आशा राखेकी छु । अध्ययन क्षेत्रका दलित महिलाहरूको सामाजिक अवस्थाको समाजशास्त्रीय अध्ययन गर्न आवश्यक भएको तर हालसम्म कसैले पनि नगरेकाले यसको अनुसन्धान गर्नु औचित्यपूर्ण रहेको छ ।

- दलित महिलाहरू घरको कामसँगै बाहिरी सामाजिक कार्यमा कसरी लागिरहेका छन् भन्ने कुराको जानकारी दिन सहयोग पुगेको हुनेछ ।
- दलित महिलाहरूको विगतको अवस्था कस्तो थियो वर्तमानमा के परिवर्तन आएको छ र परिवर्तन आउनुका कारणहरू के हुन सक्छन् भन्ने कुराको जानकारी लिन सहयोग पुग्नेछ ।
- महिला सशक्तीकरणका साथै दलित महिला सशक्तीकरणमा चासो राखी अध्ययन अनुसन्धान गर्न समाजशास्त्र/मानवशास्त्र अध्ययन गर्ने विद्यार्थीको लागि उपयोगी हुनेछ ।
- दलित महिला र सम्पूर्ण दलित अधिकारका लागि काम गरिरहेका संस्थालाई समेत यो अध्ययन उपयोगी हुनेछ ।
- दलित महिलालाई माथि उठाउन कस्ता खालका कार्यक्रमहरू गनुपर्छ भन्ने कुराको जानकारीका लागि सहयोगी हुनेछ ।
- महिला सशक्तीकरणका क्षेत्रमा काम गर्ने अन्य संस्थाहरूलाई समेत सहयोगी हुनेछ ।

## १.५ अध्ययनको सीमा

प्रस्तुत अनुसन्धान गण्डकी अञ्चलमा पर्ने स्याङ्जा जिल्लाको सदरमुकाम देखि १४ कि मी उत्तर पश्चिम भेगमा अवस्थित सेतीदोभान गा.वि.स.वडा नं. ६ र ७ का २२ वर्षदेखि ७५ वर्षसम्मका २२ जना दलित महिलाहरूमा सीमित रहेको छ । यो अनुसन्धान एम.ए.को विशेषज्ञता हासिल गर्नको लागि अनिवार्य भएको साथै विद्यार्थीको खर्च र समयलाई मध्यनजर गर्दै २२ जना शिक्षित अशिक्षित, धनी, गरीव, पुरानो पुस्ता र नयाँ पुस्ताका दलित महिलाहरूको व्यक्तिगत अध्ययनमा मात्र सीमित गरिएको छ । परिवर्तनलाई हेर्न सहज होस् भन्नका लागि एउटै घरका सासु वुहारीलाई व्यक्तिगत अध्ययनमा समेटिएको छ । यसमा अनुसन्धानकर्ता स्वयं अध्ययन क्षेत्रका गई दलित महिलाहरूको व्यक्तिगत विवरण लिई

आवश्यक जानकारी संकलन गरिएको छ । अन्य जातका र अन्य ठाउँका मुख्य सूचनादाताबाट पनि सम्वन्धित जानकारी संकलन गरिएको छ ।

## १.६ अध्ययनको संगठनात्मक ढाँचा

प्रस्तुत शोत्रपत्रलाई पाँच अध्यायमा विभाजन गरिएको छ । जसमा परिचयदेखि निष्कर्ष र सुझावहरूसम्म समावेश गरिएको छ । प्रत्येक अध्यायमा कसरी व्याख्या गरिएको छ भन्ने कुरा तल उल्लेख गरिएको छ ।

अध्याय एकमा अध्ययनको पृष्ठभूमि, समस्याको सवालीकरण, अध्ययनका उद्देश्यहरू, अध्ययनको औचित्य, अध्ययनको सीमा र अध्ययनको संगठनात्मक ढाँचालाई समावेश गरिएको छ ।

अध्याय दुईमा सैद्धान्तिक पुनरावलोकन, परिचय, लिङ्ग र सामाजिक लिङ्गको अवधारणा, महिलावादी सिद्धान्तहरू, मार्क्सवादी सिद्धान्त, पितृसत्ता, विश्वव्यवस्था सिद्धान्त, सामाजिकीकरणको सिद्धान्त, व्यवहारिक अनुसन्धानको समीक्षा, विश्व परिवेशमा महिलावादी आन्दोलन, नेपालका सन्दर्भमा नारीवादी आन्दोलन नेपालका सन्दर्भमा दलित महिला आन्दोलन, नेपालमा दलित महिलाको अवस्था, साहित्य पुनरावलोकनको उपादेयता र अवधारणागत खाकालाई समावेश गरिएको छ ।

अध्याय तीनमा अनुसन्धान पद्धति, अध्ययन क्षेत्र छनोटको औचित्य, अनुसन्धान ढाँचा, नमुना छनोट विधि, तथ्याङ्कको प्रकृति र स्रोतहरू, प्राथमिक तथ्याङ्क संकलन विधिपूर्व र कार्यक्षेत्रमा भएको सहजता अध्ययनको विश्लेषण र प्रस्तुतीकरण समावेश गरिएको छ ।

अध्याय चारमा दलित महिलाको शैक्षिक, सामाजिक, व्यावसायिक, आर्थिक तथा नेतृत्व क्षमता, राजनीतिक, सामाजिक हैसियत, छुवाछुत सम्बन्धी अवधारणा, जनचेतना, क्षमता विकास, वोलीचाली र लवाइखवाइ जस्ता कुराहरूमा आएको परिवर्तन र परिवर्तन आउनुका कारणहरूमा आर्थिक कारण, शैक्षिककारण, राजनीतिककारण, सामाजिककारण नीतिगत कारणहरू, सञ्चार माध्यमका प्रभाव र विभिन्न सामाजिक संघसंस्थाको प्रभाव समावेश गरिएको छ ।

अध्याय पाँचमा साराँश, अध्ययनको साराँश प्राप्ति, निष्कर्ष र सुझावलाई समावेश गरिएको छ ।

# cWofo – b'O{

# सन्दर्भ साहित्यको पुनरावलोकन

## २.१ सैद्धान्तिक समीक्षा

समाजिक परिवर्तनमा शिक्षा, चेतना र आर्थिक पक्षले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । साथै यी कुराहरूले मानिसको सामाजिक स्तरीकरणमा प्रभाव पारी व्यक्तिको स्तर परिवर्तनमा महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ । हाम्रो समाजमा जति पनि परिवर्तनहरू भएका छन् तिनको श्रेय शिक्षा र चेतनालाई नै जान्छ । समाजशास्त्रले सबै किसिमका सामाजिक सम्बन्धहरूको अध्ययन गर्दछ । दलित महिलाहरूको सामाजिक अवस्थामा आएको परिवर्तनलाई विभिन्न सैद्धान्तिक परिप्रेक्ष्यवाट पनि अध्ययन र विश्लेषण गर्न सकिन्छ । सामाजिक व्याबहार र परिवर्तनका बारेमा अध्ययन तथा विश्लेषण गर्न विभिन्न समाजशास्त्रीय सिद्धान्तहरू प्रतिपादन गरिएका छन् । प्रस्तुत अध्ययनलाई केही सैद्धान्तिक खाकाभित्र राखेर विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### २.१.१ लिङ्ग र सामाजिक लिङ्गको अवधारणा

मानव समाजको वास्तविकतालाई बुझ्न महिला र पुरुषलाई बुझ्नु अति आवश्यक छ । जैविक दृष्टिकोणको आधारमा महिला र पुरुषको छुट्टाछुट्टै भूमिका हुनु वा पुरुषले यो काम गर्ने र महिलाले यो काम गर्ने भनी विभाजन गरिएको हुन्छ भने त्यसलाई जेण्डर भनिन्छ । हरेक समाजमा महिला र पुरुषले निर्वाह गर्नु पर्ने भूमिका अलग अलग हुने गर्दछन् भने लिङ्गको आधारमा महिला र पुरुष दुबैवाट समाजले केही अपेक्षा गरेको हुन्छ । वास्तवमा त्यही अपेक्षाकृत भूमिका नै जेण्डर हो । जेण्डरले महिला र पुरुषको सामाजिक, साँस्कृतिक तथा आर्थिक विशेषतालाई पनि जनाउँछ । प्रत्येक व्यक्तिमा स्त्रीत्व र पुरुषत्वको गुण हुन्छ तर समाजले केटीभित्र लुकेको पुरुषत्व र केटाभित्र लुकेको स्त्रीत्वलाई बाहिर आउन अर्थात् मौलाउन दिँदैन (भासिन, २००३) ।

लिङ्ग एक जैविकीय परिभाषिक शब्द हो भने जेण्डर सामाजिक र सांस्कृतिक शब्द हो । सामान्य ज्ञानबाट हेर्दा यी दुवै विभाजन देख्ने केवल दुई अलग तरिका हुन् । कुनै पनि

व्यक्ति एक खास लिङ्गको हुन्छ । एक पुरुष वा महिला एक केटा वा केटी हुनुमा लुगा, हाउभाउ, पेशा र व्यक्तित्वको पनि उत्तिकै हात हुन्छ जति एक खास किसिमको नारीत्व हुन्छ (ओकली, १९८५: १५८) ।

समाजले महिला र पुरुषको कस्तो प्रकारको भूमिका अधिकार,स्रोत साधन दिन्छ उनीहरूलाई कस्तो किसिमको व्यवहार तथा मानसिकता विकास गर्न सिकाउँछ त्यस्तो अर्थवोध गर्नुलाई सामाजिक लिङ्ग वा जेण्डर भनिन्छ (भासिन,२००३) ।

लिङ्गले खासगरी व्याक्तिको जैविक पुरुषत्व र नारीत्वलाई जनाउने गर्दछ । जेण्डरले पुरुषत्व र नारीत्वको सामाजिक, सास्कृतिक मानसिक पक्षहरूलाई बुझाउँदछ (ज्वार्टिभीन, १९९३) ।

## २.१.२ महिलावादी सिद्धान्तहरू

महिलावादी सिद्धान्त भन्नाले महिलाको सामाजिक परिवेश, हक, अधिकार, वास्तविक स्थिति आदिका बारेमा विभिन्न विद्वानहरू तथा विचारकहरूको मत हो । यस सम्बन्धमा विभिन्न मत तथा विचारहरूमध्ये प्रमुख निम्नानुसार रहेका छन् ।

### क) उदारवादी महिलावाद

यस वादको सुरुवात १६ औं र १७ औं शताब्दीदेखि भएको हो भने १९ औं शताब्दीको अन्त्यतिर निकै व्यापक रूपमा देखा परेको थियो । यो महिला र पुरुष विचमा समानता हुनुपर्छ भन्ने सिद्धान्त हो । यसले महिला र पुरुषका हरेक पक्षमा समानता हुनुपर्छ भन्दै उनीहरूको समान अवसर, समान अधिकार, समान ज्यालामा जोड दिन्छ । यसले पारिवारिक दायित्व, घरायसी क्रियाकलाप, श्रम बजारका हरेक पक्षमा समानताको खोजी गर्दछ । त्यस्तै महिलाको आत्मविश्वास बढाउने, क्षमताको विकास गर्न र निर्णय गर्ने स्थितिमा पुऱ्याउन समेत यसले सहयोग पुरयाउने कार्यक्रमलाई प्राथमिकता दिन्छ । साथै यसले विद्यमान पितृसत्तात्मक र सामाजिक संरचनाभित्र समानता सम्भव रहेको छ । उदारवादले महिलाहरूको आफ्नै कार्य, रुची, रोजाइ, आकाँक्षाको रोजाईलाई पुरुष सरह आफ्नो क्षमता देखाउन सक्छन् । यस्तो समानतालाई आफै निरन्तरता दिन सक्छन् भन्दै राजनीतिक र कानुनी सुधारको माध्यमबाट महिला र पुरुषमा समानता ल्याउन सकिन्छ भन्ने अपेक्षा गर्दछ । यसले महिला र पुरुष बीच हुने व्यक्तिगत स्वतन्त्र सम्बन्ध र अन्तरक्रियालाई समाजमा नारी पुरुष वीच लैंङ्गिक समानता ल्याउने सुरु र आधार बिन्दु हो भन्ने मान्यताको आधारमा

विश्लेषण गर्दछ । सबै महिलाहरूमा समाजमा लैङ्गिक समानता प्राप्त गर्ने सामार्थ्य हुन्छ । त्यसैले समाजको आधारभुत संरचना परिवर्तन नगरी समानता प्राप्त गर्न सम्भव छ भन्ने दावी गर्दछ (Abbott, 1997) ।

## ख) मार्क्सवादी महिलावाद

यो सिद्धान्त माक्सवादी सिद्धान्तसँग सम्वन्धित छ । सन १९८४ मा एङ्गेल्सको परिवार सम्पत्ति र राज्यको उत्पत्ति नामक पुस्तकले यस वादको विकासमा महत्वपूर्ण भूमिका खेलेको थियो । यस वादले समाजमा परस्पर दुई विरोधी वर्गका वीचको सम्बन्धलाई जोड दिन्छ । जसमा महिला सम्बन्धी प्रश्नहरू पनि समावेश भएका हुन्छन् । यसवादका अनुसार महिला दमन भनेको वर्गीय दमन हो । महिलाहरू समाजमा दमित भएर रहेका छन् । महिला मुक्ति एवं स्वतन्त्रताको संघर्ष पुरुषको विरुद्धमा नभई पूँजीवादी सामाजिक व्यवस्था विरुद्धको संघर्ष हो । समाजमा जबसम्म निजी सम्पत्ति रहन्छ तबसम्म महिला र पुरुष बीच असमानता रहने हुँदा निजी सम्पत्तीको अन्त्य गरी उत्पादन प्रणलीमा सामूहिक स्वामित्व कायम गर्न सकेमा मात्र महिला र पुरुष बीचको असमानता अन्त्य हुन्छ । पुरुषद्वारा महिला माथि गरिने दमन पुँजीवादी प्रणाली र पितृसत्तात्मक व्यवस्थाको पारस्परिक सम्बन्धको परिणाम हो । त्यसैले पितृसत्ता एवं पुँजीवादी व्यवस्थाका विरुद्धमा सामूहिक संघर्षको खाँचो छ । घरायसी कार्यलाई महत्व नदिनु, महिलालाई परिवारमा मात्र सीमित राख्नु, सार्वजनिक कार्यलाई जोडदिनु, पुरुष केन्द्रित मूल्य मान्यता प्रविधिलाई स्थान दिनु, महिलाहरूले राम्रो ज्याला, रोजगार नपाउनु, पेशा नहुनु पितृसत्ता र पूँजीवाद वीच सम्बन्ध रहेको धारणा मार्क्सवादी महिलावादको रहेको छ (Abbott, 1997 ) ।

## ग) आमूल महिलावाद

सन् १९६० को दशकपछि देखापरेको नारीवादी दोस्रो धार र पश्चिम जगतमा देखा परेको नव महिलामुक्ति आन्दोलनसँगै आमूल महिलावादको उदय भएको हो । यस वादले महिला र पुरुष एक अर्काका जैविक र मनोवैज्ञानिक विशेषताहरूले गर्दा फरक रहेका छन् । समाजमा महिला र पुरुषको बीचमा द्वन्द रहेको छ । यस्तो द्वन्दको मुख्य कारण पुरुष र उसमा निहित शक्ति हो । पुरुषको महिला दमनलाई आफ्नो जिम्मेवारी ठान्ने गर्दछ । परिवारलाई दमनको केन्द्रबिन्दु मान्दछ । महिलाले पुरुषलाई बहिष्कार गरी महिलासँग मात्र सम्बन्ध सृजना

गर्नुपर्दछ र महिला केन्द्रित सामाजिक, सांस्कृतिक विश्वको निर्माण गर्नुपर्दछ । यसले महिलाका लागि मत सम्बन्धी अधिकार, कानुनी सुधार आदि विषयसँग भन्दा बढी पितृसत्तात्मक समाजलाई भत्काउनु पर्ने कुरालाई जोडदिन्छ । व्यक्तिको जीवनमाथि अन्य कोही व्यक्तिको प्रभाव र दमन हुनहुँदैन । आफ्नो शरीरको नियन्त्रण गर्ने अधिकार स्वयम्मा हुनुपर्दछ । यसले पितृसत्तालाई शक्तिको स्रोत मानेको छ । परिवार पितृसत्ताको महत्वपूर्ण एकाई हो जसले पुरुषलाई महिलामाथि यौनिक, आर्थिक र मनोवैज्ञानिक दमन गर्न सहयोग गर्दछ साथै महिलामाथि हुने हिंसा,बलत्कारमा पितृसत्ताको हात रहेको छ (रिट्जर्ज १९९२) ।

## घ) समाजवादी महिलावाद

समाजवादी महिलावाद, उदारवादी महिलावाद र मार्क्सवादी महिलावादको समिश्रण हो । एलिसन जागरका अनुसार कार्लमार्क्स र एङ्गेल्सको ऐतिहासिक महिलावाद, आमूल महिलावादको लैङ्गिक दमन, पर्सनल इज पोलटिकल आदि अवधारणावाट समाजवादी महिलावादको उदय भएको हो । यो समाजशास्त्र, अर्थशास्त्र, राजनीतिशास्त्र, मनोविज्ञान लगायत विभिन्न बिषयबाट प्रभावित महिलावाद हो । यसले महिला अधीनताका महत्वपूर्ण तत्वहरूसँगै लैङ्गिक वर्गको पहिचान गर्नुपर्ने कुरालाई जोड दिन्छ । लैङ्गिक सम्बन्धलाई शक्ति सम्बन्धका आधारमा बुझ्नु पर्दछ साथै वर्ग जाति संस्कृति लगायत अन्य शक्तिका आधारमा विश्लेषण गरिनुपर्दछ । रोजगारीका क्षेत्रमा महिलाहरूलाई विभिन्न रोजगारीका अवसरबाट वञ्चित गर्नुका साथै न्यूनतम ज्याला दिइएको हुन्छ । समाजमा मुक्ति र दमनको अन्त्यका लागि संघर्ष गर्नुपर्दछ । महिला र पुरुषको समन्वयमा मात्र नयाँ समाजको सृजना सम्भव छ । सबै वर्गका महिला बीच सहकार्य गर्न सकेमा मात्र त्यस्ता असमानताको निराकरण गर्न सकिन्छ । पितृसत्ताको अस्तित्व निजी सम्पत्तिको उदय हुनुभन्दा पहिलेदेखि नै रहँदै आएको हो । निजी सम्पत्तिको अन्त्यँगै पितृसत्ताको अन्त्य हुन्छ भन्ने धारणालाई समाजवादी महिलावादले विश्वास गर्दैन । यो आर्थिक प्रणालीको पनि एउटा एकाइ हो । पितृसत्ता हरेक संस्थामा यौनमा आधारित श्रम विभाजन हुन र महिलाको अवस्था निम्न तहमा रहनु स्वाभाविकै हो (रिटजर्ज, १९९२) ।

### २.१.३ मार्क्सवादी सिद्धान्त

मार्क्सले समाज परिवर्तनशील छ । यसमा उत्पादन प्रणालीमा आउने परिवर्तनले सामाजिक आर्थिक परिवर्तनमा सहयोग पुऱ्याउँछ भन्ने विचार गरेका छन् । वर्गीय समाजको शोषक र शोषित बीचमा वर्ग संघर्षले नै समाज विकास हुँदै अगाडि बढ्छ भन्ने मान्यता छ । यसमा कार्लमार्क्सले समाज विकासको चरणका बारेमा ऐतिहासिक भौतिकवादी व्याख्या गरेका छन् ।

१) आदिम साम्यवादी युग वा जङ्गली युग
२) दास युग
३) सामन्ती युग
४) पुँजीवादी युग (साम्राज्यवादी युग)
५) समाजवादी युग
६) वैज्ञानिक साम्यवादी युग

यसरी समाज परिवर्तनशील छ । समाज अविकसितबाट विकसित समाजतर्फ अगाडि बढ्छ । पुरानो घुमन्ते जङ्गली युगवाट क्रमशः पशुपालन, कृषि र आधुनिक युगमा प्रवेश गर्दछ । जसले उत्पादन प्रणालीमा जोड दिई बसोबासमा स्थायित्व आउँछ । समाजमा बहुईश्वरवादी सामाजिक विश्वास विकास हुन्छ । उत्पादन प्रविधि र उत्पादन ढाँचाको परिवर्तनले सामाजिक परिवर्तन ल्यायो । सामन्ती युगमा सामन्त र भूदास दास, पुँजीवादमा पुँजीपति र मजदुर बीच वर्ग संघर्ष हुन्छ । यसले सामाजिक, राजनैतिक र आर्थिक उत्पादन ढाँचामा परिवर्तन ल्याउँछ । दास र सामन्ती युग क्रमशः रुढीवादी र ईश्वरवादी हुन्छ भने पुँजीवादी युगमा प्रविधिको विकासले परम्परागत उत्पादन ढाँचामा मात्रै होइन सामाजिक मूल्य मान्यता, धर्म संस्कारहरूमा पनि व्यापकता ल्याउँछ । पेसामा नयाँ नयाँ औधोगिक विकाससँगै अरु नयाँ धेरै सम्भावनाहरू देखापर्छन् तर सामन्ती युगमा जातीय प्रथा, जातिगत परम्परागत पेशा रहन्छन् । छुवाछुत अन्धविश्वास धार्मिक कुसंस्कारहरू रहन्छन् । ग्रामीण चरित्रको समाजमा कृषि प्रधान र हस्त निर्मित उत्पादन प्रणाली हुन्छ भने पुँजीवादी युगमा औद्योगिक विकास, भौतिकवादी विकास हुन्छ । जब समाज पुँजीवादमा प्रवेश गर्दछ तब पुराना जातिगत पेसा, खेती प्रणाली जस्ता उत्पादन ढाँचा छाडेर आधुनिक औधोगिक मजदुरी, व्यापार, वैदेशिक रोजगारी जस्ता पेशाहरू पूँजीवादीकरणसंगै आउने गर्दछन् ।वर्ग

संघर्षले गर्दा पूँजीवादी युग समाजवादी युगमा परिणत हुन्छ । यो ऐतिहासिक भौतिकवादी दृष्टिकोण हो (रिटजर्ज,२०००) ।

समाजका हरेक कृयाकलापहरूमा अर्थ र उत्पादनले महत्वपूर्ण भूमिका खेल्दछ । उत्पादन प्रकृयामा प्रविधि एवं उत्पादनका साधनहरूको महत्वपूर्ण योगदान रहन्छ । उत्पादन प्रणालीमा आएको परिवर्तनले सामाजिक, सांस्कृतिक संरचना, कला, साहित्य, धर्म, रीतिरिवाज, पेसा र सम्बन्धमा पनि परिवर्तन ल्याउँछ ।

यस दृष्टिकोणबाट हेर्दा दलित समुदाय सामन्ति शोषणको जालोमा परी विपन्न रुढीवादी भएका र पुँजीवादी प्रभावसँगै परम्परागत उत्पादन ढाँचा छाडी आधुनिक उत्पादन ढाँचामा लागेको देखिन्छ । दलित महिलाहरूको अवस्थामा आएको परिवर्तनलाई मार्क्सवादी दृष्टिकोणवाट अध्ययन गरिनेछ । पुँजीवादी व्यवस्थामा औद्योगीक उत्पादन ढाँचा शहरीकरण र आधुनिकीकरण प्रकृयाबाट त्यसै अनुरूपका रोजगारीका अवसरहरू देखा पर्दै जान्छन् भन्ने मान्यता यस सैद्धान्तिक दृष्टिकोणले राख्दछ ।

## २.१.४ पितृसत्ता

पितृसत्ता एक सामाजिक आस्था हो । जसले पुरष प्रधानतालाई मान्यता दिन्छ । पितृसत्ताले संरचनात्मक रूपमा नै परिवारका महिलाहरू, अन्य पुरुषहरू, केटाकेटी, वृद्धवृद्धा, असक्त र घरेलु कामदारलाई घरको मुख्य पुरुषको नियन्त्रणमा राख्दछ । पितृसत्तामा घरपरिवार, समाज र राष्ट्रको मुख्य रूपमा पुरुषहरू रहेका हुन्छन् । भारतीय महिला अधिकारवादी कमला भासिनका अनुसार पितृसत्तात्मक व्यवस्थामा महिलाहरूको उत्पादन, श्रमशक्ति, महलाहरूको प्रजनन शक्ति, महिलाहरूको यौनिकता, गतिशीलता र सम्पत्ति व्यवसाय तथा अन्य आर्थिक स्रोतसाधनमा पुरुषको नियन्त्रण हुन्छ ।

पितृसत्तात्मक व्यवस्थामा पुरुषहरूको स्थान उच्च हुन्छ । पुरुषका हातमा सामाजिक, आर्थिक धार्मिक शक्ति हुन्छ तर महिलाहरू शक्ति र अधिकारबाट वञ्चित हुन्छन् । फलस्वरूप नारीहरू पुरुषको इच्छा र चाहना अनुसार दबिएका हुन्छन् अनि शोषिएका हुन्छन् । महिला दमन र शोषण विश्वव्यापी रूपमा रहेको देखिन्छ । नेपालको सन्दर्भमा महिलाहरू पुरुष सरह सामाजिक, सांस्कृतिक अधिकारबाट वञ्चित रहेका छन् (भासिन, १९९३) ।

दलित महिलाहरूलाई पितृसत्ताले प्रत्यक्ष प्रभाव पारेको छ । अध्ययन क्षेत्रमा पनि पुरुष नै त्यो घरको सर्वेसर्वा भएको पाइएको छ । पहिला त सामाजिक कार्यमा, निर्णय प्रकृयामा, नेतृत्व पंक्तिमा दलितहरूको भूमिका न्यून भएको पाइन्छ । समाजमा दलितहरू घृणित व्यवहार सहन बाध्य छन् ।

## २.१.५ विश्व व्यवस्था सिद्धान्त

समाज र संस्कृतिको अध्ययन तथा आर्थिक सम्बन्धहरूको अध्ययन गर्नका लागि अन्तर्राष्ट्रिय वा अन्तरदेशीय सम्बन्धहरूको अध्ययन गरी त्यही वृहत ढाँचामा केन्द्रित भई विभिन्न देश र समाजको आर्थिक सम्बन्धको विवेचना गर्ने मोडेल वा सैद्धान्तिक ढाँचालाई विश्व व्यवस्था सिद्धान्त भनिन्छ । विश्वमा रहेका धनी विकसित देश र गरीब अविकसित देशका बीच आर्थिक सम्बन्ध र त्यसको परिणाम समाजमा देखिन्छ सोही तथ्यलाई बुझ्नका लागि विश्व व्यबस्थालाई प्रणाली र स्वरूप मानी यस भित्र रहेका देशहरूको सम्वन्ध अध्ययन मोडेल नै विश्वव्यवस्था दृष्टिकोण हो ।

सन् १९७० को दशकसँगै समाजशास्त्रमा यो सिद्धान्तको विकास भएको हो । जसमा वालेरस्टाइन, अमिर समिन, वारान, ए.जी.फ्रैंकले विश्व व्यवस्थाका बारेमा चर्चा गरेका छन् । विकासमा आधुनिकीकरण र विकास बृद्धिको सिद्धान्त अनुरूप अगाडि बढेको विश्व व्यवस्थामा आर्थिक विभेद व्यापक बनिसकेको छ । असमानता, गरिबी, अभाव, पछौटेपनजस्ता अवस्थाका कारण असमान आर्थिक सम्बन्ध बाहेक केही होइनन् । कुनै देशका जातजाति स्वयं आफ्नै कारणले गरीव र अविकसित भएका होइनन् । वर्तमान अवस्थालाई विगतको सन्दर्भसँग समेत तुलना गरी अध्ययन गर्नु पर्दछ ।

समाजको प्रत्येक तहमा असमान आर्थिक सम्बन्ध रहेका कारण नै ती स्थान, देश तथा समाज वीच असमानता र परनिर्भरता बढ्दै गएको छ । वालेरस्टाइनका अनुसार"प्रत्येक सामाजिक घटनालाई विश्व व्यवस्थाको सन्दर्भमा बुझ्नुपर्दछ । प्रत्येक सामाजिक घटनाहरू ती आफैंमा केही होइनन्" (रिटजर्ज,२०००) ।

यस सिद्धान्त अनुसार दलित (विश्वकर्मा र सार्की) जातिका महिलाहरूको पहिला र अहिलेको अवस्थाको विश्लेषण, उनीहरूमा आएको परिवर्तन र परिवर्तन आउनुका कारणहरूको विश्लेषण गरिनेछ । सन् १९५० को दशकभन्दा अगाडि नेपालको अर्थतन्त्र गुजारा प्रणालीको

रूपमा परिचित रहेको थियो । समाजमा विभिन्न पेसाहरू निर्धारण भएका थिए । परम्परागत कृषि प्रणाली, पेशाद्वारा नै मानिसले जीवन निर्वाह गरेका थिए । कृषि तथा व्यावसायिक पेशाका अतिरिक्त नेपालीहरू कामको खोजीमा भारतसम्म पुगेका थिए । जब नेपालमा प्रजातन्त्र आयो त्यसपछि दलितहरू खाडी मुलुकमा गएर आम्दानी गरी आर्थिकस्तर बृद्धि गरेका छन् जसले गर्दा परनिर्भरता कायम भएको छ ।

कृषिमा विकास वा कृषिमा आधुनिकीकरण गर्ने नाममा अवलम्बन गरिएका विभिन्न क्रियाकलापले कृषिमा नकारात्मक असर पारेको छ । उन्नत बिउविजन, प्रविधि, रासायनिक मलको प्रयोगले माटोको गुणस्तर एवम् उत्पादकत्वमा ह्रास ल्यायो । वास्तवमा यस्ता आधुनिक बिउविजन र प्रविधिहरू पुँजीवादी राष्ट्रबाट नै आयात गरिएको थियो । श्रमिकको स्थान प्रविधिले लिंदै गयो । गुजारामुखी व्यापारिक उत्पादनले बजारमुखी अर्थतन्त्रको स्वरूप लियो । दलित महिलाहरूको सम्बन्ध सामाजिक आर्थिक र शैक्षिक अवस्थासँग रहेकोमा उनीहरूको सामाजिक आर्थिक अवस्थामा कमजोर भएकोमा हाल उनीहरूको स्थितिमा आएको परिवर्तन आएको छ । जसलाई विश्व व्यवस्थाको सिद्धान्तसंग राखेर अध्ययन गर्न सकिन्छ ।

## २.१.६ सामाजिकीकरणको सिद्धान्त

### अ) इमाईल दुर्खिमको सामूहिक प्रतिनिधित्वको सिद्धान्त

दुर्खिमका सामाजिकीकरण सम्बन्धी विचारहरू उनको कृति समाजशास्त्र र दर्शनशास्त्रमा पाईन्छ । उनले सामाजिकीकरण सम्बन्धी आफ्ना विचारहरूलाई सामूहिक प्रतिनिधित्व र सामूहिक चेतनाका आधारमा अघि सारेको पाइन्छ । उनका अनुसार प्रत्येक समाजमा विचार धारणा र भावनाहरू हुने गर्दछन् । समाजद्धारा मान्य भएका हुनाले यस्ता भावना, धारणा र विचारहरूले सम्पूर्ण समूहलाई प्रतिनिधित्व गर्ने गर्दछन् । सुरुमा यस्ता विचार र धारणाहरूको सम्बन्ध व्यक्तिको चेतनासँग मात्र हुने गर्दछ तर पारस्पारिक अन्तरक्रियाको कारणले व्यक्तिगत चेतना सामूहिक चेतनामा परिवर्तन हुन जान्छ । यिनै सामूहिक चेतनाहरू वास्तवमा परम्परा धर्म रीतिरिवाज, प्रथा, आदर्श र मूल्यका प्रतिमानहरू हुन् । यस्ता प्रतिमानहरूलाई समाजका सबै सदस्यले पालना गर्दछन् । यिनीहरूलाई पालना गर्नु सबैको नैतिक दायित्वमा पर्दछ । समाजमा बस्दा एउटा व्यक्तिले यिनै सामूहिक प्रतिमानहरूलाई जान्ने, वुझ्ने, आत्मासात गर्ने र यसै अनुसार आचारण गर्न बाध्य

हुनुपर्दछ । यो प्रकृया नै सामाजिकरणको प्रकृया हो । यस अर्थमा सामाजिकीकरण प्रतिमानहरूको आन्तरिकीकरण र आन्तरिकीकरण नै सामाजिकीकरण हो (Rao, 2001) ।

### आ) जर्ज हर्वड मिडको आत्म सिद्धान्त

(Rao, 2001) का अनुसार अमेरिकाको सिकागो विश्वविद्यालयका दार्शनिक एवं मनोवैज्ञानिक हर्वड मिडले प्रतिपादन गरेको सिद्धान्त पनि सामाजिकीकरण प्रकृयाको महत्वपूर्ण सिद्धान्त मानिन्छ । उनी लेख्छन् प्रत्येक व्यक्ति धेरैजसो आफ्नो सामाजिक अन्तरक्रियाद्वारा आफूप्रति सजग हुने गर्दछ । यस अर्थमा प्रत्येक व्यक्तिले आफ्नो भूमिका निर्वाहको प्रकृयाबाट आफूलाई चिन्ने गर्दछ । उनको विचारमा व्यक्तिले समाज निर्माण गर्दछ किनकि उसमा मस्तिष्क र आत्मातत्व हुन्छ तर व्यक्तिको आत्मातत्व मूल रूपमा एउटा सामाजिक संरचना मात्र हुने गर्दछ । आत्मातत्वको सिर्जना व्यक्तिका सामाजिक अनुभववाट हुन्छ । एउटा व्यक्तिले उसको आत्मातत्वको सृजना पछिमात्र सामाजिक अनुभव सुरु गर्न थाल्दछ । सामाजिक प्रकृयाहरूको कारणले नै व्यक्तिमा सृजना हुने आत्मातत्वको माध्यमले त्यस व्याक्तिले अरु व्यक्तिहरूको विचार जान्न र बुझ्न थाल्दछ । परिवार र अन्य समूहको सम्पर्कबाट हुने सामाजिकीकरणले एउटा व्याक्तिले अरु मान्छेहरूको उसित कस्तो प्रकारको व्यावहारको अपेक्षा गर्दछन् भन्ने कुराका साथै उसका व्यवहारको अन्य मानिसले कस्तो अर्थ लगाउँछन् भन्ने वारे जान्दछ । यस प्रकार एउटा व्यक्तिको आत्मातत्व सामाजिक व्यावहारवाट प्रभावित हुने गर्दछ । यसलाई सामान्यीकृत अन्य (Generalized others) भनिन्छ । यसको अर्थ कुनै व्याक्तिको स्वयंका बारेमा राखेको धारणा हो र यस्तो धारणा अरु मान्छेहरूले त्यस व्याक्तिको बारेमा राखेको धारणा हो । यस अर्थमा अन्य व्याक्तिहरूले एउटा व्याक्तिको वारेमा लिएको निर्णयलाई त्यस व्याक्तिले आन्तरिकीकरण गर्नुलाई नै सामान्यीकृत अन्य भनिएको हो ।

(Rao (2001) का अनुसार मिडले आत्म चेतनाको विकास म र मलाई भन्ने बिचारवाट सिर्जना हुने बताएका छन् । यस सिद्धान्तमा उनले जम्मा पाँच तत्वहरू उल्लेख गरेका छन् ।

१) सामाजिकीकरण भनेको व्याक्तिको आत्मातत्वको समुचित विकास हो ।

२) आत्मतत्वबारे विकास अरु मान्छेहरूको सामान्यीकृत व्यवहारलाई निजी व्यवहारमा समावेश गर्नाले हुने गर्दछ ।

३) आत्मातत्वको विकासपछि एउटा व्याक्ति जैविक प्राणीवाट सामाजिक र आत्माचेतनाका रूपमा परिवर्तित हुन्छ ।

४) व्यक्तिको सामाजिकीकरणको मात्रा सामाजिक व्यवहारले उसको जैविकीय व्यक्तित्वमा पारेको प्रभाव अनुरूप हुने गर्दछ ।

५) व्यक्तिमा आफूमा र अन्य व्यक्तिहरूमा फरक देख्ने चेतना उत्पन्न हुनासाथ उसमा आत्मातत्व विकास हुन्छ । जसको आधारमा उसले अन्य व्यक्तिहरूप्रतिको व्यवहार निश्चित गर्दछ साथै थरिथरिका व्यवहार सिकेर आफूलाई सामाजिकीकरण गर्दछ ।

## २.२ व्यावहारिक अनुसन्धानको समीक्षा

संसारको इतिहासलाई नियाल्दा जन्म एवं व्यवसायमा आधारित जाति व्यवस्था प्राचीन यूनान, फ्रान्स, रोम, चीन, जापान आदि मुलुकहरूमा पनि थियो तर हाम्रो नेपालको जस्तो जातीय भेदभाव र छुवाछुत कंही पनि थिएन । यसरी संसारमा नै कहीँ कतै यस्तो व्यवस्था नरहेको र हाम्रो देशको भने सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक, सांस्कृतिक आदि पक्ष पनि अरु मुलुकको भन्दा भिन्न देखिन्छ ।

ईशा पूर्व १२०० को आसपासमा प्रारम्भिक रूपमा भएको श्रम विभाजन अनुसार चार खाले श्रमको आधारमा समाजलाई चार वर्णमा विभाजन गर्न थालिएको हो (अम्वेडकर, १९९९)। इतिहासको कालक्रमसँगै श्रमका आधारमा विभाजित वर्ण व्यवस्था झाँगिंदै गयो । फलतः आज भारत र नेपाली समाजमा विभिन्न वर्ग र जातजातिको श्रृङ्खला विस्तार भएको हो । यस सम्बन्धमा अम्वेडकर लेख्नुहुन्छ छुवाछुत तथा सामाजिक भेदभावको नीति तय गर्ने क्रममा भारत भ्रमण आएका (ईवाङ ईसन् ६२९) वर्णनलाई भरपर्दो आधार मान्दै त्यस बेलासम्म भारतीय समाजमा छुवाछुत जन्मिसकेको थियो भन्दै खास गरी यो प्रथा ईसन् ४०० देखि ६०० सम्ममा भारतीय उप महाद्वीपभरि झाँगिएको प्रमाणित गर्नु भएको छ ।

महिला वनाउन शिक्षाले दुई धारमा चिन्तन दिन्छ सामाजिक लिङ्ग पहिलो धार हो भने नारीवाद दोस्रो धार हो । पहिलो धारले समाजलाई दोषी गराउँछ, पितृसत्तात्मक सोचलाई दोष लाउँछ । दोस्रो धारले अनेकौं दोषी पहिल्याउँदछ । उदार नारीवाद धारमा महिला र पुरुषलाई समशक्ति नमान्ने व्याक्ति, समुह र संरचना दोषी हो । मार्क्सवादी नारीवादमा राज्य दोषी हो । महिलालाई शक्ति, सत्ता र शिक्षासँग छुट्याउनेहरू दोषी हुन् । उग्र

नारीवादी धारामा र यौन चिन्तन र त्यसको बलमा नारीलाई दबाउने पुरुष दोषी हो । अल्पसंख्यक नारीवाद (अफ्रिकी महिला, एसियाली महिला, ल्याटिन अमेरिकी महिला, आदिबासी महिला, दलित महिला) मा जातीय चिन्तन दोषी हो । आर्थिक स्वरूप दोषी हो । समलिङ्गी नारीवादमा विसमलिङ्गी यौन प्रणेता र प्रवक्ताहरू दोषी हुन् । ओषतन चिन्तनहरू दोषी हुन । (युनेस्को, २००५) को सोचमा सामाजिक लिङ्ग र फराकिलो पितृसत्तात्मक सोचहरू दोषी हुन् । पुरुषलाई नामर्द बन्न नदिने पितृसत्तात्मक सोच, महिलालाई मर्द बन्न नदिने सामाजिक सोच । समलिङ्गी र नारीवादीका शब्दमा महिलाको मर्दत्व नबुभ्नेहरूको सोच । उनीहरूको मर्दत्वले खोज्ने यौन चाहना नचिन्नेहरूको सोच दोषी हो (कोइराला, २०६३) ।

महिलालाई महिला जात वा महिलाको जात र पुरुषलाई पुरुष जात वा लोग्ने जात गरी बुझिने गरिएको र महिलालाई पुरुषको तुलनामा अशुद्ध मानिएको छ । सामाजिक लिङ्ग निर्माणको प्रकृयामा सामाजिक र सांस्कृतिक पक्षको प्रभाव पर्छ । विशेष गरी महिनावारी तथा बच्चा जन्माउँदाको समयममा महिलालाई अशुद्ध रूपमा हेरिन्छ । जसले गर्दा महिलालाई पुरुषभन्दा निम्नस्तरमा हेरिन्छ भने अर्कातिर तल्लो जातका महिलाहरूको तुलनात्मक रूपमा कम सामाजिक प्रतिष्ठा भएको र अशुद्धताको स्थिति तल्लो जात भएकाले अझ बढी छ । तल्ला जातका महिलाहरू जातिगत आधारमा पनि तल छन र जातीय विभेदले पनि झन पछाडि परेका छन् । तल्ला जातका महिला प्रतिको विभेद, असमानता, अशुद्धता स्तरीकरणलाई सामान्य लैंगिक आधारमा मात्र विश्लेषण गरेर पुग्दैन् । यसलाई जातीय आधारमा रहेको सम्बन्धको विश्लेषण आवश्यक छ । यसका साथै समग्रमा दलित महिलाहरूको सम्पत्ति माथि कम पहुँच भएकोले लैङ्गिक भूमिकामा यसले महिलालाई कमजोर पारेको छ (क्याम्रोन, १९९८) ।

भेदभाव तथा छुवाछुतका अभ्यासहरू नेपालमा गैह्र कानुनी छन् तर मुलुकका धेरै भागमा हिन्दू जाति व्यवस्थाभित्र सबैभन्दा तल्लो तहमा रहेका कथित दलितहरूलाई समाजमा अन्य मुलुकहरूले जस्तो अधिकार तथा स्वतन्त्रताको उपभोग गर्न नसक्ने 'अछुत' को रूपमा व्यवहार गर्ने गरिएको छ । यस्ता अभ्यासहरू गैरकानुनी भए पनि सांस्कृतिक तगाराहरू संरचनागत गरिबी र प्रहरी अन्य राज्य अधिकारीहरूले गरेको अपर्याप्त कारवाहीले पीडितलाई न्याय प्राप्त गर्नवाट वञ्चित गरेका छन् । यस बाहेक भेदभावको मुद्दालाई

उपयुक्त तरिकाले सम्वोधन गर्न तथा जातीयताको आधारमा भेदभाव गर्नेहरूलाई सजायँ दिने उपयुक्त कानुनी संरचनाको अभाव पनि यस सम्बन्धमा प्रगति हासिल गर्न थप अवरोध बनेको छ (खुलेर  बोलौं विभेद रोकौं, २०६७) ।

## क)   नेपालमा जातपात र छुवाछुतको उत्पत्ती

नेपालमा जातपात र छुवाछुतको उत्पत्ति ईशा.पू.३००० देखि २५०० वर्षअघि वर्णव्यवस्थाको प्रतिपादन भएको हो । ईशापूर्व १५०० तिर वेदको रचना भएको थियो भने ईशापूर्व ५०० सम्म आइपुग्दा ब्राम्हणहरूले “वेदान्त” दर्शन तयार गरे । तत्पश्चात् विष्णु पुराण (५/११), व्यास स्मृति (१/११/१२), अपधस्त धर्मशुत्र (२/१/८), मनुस्मृति (१०/५१/५६) लगायतका ब्राम्हण गन्थहरूमा कतिपय श्रमिक तथा कलाकर्मीहरूलाई समाजमा नीच तथा अपवित्र घोषित गरियो । जन्मकै आधारमा मान्छेलाई उचनिच, पवित्र-अपवित्र ठान्ने वर्णाश्रम धर्म नै कालान्तरमा हिन्दु धर्ममा परिणत भयो । जसले वर्णभित्र पेसाका आधारमा उपवर्ण सिर्जना गरी जातिलाई पेसासँग जोड्ने काम गरयो । यसरी खास खास पेशा,व्यावसाय एवम् कला क्षेत्रका समुदायलाई चौथो वर्णबाट धकेलेर अतिशुद्र, अजात र समाजबाट बहिष्कृत गरी अपवित्र-अछुत वनाउने काम भयो ।

भारतीय उपमहाद्धीपमा लामो समयसम्म चलेको ब्राम्हण र क्षेत्रीयहरूको सत्ता संघर्षमा शुद्रहरू थप पेलानमा परे मौर्य वंशका राजा वृहदरथलाई उनका ब्राम्हण सेनापति उनका पुण्य मित्र सुङ्ले ईशापूर्व १८४ मा हत्या गरी ब्राम्हण राज्यको पुनर्स्थापना गरी १८५ मा सोको वैधानिकताका लागि मनुस्मृति लेखियो । मनुस्मृति लेखिने समयसम्म छुवाछुतको प्रचलन नभएको डा.अम्वेडकरको दावी छ । गुप्तकाल (ई.सा.३००-५००) मा  ब्राम्हण तथा बौद्धहरू बीच पुनः सत्ता संघर्ष चर्कियो त्यहीबेला वर्तमानको हिन्दू धर्मको स्वरूप तय भयो । अनि ब्राम्हणहरू चिरकालसम्म आफ्नो जातीय श्रेष्ठता एवम् हैकमतन्त्र टिकाउने गुरुयोजनाका रूपमा जातपात र छुवछुत प्रथा चालू गरे । सन ४०० को छेउछाउमा आफ्नो विरुद्धमा लागेका शुद्रहरू, वौद्धहरू एवं आफ्नो हैकमवाद नस्वीकार्ने क्षेत्रीयहरू समेतलाई जातिच्यूत गरी अछुतको दर्जामा राखियो । त्यसलाई ईशाको दोस्रो शताव्दीमा भारतमा मुसलमान शासकका आक्रमण अगाडि टिक्न नसकेका भारतीय भगौडा हिन्दू शासकहरूले आफ्ना शासकीय विरासतका रूपमा नेपाल भित्रयाएका जातीय छुवाछुत व्यवस्थालाई नेपालमा मानदेव अंशुवर्मा, जयस्थिति मल्ल र रामशाहले लागू गरेका र पृथ्वीनारायण

शाहले यसलाई बढी व्यापकता प्रदान गरेका हुन् । सन् ४०० पछि भारतबाट लखेटिएका पुरेतहरूले तत्कालिन नेपालको तराई प्रदेश हुँदै पहाडी प्रदेश र वाग्मती उपत्याकामा छुवाछुत भित्रयाएका थिए । पछि काठमाण्डौका जयस्थिति मल्ल र गोरखाका राजा राम शाहले यसलाई संस्थागत गर्दै गए । २३७ वर्ष पूर्वराजा पृथ्वीनारायण शाहले नेपाल एकीकरणको नाममा जातपात, छुवाछुत र हिन्दू राष्ट्रलाई संस्थागत गरे ।

नेपाली दलित समुदायको नमूना भारतीय हिन्दू वर्ण व्यवस्थाको एउटा रूप हो जो नेपालमा अन्य हिन्दू जातीहरूसँगै प्रवेश गरेको पाइन्छ । त्यही वर्णव्यवस्थालाई तत्कालिन राजा सुरेन्द्र विक्रम शाहको पालामा जङ्गबहादुर राणाले वि.सं.१९१० सालमा छुवाछुतलाई अनुलङ्घनीय कानुन बनाएका हुन् । लामो समय (वि.सं.१९६५) सम्म केही उच्च जातीय समूहहरू पनि हिन्दू प्रणालीको जात झार्ने अभ्यास अनुसार दलित हुने चलन थियो । मानिसहरूलाई छुत र अछुतको रूपमा कानुनी तवरले नै विभाजन गर्ने कार्य पूर्णतः हिन्दू वर्ण व्यवस्थामा आधारित रहेको पाइन्छ जसले मानिसहरूलाई ब्राम्हण, क्षेत्री, वैश्य र शुद्रमा विभाजन गरेको छ । चार तहमा विभाजन गरिएको कथित जातीय श्रृङ्खलामा दलित वर्गलाई सबैभन्दा तल्लो जातको रूपमा राखेको पाइन्छ । परिणाम स्वरूप नेपाली समाजमा छोइछिटो, सार्वजनिक क्षेत्रमा प्रवेश निषेध, अन्तरजातीय विवाहमा रोक, अछुतले शिक्षादीक्षा लिन नपाउने, घोडा चढ्न नपाउने, ठूलो घर बनाउन नपाउने, यौन शोषित हुनुपर्ने जस्ता मानव अधिकारका आधारभूत सिद्धान्तमा वञ्चित हुनुपर्ने स्थिति सृजना भयो । पुरानो वैधानिक कानुनले स्वरूप र जातीयताका आधारमा न्याय र सजायंको व्यवस्था गरेकोमा नयाँ मुलुकी ऐन २०२० लागु नहुँदासम्म सो व्यवस्था  कायम रहेको पाइन्छ । वि.सं.२०२० सालमा ऐनलाई संशोधन त गरियो तर छुवाछुत व्यवस्थालाई दण्डनीय बनाइएन तसर्थ सामाजिक व्यवहारमा छुवाछुत यथावत् रह्यो र राज्यले पनि संरक्षण गऱ्यो । नयाँ कानुनी व्यवस्थाको निर्माण तथा प्रजातन्त्रको पुर्नस्थापनाका वावजुद नयाँ युगमा समेत जातीय विभेद समाजमा विद्यमान रहेको पाइन्छ ।

नेपालमा ऐतिहासिक तथा प्राचीन समयदेखि नै वर्ण व्यवस्था थियो । लिच्छवी कालमा ब्राम्हण, क्षेत्री, वैश्य, शुद्र रहेका थिए । समाजमा विभिन्न कार्यहरू वर्ण व्यवस्थाका आधारमा गरिन्थ्यो । मल्लकालमा पनि वर्ण व्यवस्था अस्तित्वमा थियो । मल्लकालीन राजा जयस्थिति मल्लले त यसलाई अझ बलियो बनाउन महत्वपूर्ण भूमिका खेले । वर्ण तथा जातीय

व्यवस्थामा वर्गीकरण गरी विभिन्न नियम प्रचलनमा ल्याए । शाहकालीन राजाको चार वर्ण छत्तीस जातको फूलबारी भन्ने उद्धरणले त नेपाली समाजलाई अझ बढी एकताको मार्गमा लम्कायो । सबै नेपालीलाई बलियो बनायो । वास्तवमा वर्ण व्यवस्था विभिन्न मानिसहरूले अवलम्बन गर्दै आएको पेशा तथा वंशको आधारमा निर्माण भएको पाइन्छ । नेपालमा जस्ता कानुन ऐन विगतमा बने ती सबैले वर्ण व्यवस्थालाई निरन्तरता दिए, संरक्षण गरे । मुलुकी ऐनमा पनि जातिय व्यवस्था स्तरीकृत रूपमा देखिएको छ । मुलुकी ऐनले जातीय शुद्धतालाई अगाडि सारेको छ । जातीय संरचनामा अशुद्धता आएमा विभिन्न सामाजिक संस्कारगत कार्य गर्नु पर्दछ । बौद्ध मार्गी, शिवमार्गी एवं हिन्दू मार्गीको बाहुल्यता रहेको नेपालामा विभिन्न सामाजिक सम्बन्ध तथा व्यवहार पनि जातिगत समूहभित्र बढी चल्दछन् (शर्मा, १९८८) ।

राजा जयस्थिति मल्लले जातै पिच्छे अनेकौं नियम चलाए । जस्तै पहिरनको विषयमा कसाई जातले वहाँ काटेको लुगा लगाउने, पोडे जातले टोपी, लबेदा, जुत्ता सुनको गहना नलगाउने । कसाई, पोडे, चर्मकारले झिंगटीको छाना नबनाउने, यस्ता घरमा नबस्ने फेरि आफू भन्दा ठूला जातकालाई साना जातले आदर गर्नु भन्ने नियम चलाए (बूढाथोकी, २०३९) ।

## ख) नेपालका दलित समुदायको अवस्था

नेपालमा दलित समुदायको अवस्था लामो समयदेखि हिन्दु अधिराज्यको रूपमा रहेकाले राज्यको मूल्य र मान्यता हिन्दू नै रहिआएको छ । नेपालीहरूको सामाजिक, आर्थिक, अवस्था समेत जातीय श्रृङ्खलामै आधारित छ । दलितहरूको जनसंख्या उल्लेख्य रूपमा हुँदाहुँदै पनि समाजमा उनीहरू निरन्तर सामाजिक विभेद र मानव अधिकारबाट वञ्चित हुन पुगेका छन् । दलितहरूको संरक्षणको सन्दर्भमा कानुनको कम कार्यान्वयन हुने गर्छ । नेपालमा दलितहरू माथिको विभेदका घटना अहिले पनि घटिरहेको हामी प्रत्येक दिन सञ्चार माध्यमबाट सुनिरहेका हुन्छौं । सामाजिक विभेद, दमन र सरकारी उदासीनताको शक्तिशाली संयोजनका कारण उनीहरू समाजमा दोस्रो दर्जाको नागरीकका रूपमा बाच्न वाध्य छन् । डा.कृष्ण बहादुर भट्टचनका अनुसार अहिले पनि नेपाली समाजमा २०५ किसिमका जातीय विभेद कायम छन् । तीमध्ये ५४ वटा निषेध वा अस्वीकार सम्बन्धी, ९ वटा भेदभावपुर्ण बाध्यात्मक मजदुरी सम्बन्धी, २० वटा हेप्ने, पेल्ने तथा आधिपत्य जमाउने सम्बन्धी, २० वटा अत्याचारसँग सम्बन्धी, ३ वटा सामाजिक बहिष्कारसँग सम्बन्धित, १८ वटा

दृष्टिकोणीय छुवाछुत र ८१  वटा विभिन्न क्षेत्रका विभिन्न विभेद रहेका छन् । अधिकांश दलित समुदाय हिन्दूधर्मावलम्बीहरूबाट नै शोषित, वहिष्कृत र तिरष्कृत भएका छन् । नागरिकको हैसियतले राज्यवाट प्राप्त गर्ने स्रोत र साधन उपभोग गर्न विभेद त छँदैछ, प्राकृतिक स्रोत साधन उपभोग गर्नबाट समेत वञ्चित छन् । दलितहरूलाई अपमानित गर्ने होच्याउने तथा घृणा गर्ने मनोवृत्ति समाजमा अझै कायमै छ ।

दलितहरूले गैरदलितको घरायसी कार्य गरिदिएबापत सीमित मात्रामा खाद्यान्न र अन्य वस्तुहरू प्राप्त गर्ने गर्दछन् जसलाई परम्परागत रूपमा "बालीघरे प्रथा" का रूपमा चिनिन्छ । बालिघरे प्रथावाट प्राप्त हुने खाद्यान्न सीमित हुने हुँदा वर्षभरि पेट पाल्न नपुग्दा अतिरिक्त खाद्यान्नको व्यवस्था गर्दा अधिकाँश दलितहरू ऋणमा डुब्ने गरेका छन् (वि.के., २०६९) ।

सदियौंदेखि पशुलाई भन्दा तल्लो दर्जाको अमानवीय व्यवहार, घृणा, तिरस्कार, अन्याय, अत्याचार, शोषण, दमन र विभेदपूर्ण व्यावहार गर्दा पनि न्याय तथा मुक्तिका लागि उत्पीडित दलितहरूले कहिल्यै हतियार उठाएनन् । कहिल्यै हिंसा मच्चाइएनन् । कहिल्यै साम्प्रदायिक दंगा भड्काएनन् । कहिल्यै अछुत राज्यको माग गरेनन् । कहिल्यै यो राष्ट्रको विखण्डनको कल्पनासम्म गरेनन् । उत्पीडित दलित समुदाय सधैं राष्ट्रिय एकता र अखण्डताको पक्षमा दृढ रहिरह्यो । निरन्तर संघर्ष र योगदान गरिरह्यो, (विश्वकर्मा, २०६८) । जातीयता स्वभावैले वंशगत हुन्छ । यो जन्मको आधारमा निर्धारण गरिएको अपरिवर्तनीय स्वभाव र सोंचमा अडेको हुन्छ । जात तथा जातीयताले कठोर सामाजिक प्रचलन र प्रणालीलाई अंकित गर्दछ । सिंगो समाजलाई विभिन्न समुदायमा विभाजन गरी विवाह, वंश र पेसाको निर्धारण गर्दछ । जातीय प्रणलीलाई बसोबास खानपान कामकाजमा सीमाङ्कन तथा सुनिश्चितता बहिष्कार र तिरष्कार बढाउँदै लैजान्छ र द्वन्द्वको स्थिति सृजना हुन्छ । जातीय विभाजनबाट कथित तल्लो जातमा पारिएका मानिसहरू शारीरिक रूपमा एउटै हुन्छन् । यहाँ कालो र गोरोको मात्र समस्या होइन बरु चरम आर्थिक शोषण र गरिबीको कारण सामाजिक चेतना उठ्न सकेको हुँदैन । यसैले सामाजिक स्तर वृद्धि गर्ने सवालमा पूर्ण रूपमा बाधा पुऱ्याएको हुन्छ । जातीय विभेद र जातीवाद वंशगत रूपमा जन्मको आधारमा गरिने हुनाले यो विदेशी मुलका नागरकप्रति त्यत्तिकै केन्द्रित हुन्छ (लाम्गादे, २०६१) ।

समाजमा विद्यमान जातजाति र छुवाछुत प्रथाको इतिहास जति पुरानो छ यस विरुद्धको आन्दोलनको इतिहास पनि त्यत्तिकै लामो छ किनकि, क्रिया र प्रतिक्रिया प्राकृतिक नियम हुन् । जातपात र छुवाछुत विरुद्धको आन्दोलनले लामो समय पार गरेर आजको २१ औं शताब्दीमा विज्ञान र प्रविधिको वैज्ञानिक युगमा आइपुगेको छ । न्याय, समानता, स्वतन्त्रता र मानव अधिकारको आन्दोलनले विश्वव्यापी रूपमा सफलता हासिल गर्दै गरेको वर्तमान अवस्था ०६२/६३ को लोकतान्त्रिक जनआन्दोलनको सफलतासँगै मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भई जातीय भेदभाव र छुवाछुतमुक्त राष्ट्र घोषणा भएको छ तर व्यवहारमा लागू भएको छैन । दिनहुँजसो सञ्चार माध्यमबाट जातीय विभेदका घटनाहरू सुन्नमा आइरहेका छन् भने चूलो छोएको आरोपमा दैलेखका मनवीर सुनारको ज्यान गएको छ । नेपालमा जातीय आन्दोलनलाई हेर्ने दृष्टिकोणमा एकरूपता आएको छैन । यो आन्दोलन उत्पीडित गरिब समुदायको चासो र सवालको विषय हो भन्ने भ्रम कथित उपल्ला जाति र धनी भनाउँदा कतिपय सुन पसलेवालाहरूको समेत रहेको छ । राज्यले नै छुवाछुत मुक्त राष्ट्र घोषण गरिसक्दा पनि व्यवहारमा लागू नहुनु भनेको राष्ट्र विरोधी कार्य हो यो राष्ट्रको लागि चुनौतीपूर्ण छ यसर्थ यो आन्दोलनका सवालमा देखिएका भ्रम र वास्तविकताको उजागर गर्न जरुरी छ ।

## ग) नेपालका दलित जातिको पहिचान

मानिसको उत्पत्तिवाट नै जातजातिवीच भेदभावको भावना भएको पाइँदैन । त्यसबेलाको समाजमा आफ्नो गुण योग्यताका आधारमा विभिन्न पेसागत कार्यहरू गर्दै आएका भए तापनि न त व्यवस्था थियो न त कुनै जातिका कारणले मानिस मानिस विचमा उचनीचको व्यवस्था नै थियो । हिन्दू धर्म ग्रन्थका अनुसार एउटै 'विश्वरूप'का अवयवबाट चारै वर्णको उत्पत्ति भएको हो । पुरुषको मुखबाट सर्वप्रथम ब्राम्हणहरूको उत्पत्ति भयो । पाखुराबाट क्षेत्री निस्के, जाँघबाट वैश्य र खुट्टाहरूबाट शुद्र जन्मे (खत्री, २०४४) ।

एघारौं शताब्दीपछि मुसलवानहरूको आक्रमणबाट बाँच्नका लागि भारतका हिन्दूहरू नेपालको पहाडी भागमा प्रवेश गरे पश्चात् खेती, व्यापार र उद्योगका निम्ति काठमाण्डौ उपत्यका आएको र त्यसै अनुरूप श्रम विभाजन पनि यहाँ नै सबै भन्दा बढी विकसित भएकाले सबभन्दा पहिले लिच्छवी कालको आखिरमा वर्ण विभाजनको व्यवस्था नेपालमा पस्यो भने राज्य स्तरमा वर्ण व्यवस्थालाई व्यवस्थित गर्ने काम नेपालको मध्यकालमा

जयस्थिति मल्लको पालामा काठमाण्डौ उपत्यकामा नै भएको देखिन्छ । भारतमा मुसलमानसँगको युद्धमा हार खाएर ज्यान जोगाउनका निम्ति नेपालको पूर्वी भागमा भन्दा पश्चिमी भागमा चरम सीमामा भेटिन्छ । नेपालका दलित जातीहरूमध्ये पहाडी मुलका दमाई, कामी, सार्की, गाइने र बादी तथा मदेसी मुलका मुसहर, चमार, खत्वे, दुसाध र धोबी आदिलाई मानिन्छ । साथै काठमाण्डौ उपत्यकाका पोडे, च्यामे, कुसले, कसाई, हारहुरे आदि पनि दलित मूलका मानिस हुन् (विश्वकर्मा, २०५७) ।

हिन्दू धर्ममा जातीय वर्गीकरणका आधारमा विभिन्न कामहरू विभाजन गरिएको छ । मनुस्मृतिमा उच्च जातिले आर्थिक उत्पादन हुने कडा काम गर्न हुँदैन भन्ने कुरालाई जोड दिइएको छ । भागवत गीतामा मानिसले प्रतिफलको आशा नगरी काम गर्नु पर्दछ भन्ने कुरालाई उल्लेख गरिनुले मानिसले कामलाई जोड दिएनन् । फलस्वरूप प्रगति हुन सकेन । समाज परम्परागत रूपमा अगाडि बढ्यो (बिष्ट, १९९८) ।

**सुन, फलाम र तामाको काम गर्ने समुदायहरू :** विश्वकर्मा जातिहरू गरगहना, हातहतियार, भाँडावर्तन आदि निर्माण गर्ने र अन्य श्रम सीपका क्षेत्रमा संलग्न समुदायः पानी अचल जात भनिएका मध्ये आफूलाई सबैभन्दा उच्च ठान्ने यो समुदायमा कामी सुनार, लोहार, विश्वकर्मा, सोव, स्नेही आदिमा चिनिन्छन् । यसमा उनीहरूले गर्ने कामअनुसार जात विभाजन गरिएको छ । जस्तै :-सुनको काम गर्ने सुनार, फलामको काम गर्ने कामी, तामा पित्तलको काम गर्ने टमटा आदि । यसैगरी यो समुदायभित्र विभिन्न थरहरू रहेका छन् । आग्री, आचार्य, आफलधोती, ओड,कसरा, काललोहार, कालीकोटे, कालीराज, गदाल,गहतराज (गहते), कुमार्की, कैनी, गिरी, गोतामे, गावा, कोली, कोईराला, खड्काथोकी, घतानी (घताने), घमाल, खपाङ्गी, खात, घर्तीघिमिरे, घामछत्ल, गमरेल, गदाईली, चुनार, छिस्तल, जाडकामी, ताम्रकार, ठगुन्ना, टमटा, नगरकोटी, निरौला, नेपाल, पन्थी, पल्लय, पराजुली, पहरी, पाध्यवती, पार्की (पाग्री) पोखरेल, पोर्तेल, पौडेल, बराल (वराइली, वराली), वुचेभाले, वास्ताकोटी, श्रीपाली, दियाली, दूधराज, भट्ट, भट्टराई, भूषाल, भुल, माहिलीपार, महरा, रसाइली, रहपाल, राजीलौहार, सापकोटा, सुनच्यारी, सुनधुवा, सिगाउरे, सिजापती, सेतीपार, सेतीसुरुवाल, सेतीमहर, रामदाम, रिजाल, ल्वाहागुन, साहशंकर, (सदाशंकर) शेरेला, सोनाम, हेमच्यूरी, तिरुवा, लाम्गादे, सोव, रुचाल आदि ।

**लुगा सिलाउने र वाजा वजाउने पेशामा संलग्न समुदाय** : यस समुदायमा लुगा, सिउने सुचीकार, दमाहा वजाउने दमाई, ढोल वजाउने ढोली, हुड्को वजाउनेलाई हुड्के भनिन्छ । सुरुमा दमाहा बजाउनेलाई दमाई भनिन्थ्यो तर अहिले लुगा सिलाउनेदेखि बाजा बजाउने सम्मलाई दमाई भनिन्छ । यसलाई पूर्वमा दमाई र पश्चिममा ढोली भनिन्छ । यस समुदायमा निम्न थरहरू रहेका छन्: अधिकारी, अससाय, आउजी, कनाल, (कँडेल), कटुवाल, कार्कीढोली, (मुडुला, सुतार, लामा, दुलाल) कालाखेती, कोइराला, खतिवडा, खाती, गुइदे, घतानी, घले, गुरुङ्ग, चाहार, चुँहान, जैरु, ठगुन्ना, ठटाल, डौडे, ढ्याकी, तिवारी, त्रिखत्री, थापा, दनोल, दास, नगर्ची, नेगी, नेपाल, नौवाग, चुडाल, पन्त, पाँचकोटी, पोखेल, बर्देवा, बागचन्द, बागदास, बैजु, वूढाथोकी, भण्डारी, भट्टराई, भित्रीकोटी, भूसाल, मगर, मोते, महरा, माले, रजवार, रनपैली (रणपैली, रणपहेली), रना, राई, राईगाई, रैका, रयाईंभ्याईं, लाप्रे, लामघाते, लुईंटेल, शिलाधर, सुनाम, सुन्दास, सुन्चेउरी, शाहीसमुन्द्री (साई, साईसमुन्द्री, समुन्द्रशाही) सुजी, हिङ्गमाङ्ग, हुड्के, अपटारया, घलेक, भेडीकार, वेटुवा, ढराल, रेतन, विटालु, नगरकोटी, याग्ने, गौतम (गोतामे) शिवा, भेडे शिवा, कुखुरेशिवा, सुँगुरे शिवा, दमाई परियार, रत्नपरियार, अछामे परियार, छिनाल परियार, थाकपरियार आदि ।

**छालाका काम गर्ने समुदाय** : यो समुदायलाई समाजमा सार्की चर्मकार, मिझार, भनेर चिनिन्छ । पूर्वी नेपालमा केही संख्यामा पाईने यमे समुदाय काठमाण्डौ उपत्यका र सुदुचमाञ्चलमा बढी पाइन्छ । यो समुदायका निम्न थरहरू रहेका छन् । अच्छामी (अछामी), उपरकोटी, उप्रेती, कमार, किसान, खतिवडा, गिरी, गैरे, गेरीपिपल, माथे, घिमिरे, चन्द, गोतामे, चुडाल, चुहान, ठगुन्ना, छमार्की, ठाकुररस्य, ठडराई, डाले, तोलाङ्गी, थाक, थपलिया, थापा, दाउलाकोटी, धोलाकोटी, दावे, दाहाल, दुलाल, धमेल, धमला, नधाली, पऐली, पुकोर्टी, पुलामी, पौडेल, बसेल, बमरेली, वयलकोटी, विशुन्खे, बस्ताकोटी, बोगटी, भग्याल, भेयल, भूल, भुर्तेल, भिपाल, मग्राती, मजाकोटी, मजावोटी, माल्बुल, माल्वोक, मुदेल, रम्तेल, रुचाल, राउत, कोइराला, रोका, लमजेल, लम्साल, शाही, श्रीमाली, सिरौते, सुर्खेती, संयल, सेजवाल, हमाल, हिताङ्ग आदि ।

**गीत गाईने समुदायः** सारङ्गी बजाउँदै गीत गाएर हिड्ने समुदाय जसलाई गाइने भनिन्छ । यो समदाय आफूलाई नेपाली उपनामले पनि चिनाउने गर्दछ । यो समुदायको मूल थलोको रूपमापश्चिमाञ्चल र मध्यपश्चिमाञ्चलका केही जिल्लाहरूलाई लिइन्छ । यो समुदायका

थरहरू यस प्रकार रहेका छन् :- अधिकारी, कामी, कालाकौशिक, काला पौडेल, कालीचन, गासाई, जोगी, ठकुरी, बाहुन, बूढाथोकी, बैकार, बाध्यकार, बेष्ठ, बिष्ट, बोगटी, भुषाल ( पर्वते) महेश्वर, विश्वकर्मा, विष्णुपद, राईसमुन्द्र, सुरसमान, सेतापर्वते, सेतिचन, कुकचिन, राना आदि ।

**वादी समुदाय :** पूर्वी नपालको भोजपुर, तेह्रथुममा फाट्टफुट्ट पाइने यो समुदाय मरेको पशुको छाला काढ्ने, मादल ढोलक आदि बजाउने, मादलमा खरी लगाउने काम गर्दछन् । पश्चिम नेपाल (हाल दाङ, तुलसीपुर, नेपालगञ्ज) मा यो समुदाय प्रशस्त पाईन्छ । यो समुदायका महिला देह व्यापारमा संलग्न छन् । यिनीहरू, चिलिम, हण्डी, गाग्रीजस्ता भाँडा तयार गर्छन् । यिनीहरू झण्डै दुई लाखको हाराहारीमा रहेको पाइन्छ । यो समुदायका निम्न थरहरू रहेका छन् :-खाती, रसाइली, थापा, लेकाली, छिनाल, बराल, ठाकुर, राना, कुमाल, खड्का, जोगी, बोटे, उपाध्याय, रिसाल, सिंह, श्रेष्ठ, पौडेल, अधिकारी, कामी, दमाई, बादशाह, खान, धिताल, निरौला आदि (राष्ट्रिय दलित आयोग, २०६०) ।

## घ) दलित उत्थान सम्बन्धी राज्यले गरेका व्यावस्था

आजभन्दा ५ दशक पहिला २०२० मा वनेको मुलुकी ऐनले जातीय विभेद र छुवाछुतलाई कानूनी रूपमा निशेध गरेको छ । २०४७ को संविधानले जातीय भेदभाव र छुवाछुतलाई पूर्ण रूपमा निषेध गरेको छ । त्यस सम्बन्धी अपराध गर्नेलाई दण्ड जरिवानाको पनि कानुनी व्यवस्था गरेको छ तर हाम्रो समाजमा हजारौं वर्षदेखिको जातीय विभेद र छुवाछुतको कुसंस्कारले उखेल्न नसक्ने गरी जरा गाडेर बसेको छ । देशमा मुलुकी ऐन लागू भएको ४३ वर्ष र प्रजातन्त्र पुनर्बहालीका साथै गणतन्त्र आएको पनि ४ वर्ष बितिसक्दा पनि दलित महिलाहरू अझैसम्म सामाजिक आर्थिक र राजनीतिक क्षेत्रमा बहिष्कृत भइरहेका छन् । यसलाई (सापकोटा, सन् २०००: ७६) बाट प्रष्ट पार्न सकिन्छ ।

वि.सं.२०२० सालमा जारी नयाँ मुलुकी ऐन अनुसार जातीय विभेद र छुवाछुतको अन्त्य गरिसकेको छ । यहाँ कानुनी रूपमा छुवाछुत र उचनीचको व्यवहार गर्न पाइदैन । नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३, धारा ११ मा उल्लिखित समानताको हकमा कुनै पनि व्यक्तिलाई जातिपातीको आधारमा छुवाछुतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थिति हुन वा सार्वजनिक वस्तुको उपयोग गर्नवाट वञ्चित गरिने छैन । यस्तो कार्य

कानून बमोजिम दण्डनीय हुनेछ । त्यसै गरी मुलुकी ऐन अदलको महल १० ‘क’ नं. मा कसैले कसैलाई जातिपातीको आधारमा छुवाछुतको भेदभावपूर्ण व्यवहार गरेमा वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोगबाट वञ्चित गरेमा १ वर्षसम्म कैद वा रु ३०००।-सम्म जरिवाना वा दुवै सजाय हुन सक्नेछ । यस्तो संवैधानिक तथा कानुनी व्यवस्था हुँदाहुँदै पनि किन यहाँ छुवाछुत, उचनीच, ठूलो सानो, दलित, उत्पीडितका कुरा उठिरहने गर्दछन ?

दशौं पञ्चवर्षीय योजनाले दलित सम्बन्धी स्पष्ट परिभाषा नदिएता पनि दलितहरूको अधिकारलाई सुनियोजित गर्न पहल गरेको छ । नेपाल सरकारले पनि दलित आयोगको आवश्यकता महसुस गरी तत्कालीन प्रधानमन्त्री शेरवहादुर देउवाद्वारा सबै किसिमका जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय दिवस (मार्च २१) को सन्दर्भ पारेर मिति २०५८ चैत्र ६ गते पद्ममसिंह विश्वकर्माको अध्यक्षतामा १० सदस्यीय राष्ट्रिय दलित आयोगको स्थापना गरिसकेको छ । जसले कानूनी मान्यता प्राप्त गरेको छ तर संवैधानिक अङ्ग चाहिँ बन्न सकेको छैन । यो योजनाबद्ध विकासले दलितहरूको सामाजिक न्यायलाई वकालत गर्दै योजनाबद्ध रणनीतिहरू सरकारी र गैरसरकारी संस्थाहरूको संयुक्त प्रयासबाट समुदायमा विभेद पत्ता लगाई जातीय विभेदीकरणलाई अन्त्य गर्ने प्रतिबद्धता समेत जाहेर गरेको छ ( फोमार, २००७) ।

## २.३ विश्व परिवेशमा महिलावादी आन्दोलन

विश्व परिवेशमा महिलावादी दृष्टिकोण सदैव रहँदै आएको पाइन्छ । एक दृष्टिकोणबाट हेर्दा जहाँ महिलाहरूलाई तल्लो दर्जामा राखिन्छ । तिनीहरूलाई सदैव जहाँ रहे पनि तल्लो दर्जाको रूपमा दिइएका छन् तापनि उनीहरूले केही न केही रूपमा विरोध गरेको पाइन्छ । पश्चिमी मुलुकहरूमा औपचारिक रूपमा महिलावादको प्रादुर्भाव विरोधका घटनाहरू छापिएपछि भएको पाइन्छ । केही अपवादहरू बाहेक, महिलावादी लेखहरू सर्वप्रथम १६६३ देखि छापिएका थिए र छापिने क्रम १५० वर्षसम्म जारी रह्यो जुन जोडदार नभए पनि लगातार गरिएको विद्रोह थियो र सन् १७८० देखि झण्डै दुई शताब्दी पछि आईपुग्दा महिलावादी लेखहरू रचना गर्ने सहभागीहरू र समालोचनाको दायरा पनि फराकिलो हुँदै आइरहेको छ । अमेरिका यसमा सदैव अग्रसर हुँदै आएको छ । त्यहाँका महिलावादी लेखहरूलाई *द राइटिङ अफ ओमन इन कलरको* संज्ञा दिइँदै आएको छ । सन् १७८० र १७९० बीचमा जतिबेला अमेरिका र फ्रान्स स्वतन्त्रता संग्रामहरू सम्वन्धी चर्को विवादको

संगसंगै दासत्व प्रथाको अन्त्यका निम्ति मध्यम वर्गको अधिकारका लागि र स्वतन्त्रताका लागि ढोकाहरू घचघच्याइएका थिए । त्यसैवेला महिलावादी आन्दोलनले पनि चरम सीमा लियो (रिटजर, २०००:२१७) ।

संयुक्त राष्ट्रसंघको तत्वावधानमा सर्वप्रथम महिलाहरूको एक कमिसन सन १९४६ मा गठन भयो । जसले संयुक्त राष्ट्र संघको आर्थिक र सामाजिक परिषदसंग सम्वन्धित भएर काम गरयो । यो कमिसनको भूमिका विशेष गरी महिलाहरूको सामाजिक, आर्थिक, सांस्कृतिक र शैक्षिक अवस्थालाई सुधार्न दस्तावेजहरू वनाउने र कार्यान्वयन गर्ने थियो । त्यसै गरी सन १९५० मा संयुक्त राष्ट्रसंघले विभिन्न राष्ट्रका सरकारलाई विभिन्न भेदभाव (जातीय, लैगिक, भाषिक र धार्मिक) रोक्न  गरेको थियो र सन १९६० मा आएर महिला आन्दोलन उत्तर अमेरीका र पश्चिम यूरोप हुँदै सुरु भयो । जसले महिलाको प्रजनन अधिकार, महिला हिंसा, लैङ्गिक विभेद र यौन हिंसाजस्ता मुलभूत पक्षलाई समेटेको थियो र यसैगरी संयुक्त राष्ट्रसंघले सन १९७० देखि १९८५ सम्म महिला शताब्दी घोषणा गऱ्यो । जुन महिला सम्वन्धी विभिन्न संघसंस्था खोली महिला विभेदको पक्षमा वकालत गर्न कोसेढुङ्गा सावित भयो (घिमिरे, २००५) ।

विशेष गरी सन् १९७२ मा मेरि वलस्टोनको पुस्तक "*अ भिन्डीकेसन अफ द राइट अफ द ओमन*"को प्रकाशन भएपछि विभिन्न समस्याहरूको पहिचान गर्न सकियो । विशेषगरी युरोपमा आएको औद्योगिक क्रान्तिपछि समाजका हरेक पक्षहरूमा व्यापक परिवर्तन आयो । त्यसै क्रममा महिला आन्दोलनले पनि अमेरिका र युरोपमा विस्तारित हुने मौका पायो र महिलाहरू आफ्नो अधिकारको बारेमा चिन्तन गर्न लागे । यसमा महिला अधिकारको चर्चा चल्यो । महिलाको सामाजिक, आर्थिक, राजनीतिक र शैक्षिक जस्ता क्षेत्रमा पहुँच नपुगेका कारणले पुरुषमा आश्रित हुन परेको कुरा उनीहरूले बुझे । त्यही चेतनाका कारणले महिलाहरू १९ औं शताब्दीमा दासत्व विरुद्धमा आन्दोलन सञ्चालन गरे यही सिलसिलामा भएको आन्दोलनलाई *ओमन्स अफ रेज मोभमेन्ट भनिन्छ* । यसपछि महिलाको हक र अधिकारको लागि विभिन्न पुस्तकहरू प्रकाशित भए जसमा सन् १९५३ मा सिमोन डी विहाभोर "*द सेकेण्ड सेक्स*" विटी ग्रीन्डानको -*द फेमिनेन मिस्टेक* रहेका छन् । यस पछि महिलाको संगठन वनाउनु पर्ने महसुस गरेर सन् १९६६ मा *नेशनल अर्गनाइजेसन फर ओमन* नामक संस्था वेटि फ्रिडमको अध्यक्षतामा वासिंटन डि.सी.मा स्थापना भयो ( चौलागाइँ, २०६६) ।

## २.४ नेपालका सन्दर्भमा नारीवादी आन्दोलन

नेपालका सन्दर्भमा नारीवादी आन्दोलनलाई हेर्दा नालापानीको युद्ध १८१४ को सिभिल राइट मुभमेन्टदेखि महिलाहरू पुरुषसँगै अगाडी बढेको पाइन्छ । यसभन्दा पहिला आन्दोलनलाई १९५१ को प्रजातान्त्रिक आन्दोलनले (जसले १०४ वर्ष लामो जहानिया राणा शासनको अन्त्य गरेको थियो) पनि असर गरेको पाइन्छ किनकि राजनीतिक परिवर्तनको परिवारबाट आएका महिलाहरूले १९५१ देखि नै छुट्टै कमिटी गठन गरेका थिए । जसमा पहिले आदर्श महिला समाजको गठन भयो । यसपछि १९५८ मा नेपाल महिला संगठन उस्तै उद्देश्य लिएर स्थापना भयो । यसले महिला हकहितका लागि र मताधिकार प्राप्त गर्नको लागि दवाव दियो । यी दवावका कारणले गर्दा नै वि.सं. १९७७ मा चन्द्र शमशेरको पालामा सती प्रथाको अन्त्य भयो (दक्षिण यशियाली महिला सञ्जाल, २०१०) ।

निरंकुश राणा शासनको विरोध गर्ने क्रममा भोजपुर मजुवा बेंसीकी योगमाया न्यौपानेले आध्यात्मिक धाराबाट राणा शाहीको विरोध गर्दै महिलाहरूको हितका निम्ति कल्याणकारी सामाजिक सुधार होस, राणाशाही अत्याचारको अन्त्य होस, पुरोहितवादको अमानवीय चलनको खारेजी गरियोस् भन्ने जस्ता २६८ वटा मागहरू अघि सार्दै राणाशाहीको विरोध गरिन् । योगमायाले सत्य धर्म भिक्षाको नाममा तत्कालीन सरकारलाई २६८ वटा माग सहितको बिन्ति चढाए पनि बेवास्ता गरियो । उनका मागहरू समाज सुधार र सामाजिक न्यायको पक्षमा, महिला, विधवाको अधिकारको पक्षमा, सामाजिक विसंगति विकृतिका रूपमा रहेका प्रचलन एवं अन्धविश्वास, घुसखोरीको विरुद्धमा, वनजंगल र चरनको सुरक्षाका सम्वन्धमा, जातपात र छुवाछुत, साना ठूला, मानापाथी र चर्को व्याज आदिको नियन्त्रणका सम्बन्धमा केन्द्रित थिए । यी मागहरूको कार्यान्वयन पक्षको कुनै संकेत नपाएपछि वि.सं. १९९५ मंसिरको पूणिमाको दिन मजुवामा ठूलो यज्ञको तयारी गरियो । उक्त यज्ञमा योगमाया र उनका २६८ अनुयायीहरूले अग्नि प्रवेश गरी प्राण त्याग्ने निर्णय गरे । तर सरकारले उक्त यज्ञ रोक्ने आदेश दिए । आदेशमा भनिएको थियो भक्ति भनाउँदिलाई पार्टीमा राखी कैद गरेको भनी सुनाइदिनू र अरुलाई धनकुटा जेलमा थुन्नू । यसरी नेपालको महिला आन्दोलनमा पहिलो जेल पर्ने महिला योगमाया न्यौपाने हुन् (तुम्वाहाङ्फे,२०५९) ।

सत्य धर्म शिक्षाको बदलामा जेलनेल भोग्नु परेपछि योगमायाले झनै अन्याय अत्याचार बढेको महसुस गरी धर्म रक्षा नहुने देख्न थालिन् । जुन राज्यमा धर्म र न्याय पाइँदैन र

आफूले केही गर्न पाइँदैन भने पनि सरकारलाई चेताउनु पर्छ, आफूपछिका सन्ततिले धर्म र न्याय  पाउनेछन् भन्ने योगमायालाई लाग्यो । त्यसैले उनका अनुयायीहरूले वि.सं. १९९८ साल असार ३१ गते शनिबार बिहान उज्यालो नहुँदै हरिशयनी एकादशीका दिन अरुण नदीको उर्लंदो भेलमा हाम फाली देह त्याग गरेका थिए (तुम्वाहाङफे, २०५९) ।

**नेपालको महिला आन्दोलनलाई विशेषगरी तीन चरणमा विभाजन गरेर हेर्न सकिन्छ ।**

**क) दलविहीन पञ्चायती व्यावस्था पूर्व (सन् १९६०) सम्म**

नेपालको महिला आन्दोलनको संस्थागत विकास गर्ने प्रयास स्वरूप २००४ सालमा काठमाण्डौमा मंगलादेवी सिंहको अध्यक्षतामा नेपाल महिलासंघको गठन भयो । यी दुवैका संठनले राणा शासन विरुद्ध दबाब दिने बाल विवाह र महिलामा भएको अशिक्षाका विरुद्ध दबाब दिने काम गरे । यसको साथै नेपाल महिला संघले मताधिकार प्राप्त गर्न सफल भयो । यस पछि विभिन्न संगठनहरू खोले जसले महिलाको चेतनाको विकास गराउन, साना घरेलु उद्योगको स्थापना गर्ने, बहुविवाहको विरोध गर्न र बालविवाहको बारेमा चेतना जगाउने जस्ता कार्य गरे (चौलागाईं, र अन्य २०६६) ।

**ख)	पञ्चायती व्यवस्था काल अवधि (सन १९६० देखि १९९०)**

पञ्चायती व्यवस्थाको स्थापना भएपछि यस अघिका जति पनि क्रियाशील राजनीतिक संगठनलाई प्रतिबन्ध लगाइयो । कतिपय संगठन भूमिगत हुन पुगेर १९५२ मा पञ्चायतको विभिन्न जनवर्गीय संगठन बनाउने क्रममा महिलाको संगठनको रूपमा नेपाल महिला संगठनको विकास भयो । यसको संस्थापक अध्यक्ष विमला मास्के थिइन् । यस संगठनको प्रमुख लक्ष्य महिला सुरक्षा, महिला साक्षरता, आयआर्जन एवं कानुनी सल्लाह दिनु थियो । यसै संगठनको अध्यक्षतामा संयुक्त राष्ट्रसंघको प्रशान्त तथा एशिया महासागरीय क्षेत्रीय भेलाको सम्मेलन नेपालमा प्रथम पटक भयो र यसको भूमिका बढी प्रभावकारी बनेर गयो । सन् १९७५ मा संयुक्त राष्ट्रसंघले महिला दशकको रूपमा मनाउने निर्णय गरेपछि नेपालमा पनि मनाइयो । त्यसपछि महिलाको लागि विशेष कार्यक्रमहरू सञ्चालन हुन लागे । यस समयमा तत्कालीन रानी ऐश्वर्या राज्यलक्ष्मीदेवी शाहको प्रमुख आतिथ्यताबाट नेपाली महिलाको कानुनी अवस्थामा केही सुधार पनि आए । १९७७ मा नारी सेवा समितिको गठन

भएपछि महिलाहरूका सवै संगठनलाई एउटै छातामुनि राख्ने प्रयास गरियो र १९८२ मा पञ्चायत तथा स्थानीय विकास मन्त्रालयको मातहतमा महिला विकास शाखाहरूको स्थापना गरियो । सन् १९८७ मा महिला विकास शाखा श्रम तथा समाज कल्याण मन्त्रालय स्थापना गरियो (चौलागाई र अन्य, २०६६) ।

### ग) **पञ्चायती व्यवस्था पछिको समय वर्तमानसम्म** (**१९९० पछि वर्तमानसम्म**)

नेपालमा सम्पन्न ऐतिहासिक जनआन्दोलनको सफलतापछि वहुदलीय व्यवस्थाको स्थापना भयो र अन्तरिम सरकारको गठन भयो । त्यसपछिको नेपालमा खुल्ला वातावरण भइसकेपछि महिलाको हकहितको लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरू खोलिएका छन् भने अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूले ठूलो पैसाको खोला बगाएका भए तापनि त्यसबाट सीमित महिलाले फाइदा लिए भने आम नेपाली महिला शोषित पीडित देखिन्छन् । महिलाको स्थितिमा भने खासै सुधार आउन सकेको छैन । नेपाली गैरसरकारी संस्थाहरूले केही मात्र महिलालाई सशक्तिकरण गर्ने कार्यक्रमहरू ल्याए पनि सम्पूर्ण महिलालाई समेट्न सकेको छैन् (चौलागाइँ र अन्य २०६६) ।

## २.५ नेपालको सन्दर्भमा दलित महिला आन्दोलन

नेपालको इतिहासमा दलित महिलाहरू संगठित भएर दलित महिलाहरूलाई सचेत र जागृत तुल्याउने प्रयास खासै भएको पाइँदैन । प्रथमतः वि.सं. २०१२ सालमा मिठाइदेवी विश्वकर्माले संगठनका माध्यमबाट दलित महिला आन्दोलनको सुरुवात गरेकी थिइन् । अवश्य यसले निरन्तरता पाउन नसके तापनि दलित महिला आन्दोलनको सुरुवात भने यसैबाट भएको हो । महिला आन्दोलनको दिनानुदिन विश्वव्यापी रूपमा अगाडि बढन् गइरहेको अवस्थामा नेपालमा पनि दलित महिलाका सवालहरू व्यापक रूपमा उठ्न थाले, दलित महिला अधिकारका कुराहरू उठ्न थाले तर नेपालको महिला आन्दोलनले दलित महिलाका सवाल र सहभागीतालाई स्थान दिन सकेन । परिणाम स्वरूप २०५१ सालमा महिला संघको स्थापना गर्नु पर्ने अवस्था सृजना भयो । दलित महिलाका सवाललाई अगाडि बढाउन र उनीहरूको समग्र विकासका लागि बाध्यात्मक रूपमा दलित महिला संघको स्थापना गरिएको हो । यस संघले स्थापना कालदेखि नै जातीय तथा लैंगिक विभेदमा परेका महिलाका सवालहरूलाई स्थनीय राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा उठाउने प्रयास गर्दै

आइरहेको छ । विभिन्न जिल्लामा स्थानीय स्तरमा दलित महिलाहरूलाई संगठित गरी उनीहरूलाई सामाजिक र आर्थिक रूपमा सशक्तीकरण गर्ने उनीहरूको रोजगारीको अधिकारका साथै राजनीतिक चेतनाको संबर्द्धन एवं संरक्षण गर्नेजस्ता कार्यहरू हुँदै आएका छन् । यसका साथै अन्तर्राष्ट्रिय महिला आन्दोलनमा दलित महिलाका सवाललाई उजागार गर्न सन १९९५ मा चिनको वेइजिङ्गमा सम्पन्न चौंथो विश्व महिला सम्मेलनममा महिला उत्पीडनभित्र दलित महिला विषयक कार्यपत्र प्रस्तुत गरिएको थियो । अन्तराष्ट्रिय मञ्चमा जातीय सवाललाई उठाइएको सायद यो पहिलो अवसर हो । विश्वका विभिन्न राष्ट्रका झण्डै ५० हजार महिलाहरू सहभागी भएको उक्त सम्मेलनमा दलित महिलाका विषयमा कुरा राख्न पाउनु खुसीको कुरा थियो । त्यसैगरी पाँचौँ र छैटौं महिला सम्मेलन सन् २००० मा वेइजिङ्ग र २००५ मा अमेरिकाको न्यूयोर्कमा सम्पन्न भयो । विश्वका धेरै देशका महिलाहरू सहभागी भएको सो सम्मेलनमा आवाज विहीन महिलाहरूको आवाज विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो । यसै गरी २००१ मा जातीय विभेद विरुद्धको विश्व सम्मेलन दक्षिण अफ्रिकामा भएको थियो । सो सम्मेलमा दोहोरो विभेदमा दलित महिला विषयक कार्यपत्र प्रस्तुत गरिएको थियो । यीबाहेक अन्तराष्ट्रिय क्षेत्रमा दलित र दलित महिलाका सवालहरूलाई निरन्तर रूपमा उठाउने काम हुँदै आएको छ । नेपालमा पनि चाहे ती दलित आन्दोलनका कुरा हुन चाहे दलित महिला आन्दोलनका सवालहरू नै हुन् दलित महिला संघले दलित महिलाका सवाललाई कसरी सिंगो महिला आन्दोलनमा समावेश गर्न सकिन्छ भनि निरन्तर रूपमा पहल गरिरहेको छ । सामाजिक, आर्थिक, राजनीतिक लगायतका सम्पूर्ण क्षेत्रमा दलित महिलाको स्थान सुनिश्चित गर्नका लागि राष्ट्रिय स्तरमा स्थापित दलित महिलाहरूको एक मात्र गैरसरकारी संस्था दलित महिला संघ प्रयासरत छ । दलित महिलाहरू हरेक क्षेत्रमा संगठित हुँदै आफ्नो हक अधिकारका लागी जागरुक भैरहेका छन् र उनीहरूले आफ्नो एउटा छुट्टै पहिचान बनाइ सकेका छन् (सोव, २०६३) ।

## २.६ नेपालमा दलित महिलाको अवस्था

नेपालमा जनसंख्याको आधाभाग ओगटेका महिलाहरूको अनुसन्धानले उनीहरूको अवस्था दयनीय भएको पाइन्छ । हाम्रो समाजले महिलालाई अहिले पनि दोस्रो दर्जाको नागरिकको रूपमा हेरिरहेको छ । यसमा पनि दलित महिलाहरूको अवस्थालाई हेर्दा यिनीहरूको अवस्था हरेक पक्षमा दयनीय रहेको छ । पहिलो कुरा त उनीहरू शैक्षिक, सामाजिक,

आर्थिक, राजनीतिक र स्वास्थ्य स्थितिमा कमजोर छन् । दोस्रो कुरा दलित महिला भएकै कारण यिनीहरू विभिन्न अवसरवाट बहिष्कृत भएका छन् । त्यसैले दलित महिलाले दोहोरो मार खेपिरहनु परेको छ । त्यसै सन्दर्भमा (विश्वकर्मा,२०६३) भन्नुहुन्छ :-नेपालका दलित महिलाहरू तिन प्रकारबाट विभेदित छन् । पहिलो दलित भएका कारणले दोस्रो दलित महिला भएको कारणले र तेस्रो गरिब भएको कारणले । यी तीन प्रकारका वृहत उत्पीडनबाटै उब्जिएका धेरै समस्याहरू नेपाली दलित महिलाले भोग्नु परेको छ र त्यसलाई सामाजिक आर्थिक, धार्मिक, सांस्कृतिक समस्याको सेरोफेरोमा हेर्नुपर्ने हुन्छ ।

हाम्रो समाजमा रहेको जातपात र छुवाछुतको अवस्थाका कारण उत्पीडन, दमन, शोषण र अन्यायमा परेका दलित र दलित महिलाको अवस्था माथि उठ्न सकेको छैन् । जनसंख्याको ठूलो हिस्सा ओगट्ने दलित र दलित महिलाहरू सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, धार्मिक र सांस्कृतिक पक्षबाट वञ्चित रहेका छन् । दलित भएकै कारण राज्यका स्रोत र साधनहरूमा पहुँच कम रहँदै आएको र राज्यको नीति निर्माण र निर्णायक तहमा समेत अत्यन्त न्यून सहभागिता रहेको छ । यस सन्दर्भलाई (अन्तर्राष्ट्रिय श्रम संगठन, १९८२) ले प्रष्ट्याउंदछ, जनसंख्याको आधा भाग ओगटेको वा आधा आकाश ढाकेको महिला वर्गको विकासको लागि नेपाल सरकारका साथै विभिन्न गैरसरकारी संस्थाहरू लागी परिरहँदा पनि राष्ट्रको एउटा मुख्य समस्याको रूपमा रहँदै आएको छ । २०६८ को जनगणना अनुसार नेपालको कुल जनसंख्याको छ ५०.९६ प्रतिशत महिला रहेको भए तापनि उनीहरू शैक्षिक, सामाजिक, आर्थिक, राजनीतिक दृष्टिकोणले पछाडि परिरहेका छन् । नेपाली महिलाहरू घरदेखि बाहिर जस्तो :शिक्षा, स्वास्थ्य, रोजगारजस्ता क्षेत्रमा कम पहुँच र कम सूचना र सेवाहरू प्राप्त गर्ने हुँदा सामाजिक र आर्थिक रूपले महिला र पुरुषमा विभेद देखिएको छ ।

दलितले निम्न स्तरको नागरिक सरह व्यवहार भोग्नु परेको छ अर्थात् छुवाछुतको भावनालाई स्वीकार गर्नु परिरहेको छ । यति मात्र नभई सार्वजनिक स्थलहरूमा माथिल्लो जातिका व्यक्तिहरूलाई भेट्दा उनीहरूसंग छोइन्छ कि भनी टाढाबाट हिंड्नु पर्ने अवस्था अझ पनि पूर्ण रूपमा समाप्त हुन सकिरहेको छैन् । यसलाई विश्वकर्मा (२०६४) ले यसरी व्यक्त गर्नु भएको छ :- दलित महिलाहरू सदियौंदेखि पितृसत्तात्मक सामाजिक संरचना र जातीय छुवाछुतबाट पीडित छन् । नेपालमा सामाजिक मूल्य मान्यता अनुसार महिलाहरूलाई दोस्रो दर्जाको नागरिकको रूपमा राखिएको छ । त्यसकारणमा दैनिक

जीवनमा दलित महिलाहरूले धरै प्रकारका विभेद र शोषण खेप्दै बाँचिरहेका छन् । उनीहरूलाई शोषित पीडित भई बाच्न विबस पारिएको छ । पहिलो त महिला भएकै कारण, दोस्रो जातका आधारमा र तेस्रो कमजोर आर्थिक अवस्थाका कारण पछाडि परेका छन् । फलस्वरूप उनीहरू भूमि अधिकारबाट समेत वञ्चित भएर राज्यको निर्णय प्रकृया तथा साधनस्रोतमा पहुँच नहुनु, लैंङ्गिक विभेद, घरेलु हिंसा, बलात्कार, चेलीवेटी वेचविखन र यौन शोषणका शिकार हुन बाध्य छन् । दलित समुदायका केही महिला र वालवालिकाहरू देह व्यापार तथा वँधुवा मजदुरका रूपमा समेत काम गर्न बाध्य छन् ।

दलित महिलाहरू सदियौंदेखि पितृसत्तात्मक सामाजिक संरचना र जातीय छुवाछुतबाट पीडित छन् । त्यसकारण दैनिक जीवनमा उनीहरू धेरै प्रकारका विभेद र शोषणमा बाँचिरहेका छन् । सामाजिक रूपमा बहिष्कृत हुनुको कारण अधिकांश दलित महिलाहरू जातीय भेदभाव र छुवाछुतबाट आक्रान्त छन् । मन्दिर, धारा, पँधेरा, सार्वजनिक स्थल र सरकारी विद्यालयहरूमा पनि उनीहरूलाई ढुक्कसंग प्रवेश गर्न दिइँदैन् । उनीहरूले उपल्लो जात भनाउँदाको पिँढीमा बसेर खानुपर्छ, भाँडा आफैँ धोएर सुकाउनुपर्छ र सुकेपछि मात्र भित्र लगिन्छ । कसैले त अझै पनि आगोपानी हाल्ने चलन छ । यहाँ पहिला मेला, जात्रा, सभा, समारोह, नाचगानमा दलित महिलाहरू समूहिक रूपमा सहभागी हुनसक्ने अवस्था थिएन् । सार्वजनिक होटलहरूमा पनि खाएपछि भाँडा धुनुपर्ने थियो अहिले भने केही सुधार आएको छ । समग्रमा भन्नु पर्दा सामाजिक क्षेत्रमा उनीहरू अझै पनि उपेक्षित र अपहेलित छन् । यसै सन्दर्भमा (गुरुङ, २०६५) भन्नुहुन्छ । स्थानीय विविधता र राज्यको सिद्धान्तले नेपालमा उल्लेखनीय रूपमा सामाजिक असमानता ल्याउने काम गरेको छ । एक प्रकारले स्थानीय विविधताको कारणले गर्दा सांस्कृतिक विभिन्नताले सम्पन्न पनि छ । यद्यपि ग्रामीण भेगका दलित महिलाहरू अन्य ठाउँका भन्दा सुविधाबाट वञ्चित रहेका छन् । अर्कातिर सामाजिक बहिष्करणको आधारमा राज्यद्वारा जातीय विभेद भएको छ । भूगोल र राज्य व्यवस्थाका कारणले अनेक प्रकारका विभेदहरू उब्जिरहेका छन् । त्यसो हुँदा एक जना झाँक्री प्रथा मान्ने मानिस वा बुद्ध धर्मावलम्बीले शहरमा बस्ने हिन्दूको तुलनामा दुईगुणा धेरै विभेद खेपीरहेको हुन्छ । यहाँ चर्चा गरिएका सामाजिक बहिष्करणका कारण राजनीतिक, आर्थिक र शैक्षिक, धार्मिक र सांस्कृतिक क्षेत्रहरू एक आपसमा सम्बन्धित छन् । राज्यको सिद्धान्त नै यस्तो औजार हो, जसले राजनीतिमा उक्त जातीको एकाधिकारमा टेवा पुऱ्याई रहेको छ । यस्तो अवस्थाले दलित र जनजातिलाई आर्थिक क्षेत्रबाट सीमान्तीकरण गर्दछ

तीमध्ये अधिकाँश गरिब हुने भएकाले शिक्षामा पनि उनीहरूको पहुँच कम हुन्छ र गरिवीको दुष्चक्रमा फसिरहेका हुन्छन् ।

यहाँका दलित महिलाहरू अरुको ठेक अधिया, ज्याला मजदुरी, खेतीपातीजस्ता न्यून आय हुने काम गरी आफ्नो जीवन गुजारि रहेका छन् । परम्परागत कृषि प्रणाली र जग्गा जमिन कम भएका कारण उनीहरूलाई आफ्नो जग्गाको अन्नले खान पुग्दैन । त्यसैले उनीहरू ज्याला मजदुरी गरेर नै दिन काटिरहेका छन् । मजदुरीमा पनि पुरुष सरह काम गरे पनि असमान ज्यालाका कारण उनीहरू मारमा पर्छन् । त्यसकारण दलित महिलाहरूको आर्थिक अवस्था कमजोर छ । दलितहरूमा चेतनाको कमी तथा लैंगिक असमानताका कारण शिक्षामा राम्रो पहुँच छैन । लैङ्गिक असमानताले पनि उनीहरू बहिष्कृत भएका छन् ।यस सन्दर्भमा (रावल, २००८) भन्नुहुन्छ :- यो कुरामा शंका मान्न सकिँदैन की दलितहरूको संस्कृति र भाषिक अधिकारलाई राज्यले व्यवस्था गरेको छ । यद्यपि बहिष्कारलाई सतहीरण गरिनु हुँदैन अथवा यसलाई महिला र पुरुष जस्तै लैङ्गिक वनाइनु हुँदैन । यो समावेशीकरण र बहिष्करणलाई छलफल गरिनुपर्दा यस्ता मान्यता र भिन्नतालाई जाति र जनजातिमा जकडेर राखिएको छ जसलाई समावेशीकरण र बहिष्करणले परिभाषित गरिएको छ । नेपालमा भएका सामाजिक भेदभाव सम्वन्धी लेखहरूले पनि यसमा ध्यान दिएको पाइँदैन । समाजमा जाति र जनजति सम्बन्धी धारणामा आधारित रहेर लेखरचना बनाइएका छन् । त्यसलाई धेरै मात्रामा ध्यान दिइएको छ । त्यस्ता लेख रचनाले झन यस्ता खालका तर्कहरू दिएका छन् कि बाहुन क्षेत्री चाहिँ समावेशी वर्गमा पर्दछन् । एउटा यस्तो वर्ग छ की जसलाई वहिष्कृत गर्न सकिएको छ भने अर्को तर्फ हेर्दा त्यसलाई अन्त्य गर्न सकिएको छैन ।

दलित महिलाहरूको शैक्षिक र आर्थिक स्थितिमा पछाडि पर्नुको कारण भनेको चेतनाको कमी, कमजोर आर्थिक स्थिति, सानै उमेरमा विवाह हुने चलन, अशिक्षित परिवारजस्ता कारणहरू रहेका छन् । जनचेतनाको कमीले गर्दा धेरै सन्तान जन्माउने र सन्तानको पालनपोषण गर्नु पर्ने बाध्यताका कारण पनि यहाँका दलित महिलाहरूको शिक्षा र स्वास्थ्यमा प्रतिकूल असर परेको छ । यसै सन्दर्भमा (सिजापति, २०६२) भन्नुहुन्छ : शिक्षाले मानिसभित्र रहेको ज्ञान चक्षुलाई खोली चेतनशील वनाउने मात्र होइन यसले मान्छेभित्र लुकेर बसेको विचार सीप र भावनालाई मूर्त रूप दिन ठूलो मद्दत गर्दछ । हजारौं वर्षदेखि

शिक्षाजस्तो आधराभूत आवश्यकतादेखि पूर्ण रूपमा चर्चित दलित समुदायको स्थिति कहालि लाग्दो छ । सम्पूर्ण दलितहरू अशिक्षित रहेको बेलामा दलित महिलाहरूको शैक्षिक स्थिति सुधार नहुनुमा राज्य नै दोषी छ । सेभद चिल्ड्रेन, यू.एस.ए.ले केही वर्ष अगाडि गरेको सर्वेक्षण अनुसार दलितहरूको साक्षरता प्रतिशत १०.६ प्रतिशत थियो । एक्सन एड र कनसल्टले केही जिल्लामा गरेको सर्वेक्षण अनुसार दलितहरूको साक्षरता प्रतिशत बढेर करिव १८ प्रतिशत पुगेको देखिएको छ । त्यस्तै शैक्षिक स्थिति पछाडि पर्नमा उनीहरूको आर्थिक स्थिति, कुपोषणका कारणले स्वास्थ्यको प्रतिकुलता, पारिवारिक कार्यबोझ सानो उमेरमा, चेतनाको कमी आदि दलित महिलाहरूको साक्षरता प्रतिशत बृद्धि नहुनुमा प्रमुख कारणहरू रहेका छन् ।

दलित महिलाहरू प्रथमतः साक्षरताबाट नै वञ्चित छन् भने अर्को तिर उनीहरू घर धन्दामै सीमित हुनुपर्ने हुन्छ त्यसैले उनीहरू सामाजिक काममा सहभागी हुन पाउँदैन् । त्यसैले पनि दलित पुरुषभन्दा महिला धेरै पछाडी परेका छन् । राजनीतिमा पनि दलित महिलाले राम्रो स्थान पाउन सकिरहेका छैनन् । यसै सन्दर्भमा ताम्राकार, २०६३ भन्नुहुन्छः पितृसत्तात्मक सामाजिक संरचनाका कारण महिला वर्गको स्थिति मानव अधिकारका दृष्टिले अत्यन्तै चिन्ताजनक छ । उनीहरू आत्मनिर्णयको अधिकारवाट वञ्चित छन् नै अर्कातिर राज्यको शासन प्रणालीमा भौतिक प्रतिनिधित्बाट समेत पर वस्न विवश छन् । उनीहरूलाई केवल पारिवारिक घेरा र चूलोचौकोमा मात्र सिमित राखिएको छ । देशको सम्पूर्ण जनसंख्याको आधा भन्दा बढी जनसंख्या ओगट्ने महिलाको संवैधानिक अंगमा प्रतिनिधित्व हेर्दा नगन्य मात्र देखिन्छ । यसमा पनि दलित महिलाको स्थिति झन् विचारणीय छ । दलित महिलाको सामाजिक, आर्थिक, शैक्षिक र राजनीतिक स्थिति अत्यन्त दयनीय छ । राज्यको सम्पूर्ण जनसंख्याको एक महत्वपूर्ण हिस्सा ओगट्ने दलित महिलाको नाजुक शैक्षिक, सामाजिक, आर्थिक, राजनीतिक र स्वास्थ्य स्थितिले वर्तमान युगको माग असल शासनको मर्यादामाथि प्रत्यक्ष असर पारेको कुरामा दुई मत छैन । उपर्युक्त तथ्यबाट प्रष्ट हुन्छ कि दलित महिलाहरू समाजमा बहिष्कृत भएर तेस्रो दर्जाका नागरिक सरह बाँच्न बाध्य भएका छन् ।

पैतृक सम्पत्तिमा समान अधिकार नहुनु,महिलालाई सन्तान जन्माउने औजारको रूपमा हेरिनु, छोरी जन्मँदा आमा छोरीलाई नै हेला गरिनु स्याहार नगरिनु, धेरै सन्तान जन्माउन बाध्य पारिनु, दाइजो प्रथाका कारण हेलाहोचो गरिनु, बालविवाह र बहुविवाह गरिनुजस्ता

घरायसी विभेद र शोषणमा दलित महिला पिल्सिरहेका छन् । वर्गीय उत्पीडनमा पर्नुका साथै दलित समुदायकै पुरुषवाट शोषित छन् र उपल्ला जातिका पुरुषवाट पनि पीडित छन् । दलित भित्रकै उपजातीय विभेदबाट समेत आक्रान्त छन् (किसान, सन् २००६ मार्च) ।

उत्प्रेरणाको अभावले गर्दा मानिसको व्यक्तिगत उत्तरदायित्वको आत्मानुभूति नगर्न सक्दछ । भाग्यवादी संस्कारको बलियो रेखाभित्र सीमित हुनाले मानिसहरूले आफू कुनै सिमामा नबाँधिइकन एक अर्कामा नजिक भएको अनुभव गर्दछन् । नेपालीहरूको हरेक क्रियाकलापमा भाग्यवाद केन्द्रबिन्दु रहेकोले निर्णय स्वतन्त्र हुँदैनन् । निर्णयको कुनै छनोट कुनै घटना पनि खुला हुँदैनन् । मानिस जन्मेपछि गर्ने कार्य वा हुने कार्यलाई भाग्यको खेलको रूपमा लिइन्छ । जातीय स्तरीकरण भएको हिन्दू समाजमा उच्च जातिमा जन्मे उच्च सम्मान र निम्न जातिमा जन्मे निम्न सम्मान पाउने कुरा सामान्य व्यवहारमा नै रहेको छ । यसरी सामाजिक सम्बन्ध स्थापित गर्न पनि जन्मदाखेरिको भाग्यलाई नियालिन्छ । आर्थिक विकासका विभिन्न पक्षमा पनि यस संस्कारले प्रभाव पार्दछ । कार्य विना नै सुख पाउनु पर्दछ भन्ने विश्वास हिन्दु धर्मावलम्बीहरूले लिएको पाइन्छ । हाम्रो समाजमा तल्लो जातका मानिस बढी परिश्रमी रहेको पाइन्छ । ब्राम्हणहरूले भन्दा तीव्र गतिमा तल्लो वर्गका मानिसहरूले आर्थिक विकास गरेका उदाहरणहरू पनि छन् । विश्व बजारमा पनि तल्ला वर्गले आफ्नो सो उपलब्ध गराएको पाइन्छ (बिष्ट, १९९१) ।

श्रम विभाजन तथा सम्पत्तिको वितरण उत्पादन प्रणालीमा सकारात्मक देखिए तापनि यसले मानिसको हैसियतलाई जोड दिने हुँदा असमान वितरण र शोषण हुने सम्भावना पनि थुप्रै भेट्न सकिन्छ । समाजमा फरक स्वार्थ रहेका नयाँ तथा पुराना विचारले समाजलाई परिवर्तनतर्फ उन्मुख बनाउँछ । तर समाजका उपल्ला वर्ग र राज्य विभिन्न सञ्जालहरू फ्याँकेर निम्न वर्गलाई आफ्नो कावुमा राख्दै विभिन्न स्वार्थहरूमा लिप्त रहन्छन् । तल्लो वर्ग पनि चेतनशील बन्दै जाँदा संघर्षको मैदानमा उत्रिन्छन् (मिक्सेल, १९८८) ।

## २.७ पूर्व कार्यको अवलोकन र प्रस्तुत शोधको उपादेयता

विभिन्न सन्दर्भमा साहित्यहरूको पुनरावलोकन गर्दा हाम्रो समाजमा रहेको दलित महिला, महिला र पुरुष बीचको समाजलाई हेर्ने दृष्टिकोणको विश्लेषण गरेको पाइन्छ । दलितहरूको शैक्षिक, सामाजिक स्थिति अझै पनि उकास्न सकिएको छैन । त्यसैले माथिल्लो तहको

जागिर तथा पेसा,व्यवसायमा लाग्न कठिन परिरहेको अवस्था छ । जव दलित महिलाहरूको शैक्षिक अवस्थामा अरु जात सरह परिवर्तन आउनेछ तव मात्र दलित महिलाहरूको अरु सरह नै स्तर बृद्धि हुन सक्छ ।

दलित महिलाहरूको वर्तमान अवस्थाको विषयमा विभिन्न समयमा विभिन्न व्यक्तिहरूले अनुसन्धान त गरेका छन् तर यस सेतीदोभान गा.वि.स.का दलित महिलाको शैक्षिक, सामाजिक, आर्थिक, धार्मिक सास्कृतिक र राजनीतिक अवस्थामा आएको परिवर्तन र परिवर्तन आउनुका कारणको बारेमा अहिलेसम्म अनुसन्धान नभएकोले प्रस्तुत शोधको आवश्यकता देखिएको छ ।

अरुले गरेका अनुसन्धानमा केवल आफ्ना उद्देश्य पुरा गर्ने उद्देश्यका साथ ती अध्ययनहरू भएका छन् भने प्रायजसोले द्वितीय स्रोतको प्रयोग गरेका छन् भने कतिपयले नमुना छनोट विधि प्रयोग गरेका छन् र कसैले अन्य स्रोत मार्फत प्रश्न पत्र तयार गरी पठाएका छन् । यस्ता अध्ययनमा पुरुष र अन्य जातका महिलाको बाहुल्यता हुने र सबैका भावनालाई नसमेटिने भएकोले प्रत्यक्ष भेटेर व्यक्तिगत अध्ययन संकलन गरी उनीहरूको भावना समेटेर गरिएको शोध पत्रमा विश्वासनीय छ । यस अध्ययनले देशको एक ग्रामीण क्षेत्रका दलित महिलाहरूको अवस्थाको प्रतिनिधित्व गरेको छ । अघिल्लो पुस्ताका दलित महिला र पछिल्लो पुस्ताका दलित महिलालाई व्यक्तिगत अध्ययनमा समेट्दा उनीहरूकै मुखबाट वास्तविक अवस्थाको जानकारी लिई महिलाको वास्तविक अवस्था पत्ता लगाउने प्रयास गरेकी छु जुन कुरा व्यक्तिगत अध्ययनबाट पनि प्रष्ट हुन्छ ।

विश्वकर्मा कमलाले दलित महिलाहरू पितृसत्तात्मक सामाजिक संरचना र जातीय छुवाछुतवाट पीडीत छन् दलित महिलाहरू पहिलो त महिला भएकै कारण, दोस्रो जातका आधारमा र तेस्रो आर्थिक अवस्थाका कारण पछाडि परेका छन् । फलस्वरूप उनीहरू भूमि अधिकारबाट समेत वञ्चित भएर राज्यको निर्णय प्रकृया तथा साधन स्रोतमा पहुँच नहुनु लैंङ्गिक विभेद, घरेलु, हिंसा, बलत्कार चेलीबेटी बेचविखन र यौन शोषणका सिकार हुन बाध्य छन् भनेर लिङ्ग,जात र आर्थिक अवस्थालाई जोड दिएकी छन् तर ग्रामीण समुदायका दलित महिलाहरूलाई धार्मिक साँस्कृतिक मान्यताहरूले पनि पछाडि पारेको कुरा उल्लेख गरेकी छैनन् साथै उनीहरूमा आएको परिवर्तनलाई पनि उल्लेख गरेकी छैनन् त्यसैले पनि

यो अनुसन्धानमा मैले समयअनुसार उनीहरूमा आएको परिवर्तन समेत अनुसन्धान गर्न आवश्यक देखी यो अनुसन्धान गरेकी छु ।

सिजापति रेणुले दलित महिलाहरूको शैक्षिक र आर्थिक स्थितिमा पछाडि पर्नुको कारण भनेको चेतनाको कमी, कमजोर आर्थिक स्थिति, सानै उमेरमा विवाह हुने चलन, अशिक्षित परिवार जस्ता कारणहरू रहेका छन् । शिक्षाले मानिस भित्र रहेको ज्ञान चक्षुलाई खोली चेतनशिल बनाउने मात्र होइन यसले मानिसभित्र लुकेर बसेको विचार सीप र भावनालाई मूर्त रूप दिन ठूलो मद्दत गर्छ । हजारौं वर्षदेखि शिक्षा जस्तो आधारभूत आवश्यकतादेखि पूर्ण रूपमा चर्चित दलित समुदायको स्थिति कहालि लाग्दो छ सम्पूर्ण दलितहरू अशिक्षित रहेको बेलामा दलित महिलाहरूको शैक्षिक स्थितिमा सुधार नहुनुमा राज्य नै दोषी छ भनेकी छन् । सबै शिक्षित साक्षर हुँदैनन सबै साक्षर शिक्षित हुँदैनन् भने जस्तो धेरै जसो शिक्षित परिवारमा अझै पनि छोरीको भन्दा छोराको शिक्षालाई जोड दिई छोरालाई वोर्डिङ्ग र छोरीलाई सरकारी स्कुल पढाउने चलन भएको पाइन्छ । पढ्ने कुरामा आर्थिक पक्ष र शिक्षित परिवारले मात्र प्रभाव नपारी स्कुलको दुरी, साथी संगति, वातावरण, जनचेतनामूलक कार्यक्रम, सञ्चार माध्यम, तालिम, गोष्ठीजस्ता साना कुराले पनि प्रभाव पारेको हुन्छ । त्यस्तै अध्ययन क्षेत्रका अशिक्षित, गरिव र पिछडिएका परिवारका दलित महिलाहरूमा पनि छोटो अवधिमा धेरै परिवर्तन आएको छ त्यसैले यो अनुसन्धान आवश्यक छ ।

ताम्राकार टेकले पितृसत्ताको कारण महिलाहरू पछाडि परिरहेको अवस्था छ यस्तो परिस्थितिमा दलित महिलाको स्थिति झन् विचारणीय छ । दलित महिलाको सामाजिक, आर्थिक, शैक्षिक र राजनीतिक स्थिति अत्यन्त दयनिय छ भन्नु भएको छ । हाम्रा धार्मिक मान्यता र जातीय कारणले पनि दलित महिलाको स्थिति झन दयनीय छ त्यसैले यो अनुसन्धान आवश्यक छ ।

सुवेदीले शिक्षाबाट सबै कुरा उपलब्ध हुन्छ भनिए तापनि शैक्षिक अवस्थामा अवरोध हुनाले शिक्षाजस्तो जीवनमा अति आवश्यक अबसरवाट वञ्चित हुन्छन् । आर्थिक कारणले छोराछोरीको पढाइमा ब्रेक लाग्छ भनेका छन् । पढ्ने कुरामा आर्थिक पक्षले मात्र नभएर सामाजिक, धार्मिक, राजनीतिक र जनचेतनाले पनि प्रभाव पार्ने हुनाले यो अनुसन्धान आवश्यक छ ।

किसान यामले पैतृक सम्पत्तीमा समान अधिकार नहुनु महिलालाई सन्तान जन्माउने औजारको रूपमा हेरिनु, छोरी जन्मिँदा आमा छोरीलाई नै हेला गरिनु, छोरीको स्याहार नगरिनु, धेरै सन्तान जन्माउन बाध्य पारिनु, दाइजो प्रथाका कारण हेलाहोचो गरिनु, बालविवाह र बहुविवाह गरिनुजस्ता घरायसी विभेद र शोषणमा दलित महिला पिल्सिएर रहेका छन् । वर्गीय उत्पीडनमा पर्नुका साथै दलित समुदायका पुरुषबाट शोषित छन् र उपल्ला जातिका पुरुषबाट पनि पीडित छन् । दलितभित्रकै उपजातीय विभेदबाट समेत आक्रान्त छन् भनी अन्य जातका महिलाका ठाउँमा नै दलित महिलालाई राखेर हेर्नुका साथै अन्य समुदायका पुरुषबाट शोषण र दलित समुदायका पुरुषवाट पिडीत छन् । उनले दलित भित्रकै उपजातीय विभेदबाट आक्रान्त छन् भनेकोले अन्य जातको विभेदवाट कति आक्रान्त छन् त भनी देखाउन आवश्यक भएकोले यो अनुसन्धान गरिएको छ ।

## २.८ अवधारणागत खाका

दलित महिलाहरूको शैक्षिक, सामाजिक, आर्थिक, धार्मिक सांस्कृतिक सशक्तीकरणलाई लैङ्गिक, जातीय आधारले प्रभाव पारिरहेको हुन्छ । सेतीदोभान गा.वि.स.को रंगुवा नाच्ने डाँडाका दलित महिलाहरूको शैक्षिक, आर्थिक, सामाजिक, राजनीतिक अवस्था अन्य ठाउँका दलितको भन्दा फरक खालको रहेको छ । किनकी उनीहरूमा धेरै परिवर्तन आएको छ । यसको मुख्य कारण भनेको शिक्षा र आर्थिक नै हो भन्दा फरक नपर्ला । शिक्षाले मानिसलाई समय सापेक्ष चल्न सहयोग गरिरहेको हुन्छ । उनीहरूलाई सशक्त बनाउनका लागि विभिन्न संघ संस्थाले पनि विभिन्न कार्यक्रमहरू सञ्चालन गरी उनीहरूमा भएको क्षमतालाई बाहिर निकाल्ने प्रयास गरिरहेको पाइन्छ । जसको कारण उनीहरूको विगतको अवस्था र वर्तमान अवस्थामा र परिवर्तन आउनुका कारणलाई हेर्ने प्रयास गरिएको छ ।

## दलित महिलाहरूको विगतको

### शैक्षिक

- दलितले पढ्न हुँदैन भन्ने मान्यता ।
- छोरीलाई पढाउन हुँदैन भन्ने सोच थियो ।
- महिलाहरू मेलापात र चुलोचौकोमा जीवन विताउनु पर्ने ।
- प्रौढ शिक्षाको चलन नभएको ।
- सानै उमेरमा विवाह गरिने भएकोले पढाइ भन्दा काममा बढी जोड दिने गरेको ।
- छोरीले पढे भने मुखाले हुन्छन् भन्ने मान्यता भएकाले घरको काममा मात्र सीमित गरेको ।
- गरीवि र चेतनाको अभावले गर्दा ज्यालामजदुरीमा जानुपर्ने भएकोले

### सामाजिक

- छुवाछुतको चरम मार भोग्नु परेको अवस्था ( पँधेरामा,स्कुलमा ,होटलमा,रत्यौल ी आदिमा)
- सभासमारोह र सामाजिक कार्यमा सहभागी हुन नपाउन ।
- माथिल्लो जातका महिलासँग छोइन नपाइने, जन्ती, मलामी जान नपाइने ।
- दलितलाई दूध, मही, दही खान दिन हुँदैन भन्ने मान्यता ।
- साइतको बेलामा देख्न हुँदैन भन्ने मान्यता ।
- ठूला जातकालाई देखे बाटो तर्कने गरेको ।

### आर्थिक

- चुरापोते लगाउने पैसा श्रीमानसँग माग्नु पर्ने ।
- काम गरेको पैसा घरमा दिनुपर्ने ।
- आफूले पालेको बाखा बेच्दा श्रीमानलाई सोध्नुपर्ने ।
- अरुले दिएको पुरानो कपडा लगाउनु पर्ने ।
- नून तेल किन्ने पैसा श्रीमानसँग माग्नु पर्ने ।
- साहुले महिलालाई ऋण नपत्याउने ।

### धार्मिक, सांस्कृतिक

- दलितहरूले वेद पढेको सुन्न हुँदैन भन्ने मान्यता ।
- पूजा,धर्मकर्म गर्न हुँदैन भन्ने मान्यता ।
- किरियापुत्रीहरू दलितसँग बोल्न हुँदैन,बराखी बारेकाहरू दलितसँग छोइन हुँदैन भन्ने मान्यता ।
- धर्मले दलित महिलालाई तुच्छ रूपमा हेर्ने गरेको ।
- धर्ममा नै दलित महिलालाई दवीइएकोले शोषण सहेर बसेका ।

### राजनीतिक

- राजनीतिक चेतना नभएकोले राजनीति गर्नहुँदैन भन्ने मान्यता ।
- दलितको नेतृत्व नस्वीकारिने भएकोले पनि राजनीतिक नेतृत्व नलिएको ।

## वर्तमान अवस्था

### शैक्षिक अवस्था

- दलित महिलाहरूले पनि उच्च शिक्षा पढेका ।
- निरक्षरहरूले प्रौढ साक्षरता कक्षा पढी नाम लेख्न सक्ने भएका ।
- मोवाइलमा नम्वर हेरी डायल गर्न सक्ने भएका ।
- विद्यालय जाने उमेरका सबै बालबालिका विद्यालय गएको अवस्था ।
- कसैकसैले छोरीलाई पनि वोर्डिङ्ग स्कुल पढाएको अवस्था ।
- दलित बालबालिकालाई पढाउने शिशु कक्षा चलाएका ।
- ज्यालामजदुरी गरेर भए पनि छोरीलाई पढाउनुपर्छ भनेर पढाएका ।

### सामाजिक अवस्था

- सामाजिक कार्य( विवाह, भोज, मर्दापर्दा)सहभागी हुन पाएको
- माथिल्लो जातकासँग छोइँदा छिटोहाल्न नपर्ने
- समुह समितिमा सहभागी हुन पाइने ।
- सार्वजनिक स्थलमा छुवाछुत कमै हुने गरेको ।
- सभासमारोहमा सहभागी हुन भएको ।
- सामाजिक हैसियत वृद्धि भएको ।
- दलित महिलालाई बोलाउँदा आदरार्थी शब्द प्रयोग गर्ने गरेका ।

### आर्थिक अवस्था

- सानातिना घर खर्च र चुरापोते लगाउन श्रीमानसँग हात थाप्न नपर्ने ।
- धरैले घर व्यवहार चलाउने गरेको ।
- समुहमा वचत गर्ने गरेका ।
- ऋण माग्न साहुकोमा मुख फाल्न नपरेको ।
- आर्थिक अवस्थाले उनीहरूलाई गरिने व्यावहार फरक भएको ।
- छोरालाई विदेश पठाउन साहुकोमा मुख फाल्न नपर्ने ।
- एकसरा गहना आफैँ बनाएर लगाएका ।
- इज्जत र प्रतिष्ठा वढको ।

### धार्मिक साँस्कृतिक अवस्था

- जन्ती, मलामी जान पाइने ।
- तीर्थव्रत र पूजाआजा गर्न पाइने तर मन्दिर प्रवेश गर्न अझै नपाएको अवस्था ।
- साइतको बेलामा दलितलाई देखे साइत पर्दैन भन्ने मान्यतामा त भएको तर पहिलाको जस्तो बाहिर नसुनाउने गरेका ।

### राजनीतिक अवस्था

- राजनीति गर्नुपर्छ भन्ने मान्यता भएको तर अहिलेसम्म कुनै पनि पार्टीको सदस्यता लिई समितिमा वसेर काम नगरेको अवस्था ।
- जुनसुकै समितिमा पनि दलित अनिवार्य भएकोले अवसर पाइन्छ त्यसैले राजनीति गर्नुपर्छ भन्ने सोच भएको ।
- राजनीति गरे दलितका सवाल उठाउन पाइन्छ भन्ने सोच भएको ।
- राजनीति गर्दा इज्जत बढ्छ भन्ने सोच भएको ।

## परिवर्तन आउनुका

### शिक्षामा

- जनचेतनाको प्रभाव ।
- सामाजिकीकरण
- शहरीकरण ।
- संघसंस्थाका कार्यक्रम ।
- आर्थिक अवस्थामा आएको सुधार ।
- निशुल्क शिक्षा ।
- छात्रवृत्तिको व्यावस्था ।
- सञ्चार माध्यम ।
- शैक्षिक संस्थाको सुविधा ।
- वैदेशिक रोजगार ।
- नीतिनियममा आएको सुधार
- लैङ्गिक चेतनामा आएको परिवर्तन ।
- बाटोघाटो खुल्नु ।

### सामाजिक अवस्थामा

- जनचेतना
- शैक्षिक स्तर सुधार
- तालिम,भ्रमण र गोष्ठीमा सहभागी हुनु ।
- सञ्चार माध्यम ।
- आर्थिक सुधार ।
- समावेशी विकासको अवधारणा ।
- विभिन्न संघसंस्थाको प्रभाव ।
- खानपान र सरसफाइमा आएको सुधार ।
- लवाइखवाइ,बोल िचाली र रहनसहनमा आएको सुधार ।
- फितलो भएपनि नियम कानुन वन्नु
- साथीसंगतीको प्रभाव ।

### आर्थिक अवस्थामा

- वैदेशिक रोजगार ।
- काम गरेको नगद ज्याला पाउनु ।
- विभिन्न समूहमा आबद्ध हुनु ।
- वचत गर्ने बानीको विकास हुनु ।
- अनावश्यक खर्च कटौती गरेर ।
- ब्यावसायमा आएको परिवर्तनको कारण ।
- घर व्यावहार आफैले गर्नाले ।
- आयमूलक कार्यक्रम गरेकोले ।
- बाटोको सुविधा ।
- संघसंस्थाको प्रभाव ।

### धार्मिक,साँस्कृतिक अवस्थामा

- शिक्षाको प्रभाव ।
- जनचेतनाको कारण ।
- सोचाइमा आएको परिवर्तन ।
- नियम कानुन वन्नु ।
- सञ्चार माध्यमको कारण ।
- धर्मप्रतिको आस्था कम हुँदै जानु ।
- नेपाल बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक मुलुक हुनु ।
- प्रविधिको विकास ।

### राजनीतिमा

- जनतामा आएको राजनीतिक चेतना ।
- विभिन्न समयमा भएका जनआन्दोलनहरू ।
- शैक्षिक स्तरमा आएको परिवर्तन ।
- देशमा आएको राजनीतिक परिवर्तन ।

उक्त अवधारणात्मक खाँकाबाट अध्ययन क्षेत्रका दलित महिलाको विगतको अवस्था र वर्तमान अवस्थाको बारेमा तुलना गरी वर्तमानमा आएको परिवर्तनलाई हेर्ने कोसिस गरिएको छ । शिक्षा, जनचेतना, तालिम, आर्थिक पक्ष, देशमा भएका राजनीतिक परिवर्तन जस्ता कुराले उनीहरूको अवस्थामा सुधार आएको कुरा कुरा जानकारी भएको छ ।

# अध्याय - तीन

# अनुसन्धान पद्धति

यस अनुसन्धानमा सेतदिोभान गा.वि.स.वडा नं.६ र ७ नं.वडाका २२ वर्षदेखि ७५ वर्षका धनी र गरिव, शिक्षित र अशिक्षित २२ जना दलित महिलाको सामाजिक अवस्थाको बारेमा उद्देश्यमूलक अध्ययन गरिने भएकाले यसमा लैंगिक दृष्टिकोण प्रयोग गरिएको छ । यस अध्ययनमा सेतीदोभानका दलित महिलाहरूमा आएको परिवर्तनलाई हेरिने भएकोले अनुसन्धान विधिको छनोट गरिएको छ । २२ जना दलित महिलाको व्यक्तिगत अध्ययन गरी अनुसन्धान विधिको माध्यमबाट समस्याको गहिराईसम्म पुगेर सत्य तथ्य पत्ता लगाइएको छ । यस अनुसन्धानमा वर्णनात्मक, अन्वेषणात्मक र अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । यो अनुसन्धानमा विशेषगरी सेतिदोभान ६र७ का दलित महिलाहरूको शैक्षिक, आर्थिक, सामाजिक, धार्मिक सांस्कृतिक र राजनीतिक अनुसन्धान गरिने भएकाले यी पक्षमा प्रभाव पार्ने विभिन्न तत्वहरूको पहिचान गरी विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

नेपालको पश्चिमाञ्चल विकासक्षेत्र भित्र अवस्थित गण्डकी अञ्चलको स्याङ्जा जिल्ला अन्तर्गत पर्ने सेतिदोभान गा.वि.स.को सबैभन्दा ठूलो र सबैभन्दा सानो वडा नं.६ र ७ लाई अध्ययन क्षेत्रको रूपमा छनोट गरिएको छ । जहाँ दलितहरूको बाहुल्यता रहेको छ । दलितमा पनि वडा नं.६ मा ७५ घरधुरी सार्की र ७ मा १६ घरधुरी विश्वकर्मा जातिको बसोवास रहेको छ । जहाँ ९१ घरपरिवार दलितको वसोवास रहेको छ । विशेषगरी यहाँका २२ वर्षदेखि ७५ वर्षसम्मका धनी र गरिव दलित महिलाहरूको सामाजिक अवस्थाको विश्लेषण गर्न खोजिएको छ । दलितहरूको शैक्षिक, आर्थिक अवस्था कमजोर हुनका कारण उनीहरूको चेतनाका स्तर धेरै पछाडि रहेको छ त्यसमा पनि दलित महिलाहरू त झन जातीय, लैङ्गिक र वर्गीय हिसाबले पछाडि परेको अवस्था छ । त्यसकारणले उनीहरूको सामाजिक सशक्तीकरणको अवस्थालाई हेर्न आवश्यकदेखि अध्ययनको लागि छनोट गरिएको छ । यहाँका दलित महिलाहरूको मुख्य पेसा भनेको कृषि, ज्यालामजदुरी र पशुपालन रहेको छ । यहाँका दलित महिलाहरूमा पछिल्लो समयमा शिक्षाका साथै विभिन्न संघ संस्थाहरूले

सहयोग गरी सामाजिक, आर्थिक सशक्तीकरण भएको छ । उनीहरूको बारेमा अहिलेसम्म कुनै अनुसन्धान भएको छैन साथै उनीहरूको अवस्थासँग शोधकर्ता स्वयं पनि परिचित भएकोले यिनै सन्दर्भमा अध्ययनको औचित्य पुष्टि भएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

दलित महिलाको सामाजिक अवस्था विश्लेषण गर्नका लागि प्रस्तुत अनुसन्धानमा प्राथमिक तथ्याङ्क संकलनबाट समस्याको अनुसन्धान ढाँचाको गहिराइसम्म पुगेर निष्कर्ष निकाल्नको लागी अन्वेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । व्यक्तिगत अध्ययनलाई व्याख्या गर्न विश्लेषणात्मक तथा वर्णनात्मक अनुसन्धान ढाँचा पनि प्रयोग गरिएको छ । सो सम्बन्धित क्षेत्रका दलित महिलाहरूको बारेमा यो भन्दा अगाडी अध्ययन नगरिएकोले यो अध्ययन आवश्यक छ । अध्ययनमा समग्रमा आर्थिक, सामाजिक, शिक्षा, स्वास्थ्य, परिवार, विवाह, भूभाग लगायतका अन्य विविध पक्षहरूलाई समेट्नु पर्ने भएकोले अनुसन्धानका विविध पद्धतिलाई अंगीकार गरिएको छ ।

## ३.३ नमुना छनोट विधि

प्रस्तुत अनुसन्धानमा अध्ययनको क्षेत्र स्याङ्जा जिल्लाको सेतीदोभान गा.वि.स.को सबैभन्दा ठूलो वडा नं ६ र सानो वडा ७ लाई लिइएको छ । यहाँ सार्की र विश्वकर्मा जातिको घना बस्ती रहेको छ । समग्रमा यी दुई वडामा १९६ घरधुरी दलितका रहे तापनि विशेष गरी यहाँका दलित महिलाहरू धेरै पिछडिएका छन् जसमध्ये अशिक्षित र वृद्ध दलित महिलालाई उद्देश्यपूर्ण नमुना छनोट विधिबाट जातीगत विविधता र उमेरगत विविधतालाई मध्यनजर गर्दै शिक्षित अशिक्षित, धनी गरीव, शिक्षित अशिक्षित, २२ वर्षदेखि ७५ वर्षसम्मका २२ जना दलित महिलालाई मात्र वैयक्तिक अध्ययनका लागि छनोट गरिएको छ । वैयाक्तिक अध्ययनका २२ जनामा विशेषगरी पुरानो पुस्ता, मध्य पुस्ता र नयाँ पुस्ताका दलित महिलाहरूलाई लिने जमर्को गरिएको छ जसमा पुरानो पुस्ताका दलित महिलाहरू त्यति नभेटिएकोले धेरैजसो दोस्रो पुस्ताका महिलाहरू रहेका छन् ।

## ३.४ तथ्यांकको प्रकृति र स्रोतहरू

यस अध्ययनमा प्राथमिक र द्वितीय स्रोतवाट तथ्याङ्क र सूचनाहरू संकलन गरिएको छ । आवश्यकतानुसार सङ्ख्यात्मक र गुणत्मक तथ्याङ्क संकलन गरिएको छ । मुख्य रूपमा प्राथमिक स्रोतबाट तथ्याङ्क संकलन गर्नका लागि व्यक्तिगत अध्ययन,अवलोकन र मुख्य सूचना दाताहरूसंग सूचना संकलन,लक्षित समुह छलफल विधि अपनाईएको छ । प्राथमिक स्रोतअन्तर्गत कार्यक्षेत्र अध्ययन, अवलोकन, अन्तर्वाता अनुसूची आदी पर्दछन् भने द्वितीय स्रोत अन्तर्गत अध्ययनसँग सम्बन्धित विभिन्न लेख, रचना, जर्नल, पुस्तक तथा अन्य सम्वन्धित कुराहरूको सहयोग लिईएको छ ।

## ३.५ प्राथमिक तथ्याङ्क संकलन विधि

तथ्याङ्क संकलन विधि छनोट गर्दा अनुसन्धानको विषय प्रकृति र उद्देश्यलाई ख्याल गर्दै समय स्रोत र साधनलाई मध्यनजर गरेर अनुसन्धानको सही परिणाम निकाल्न विश्वसनीय तथ्याङ्क तथा सूचना संकलनमा विशेष जोड दिईएको छ । अध्ययनको उत्कृष्ट परिणामका लागि अध्ययनमा अपनाइएको तथ्याङ्क संकलन गर्ने भएकोले तथ्याङ्क संकलनको लागि सही तथ्याङ्क छनोट विधि अति आवश्यक हुन्छ । तसर्थ यस विषयको अध्ययनका लागी आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका दिदीबहिनीहरूलाई भेटी उनीहरूँग आत्मीयताको वातावरण कायम गरी अध्ययनलाई अगाडि बढाउने प्रयास गरिएको छ । उनीहरूले भन्न हिच्कीचाएका कुराहरूलाई पनि सहज वातावरण वनाएर वास्तविक कुराहरू लिईएको छ । तथ्याङ्क संकलनको लागी अनुसन्धानको क्षेत्रमा गएर प्रत्यक्ष भेटघाट गरी आवश्यकतानुसार व्यक्तिगत अध्ययन,अवलोकन र मुख्य सुचनादाता विधिको प्रयोग गरी तथ्याङ्कहरू संकलन गरिएको छ ।

### क) अवलोकन

यस अनुसन्धानमा अनुसन्धानकर्ता स्वयं अध्ययन क्षेत्र नजिक वसोवास गर्ने भएकोले महिलाहरूसँग प्रत्यक्ष भेटघाट गरी सुचना लिईएको छ । पहिलाको तुलनामा अहिलेका दलित महिलाहरूको सामाजिक अवस्थामा के सुधार आएको छ ? उनीहरूको बोलीचाली र व्यवहारमा के कस्तो परिवर्तन आएको छ ? उनीहरूलाई समाजममा गरिने व्यावहारहरूको अध्ययन गर्न अवलोकन विधिको प्रयोग गरिएको छ ।

## ख) वैयक्तिक अध्ययन विधि

व्यक्तिगत अध्ययन गर्नुको उद्देश्य समग्र मूल उद्देश्यलाई अझ छर्लङ्ग पार्नु हो । उनीहरूको सामाजिक स्थितिमा आएको सुधार, विभिन्न संघसंस्थाले उपलव्ध गराएका कार्यक्रमहरूबाट उनीहरूको जनचेतनामा आएको परिवर्तन, सामजिक संरचनामा आएको परिवर्तन, नेतृत्व क्षमतामा आएको परिवर्तन, राजनीतिक चेतनामा आएको परिवर्तन, आर्थिक अवस्थामा आएको परिवर्तन, लवाइखवाई, बोलीचाली र सामाजिक हैसियतमा आएको परिवर्तन, छुवाछुतको अवस्था जस्ता कुराहरूको वास्वविकता पत्ता लगाउनको ९१ दलित घरधुरीमध्ये उद्देश्यमूलक तरीकाले २२ वर्षदेखि ७५ वर्षसम्मका, धनी र गरीव, शिक्षित र अशिक्षित, विवाहित र अविवाहित २२ जना (१७ सार्की र ५ विश्वकर्मा) दलित महिलाको व्यक्तिगत अध्ययन गरिएको छ । जसमा यसरी अध्ययन गर्ने क्रममा दलित समुदायका घरदैलो गर्नुका साथै उनीहरूसँग प्रत्यक्ष भेटवार्ता गरी आवश्यक सम्पूर्ण सूचना संकलन गरी उनीहरूमा आएको परिवर्तन र मिलेका सफलता र सन्तुष्टिहरू र भावी सोचहरूको वारेमा जानकारी लिने प्रयास गरिएको छ । पुरानो र नयाँ पुस्ताका महिलालाई समेट्नुपर्ने भएकाले व्यक्तिगत अध्ययनमा एक घरका छुट्टिएर वसेका सासुहारीलाई पनि समावेश गराईएको छ जसवाट पहिलाको अवस्था र आएको परिवर्तनलाई विश्लेषण गर्न धेरै सहज भएको छ ।

## ग) मुख्य सूचनादातासंगको अन्तवार्ता

अनुसन्धानको क्रममा उत्तरदाताले अभिव्यक्त नगरेका र अवलोकन विधिवाट प्राप्त गर्न नसकिएका कुराहरूको जानकारी लिनका लागि अध्ययन क्षेत्रभित्र र वाहिरका दलित पुरुषहरू, ब्राम्हण क्षेत्रीका जेष्ठ नागरिकहरू, गा.वि.स. प्रतिनिधिहरू, समाजसेवीहरूबाट पनि मुख्य सूचना संकलन गर्नको लागि मुख्य सूचना संकलन विधि अपनाइएको छ ।

## घ) लक्षित समूह छलफल

अनुसन्धानको क्रममा दलितहरूको सामाजिक अवस्थाको बारेमा गहिराइसम्म पुगेर धेरैकुराको जानकारी लिनको लागी विशेष गरी २२ देखि ३० वर्ष सम्मका पढेका ४ जना, ३१ देखि ५० सम्मका कोही स्कुल पढेका र कोही प्रौढ शिक्षा पढेका ६ जना र ५१ देखि ७५ सम्मका ३ जना लाई लक्षित गरी उनीहरूको अवस्थाको वारेमा गहिराइसम्म पुगेर वास्तविकता पत्ता लगाउने प्रयास गरिएको छ ।

## ३.६ कार्यक्षेत्रमा भएको सहजता

शोधकर्तालाई अध्ययन क्षेत्रमा धेरै सहयोग मिलेको अनुभूति भएको थियो । मासिक वैठकमा उनीहरू सबैजनालाई भेट गर्न सकिएको थियो । उनीहरू कृषि पेशा र ज्याला मजदुरी गर्ने भएकोले उनीहरूलाई भेट्नको लागि भने मासिक वैठक नै कुर्नु परेको थियो । प्रश्नावली भर्न खोज्दा उनीहरूले खुलेर ढुक्क साथ जवाफ दिएका थिए । प्रश्न सोध्दा सबै जनाले अर्थपूर्ण सहभागिता जनाएका थिए । उनीहरू समाजमा र आफूमा आएका परिवर्तनहरू उत्सुकताका साथ प्रस्तुत गरेका थिए त्यसकारण अनुसन्धानकर्तालाई अध्ययन क्षेत्रमा धेरै सहज भएको अनुभूति भएको थियो साथै दलित महिला सशक्तीकरणको अवस्थालाई नियाल्दा धेरै खुसी लागेको थियो ।

## ३.७ अध्ययनको विश्लेषण र प्रस्तुतीकरण

माथि उल्लिखत विभिन्न विधि,श्रोत सहित अध्ययन गरिएका २२ जना दलित महिलाको वैयक्तिक अध्ययनबाट प्राप्त भएको दलित महिलाको विगतको अवस्था, वर्तमान अवस्था र परिवर्तन आउनुका कारणहरूको विश्लेषण गरी प्राप्त जानकारीलाई व्याख्यात्मक प्रस्तुतीकरण गरिएको छ ।

# अध्याय - चार

# दलित महिलाहरूको अवस्थामा आएको परिवर्तन

## ४.१ दलित महिलाहरूको सामाजिक अवस्थामा आएका परिवर्तनहरू

सेतीदोभानका दलित महिलाहरूमा पहिलाको तुलनामा धेरै परिवर्तन आएको छ । यो परिवर्तन आफैँ आएको होइन । यसका लागि उनीहरूले धेरै नै संघर्ष गर्दै आइरहेका छन् । यहाँ आएका परिवर्तनलाई यस प्रकार उल्लेख गर्न सकिन्छ ।

### ४.१.१ शैक्षिक अवस्थामा आएको परिवर्तन

करिव ४० वर्ष पहिले धर्म अनुसार वेद पुराणहरूको पढाई हुने,संस्कृत शिक्षा मात्र लागु भएको थियो । त्यतिबेला दलितले वेद पुराणहरू सुन्न नहुने, पढ्न नहुने जस्ता परम्पराहरू थिए । वेद पुराणहरू पढ्न लागेको ठाउँमा दलितहरू आए भने पढाइ नै रोकिन्थ्यो र दलित गएपछि मात्र पढ्न सुरु गरिन्थ्यो । वेद पढ्ने बेलामा पनि दलितले सुन्यो भने कान फुट्छ भनेर कान बन्द गर्न लगाउने जस्ता चलन भएको कुरा अग्रजहरू सुनाउँछन किन यसो भएको हो त भनी बुभ्दा वेद विश्वकर्मा जातिको भएको र शिवजीले भाङ खाएर सुतेको बेलामा ब्राम्हणले चोरेकाले, वेदमा होत्रो, सनासो जस्ता विश्वकर्मा जातिले पेसा गर्दा आवश्यक सामग्रीको नाम उल्लेख भएकाले दलितलाई थाहा हुन्छ भनेर ब्रम्हणहरूले पढ्न थाले पछि सानो जातले सुन्न हुँदैन भन्ने गरेको विश्वकर्मा जातिका पण्डितहरूले भन्ने गरेको पाइयो । वर्तमान अवस्थामा भने यस्ता रुढीवादी परम्परामा परिवर्तन आएको छ । अहिले कर्मकाण्ड पढ्न चाहने दलितले पनि सजिलै पढ्न पाउने व्यवस्था रहेको छ । दलितलाई संस्कृत पढ्न धर्मले कुनै वाधा पुर्‍याउँदैन ।

अध्ययन क्षेत्रमा दलितको बाहुल्यता भएको र दलितमा पनि सार्की ७५ घर र कामी १६ घर रहेका छन् । यहाँका दलितहरूको जग्गा जमिन खासै छैन । कसैको घर मात्र छ भने कसैको थोरथोरै बारी पनि छ । उनीहरू परापूर्वदेखि नै हलो जोत्ने र ज्यालामजदुरी गरी जीवन निर्वाह गर्दै आइरहेका थिए । शिक्षा र जनचेतनाको स्तर हेर्ने हो भने सुन्य थियो । शिक्षाको अभावले गर्दा यहाँ विभिन्न विकृति र विसंगतिहरू थिए । पढ्नुपर्छ भन्ने कुरा कसैलाई पनि

थाहा  थिएन । महिला पुरुष दुवै जनाले रक्सी खान्थे । पुरुषहरूले दिनभरि भारी बोक्ने काम गर्थे र साँझ रित्तै घर फर्किने गर्थे र कति त घर नफर्की बाटैमा सुत्थे । छोरीहरूलाई ज्यालामजदुरीमा पठाउँथे र १३/१४ वर्षमा विवाह गरिदिन्थे । पढ्नु पर्छ भन्ने त सोच नै थिएन । अहिले १० वर्षको अवधिमा यहाँका दलितहरूमा धेरै परिवर्तन आएको छ । यहाँ २०५८ सालमा २ जना दलित छात्रहरूले एस.एल.सी.पास गरेका थिए । उनीहरूलाई प्रोत्साहन गर्नको लागि गा.वि.स.ले सम्मान पनि गरेको थियो । त्यो सालबाट  त्यहाँ एस.एल.सी.पास गर्नेको संख्या वर्षेनी बढेको कुरा अध्ययनबाट थाहा हुन आएको छ । यहाँ आउने बुहारीहरू पनि कोही साक्षर र कोही उच्च शिक्षा पढेका आएका छन् । देखासिकी गरेर पनि सबैले छोराछोरीलाई पढाउन थाले । २०६५ सालमा  सीता नेपालीले एस.एल.सी.पास गरेकी थिइन् । त्यसपछि यो संख्या वर्षेनी बढेर गयो । अहिले वर्षेनी २/३ जना दलित महिलाले एस.एल.सी.पास गर्छन । उनीहरू सबै गरीव र अशिक्षित परिवारका छोरीहरू भएको जानकारी भएको छ । यहाँका सवैजना दलित महिलाले प्रौढ शिक्षा पढेको छन् । अहिले धेरै वुढी आमाहरू वाहेक सवै जनाले नाम लेख्न,पढ्न र जोड घटाउ गर्न जान्ने भएको पाइयो । अलि पहिला पहिला स्कुलमा पनि जातीय विभेद हुने गरेको,दलितका छोराछोरी भनेर पढाइमा चासो दिंदैनथे त्यसैले स्कुल गएपनि ४।५ कक्षा पढेर छोडेको कुरा जानकारी गराएका छन् । अहिले भने सबै स्कुल जाने उमेरका बालबालिका स्कुल गएको पाइयो । उच्च शिक्षा पढ्ने ४४ जना पाइएको छ

व्यक्तिगत अध्ययन अनुसार पहिले दलित महिलाले पढ्नु हुँदैन घरको काम सिके पुग्छ भन्ने धारणा रहेको थियो । छोरी अर्काको घरमा जाने जात हो त्यसैले छोरीलाई पढाएर केही फाइदा हुँदैन भन्ने चलन थियो भने अहिले दलित महिलाहरू पनि पढेर अगाडि बढनु पर्छ भन्ने सोचको विकास भएको छ त्यसैले पनि वि.ए.सम्म पढन सफल भएका छन् । दलित महिलाहरूलाई हामी चूलोचौको र मेलापातमा मात्र सीमित हुनु हुँदैन,छोरीलाई पनि छोरा सरह शिक्षा दिनुपर्छ भन्ने धारणाको विकास भएको छ त्यसकारण आफ्ना छोराछोरीलाई समान व्यवहार गरी दुवैलाई निजी स्कुलमा पढाएको पाईयो भने कसैले छोरीलाई सरकारी स्कुल र छोरालाई बोर्डिङ्ग स्कुल पढाएको पाईयो । महिलाको शैक्षिक अवस्थामा परिवर्तन आएको छ भन्नेहरू शत प्रतिशत छन् ।

व्यक्तिगत अध्ययनमा दलित महिलाको शिक्षामा परिवर्तन ल्याउने कारणहरूको विश्लेषण गरिएको थियो । यसको उत्तर सबैजनाबाट हाम्रो समाजमा पहिला जस्तो रुढीवादी परम्परा छैन भन्ने आएको छ । पढ्नुपर्छ भन्ने मानसिकता सबैको बसेको छ । जनचेतनाले गर्दा दलित महिलाले पनि पढ्नुपर्छ भन्ने धारणाको विकास भएको छ । सञ्चार माध्यमले पनि विभिन्न कार्यक्रममार्फत् सबैले पढनु पर्दछ भनी उत्साहित गरेका छन् । दलित महिलालाई सरकारले छात्रवृत्तिको व्यवस्था पनि गरेको छ । राम्रो केटासँग विवाह गर्न पनि पढ्नु पर्ने भएकोले बाबु आमाले नै विद्यालयमा भर्ना गरिदिन्छन् । समाजमा सबैले छोरीलाई पढाउनु पर्छ भन्ने सोचको विकास गरेकाले नै शैक्षिक अवस्थामा परिवर्तन आएको हो । विभिन्न संघसंस्थाले पनि पढ्नु पर्दछ भनी जागरण ल्याइदिएका छन् । छोटो समयमा नै उनीहरूमा धेरै परिवर्तन आएको छ यतिसम्म कि उनीहरू छोरा त विदेश गए पनि हुन्छ तर छोरीलाई पढाउनुपर्छ भन्ने सोचको विकास भएको छ भन्छन् ।

यहाँका दलितहरूमा चेतनाको कमी हुनु, आर्थिक अवस्था कमजोर भएकोले धेरै पिछडिएर बसेका थिए । ज्यालामजदुरी गरी दिन गुजारा गर्दै आएका थिए । पढ्नु पर्छ भन्ने कुराको त उनीहरूमा चेतना नै थिएन । पुरुषहरू काम गर्न सक्ने भएपछि लाहुर (इण्डिया)जाने चलन थियो कसैले ज्याला मजदुरी गर्ने भारी बोक्ने चलन थियो भने महिलाहरूको त झन् के कुरा गर्ने उनीहरू खेतीपाती गर्ने, घरको काम गर्ने, मेलापात गर्ने चलन थियो । छोरीहरूको सानैमा विवाह गर्ने चलन थियो । १० वर्षको उमेरमा यहाँका दलितको शैक्षिक स्थितिमा धेरै परिवर्तन आएको छ । २०६८ मा २ जना पुरुषहरूले एस.एल.सी.पास गरेका थिए उनीहरू नै यो गाउँमा पहिला एस.एल.सी.पास गर्ने विद्यार्थी हुन् । त्यसपछि वर्षेनी पास हुनेको संख्या ४।५ जनाको दरले वढ्दै गयो । महिलाहरू भने २०६५ मा मात्र एस.एल.सी. पास भएका छन् । बुहारीहरू भने यो भन्दा पनि पढेलेखेका आएका थिए । हाल १२ वर्षको अवधिमा उच्च शिक्षा अध्ययन गर्नेको संख्या ४४ जना रहेको भने । मा.वि, नि.मा.वि.र प्रा.वि. तहमा पनि दलित छात्र छात्राको भर्ना संख्या त्यत्तिनै बढ्दो क्रममा छ । विद्यालय जाने उमेरका सबै वालवालिकाहरू विद्यालयमा भर्ना भएका छन् ।

समग्रमा दलितमा पनि सार्की जातिको शैक्षिक स्तर उच्च देखिएको छ । पुरुषको तुलनामा उच्च शिक्षा अध्ययन गर्ने महिला धेरै कम रहेका छन् । वडा नं. ६ मा ३५ जनामा ८ जना

महिला र ७ मा ९ जनामा ५ जना महिलाले उच्च शिक्षा अध्यान गरेका छन् । यसमा कामी भन्दा सार्की जातिका महिला धेरै छन् ।

व्यक्तिगत अध्ययन एककी मोतीमाया नेपाली भन्छिन् :*आँखा देख्दिनथें गाउँमा सबैले प्रौढ शिक्षा पढ्ने भनेर नाम लेखाउन आए मलाई पनि पढ्न मन लाग्यो नाम लेखाइ पढ्न गएँ रातीमा लाल्टिन बालेर ६ महिना प्रौढ शिक्षा पढेकी हूँ बुढेसकालमा पढेकोले धेरै पढ्न आएन । हात काम्दै नामसम्म लेख्न सक्छु । यो पनि मेरा लागि ठूलो कुरा हो जस्तो लाग्छ ।*

व्यक्तिगत अध्ययन दुईकी मंगली नेपाली भन्छिन् : *विवाह गर्दा वुहारी ९ कक्षा पढ्दै थिइन् । वुहारीको पढ्ने इच्छा थियो तर परिवारबाट नपढे पनि हुन्छ भन्ने कुरा आएकोले म आफैले जोड गरी पढ्नु पर्छ र पढाउनुपर्छ भनी घरको काम म आफैले गरी बुहारीलाई पढ्न पठाएँ । उनले राम्रोसंग पढिन एस.एल.सी.पास पनि भईन् । त्यसपछि ११ सम्म पढिन् र घरायसी जिम्मेवारीले गर्दा पढ्न छाडिन् । छोरीलाई पनि कामलाई भन्दा पढाइलाई जोडदिन्छु । मैले प्रौढ शिक्षा पढेकी हूँ । अहिले आफ्नो नामसम्म हात कमाउदै लेख्न सक्ने भएकी छु त्यसैले मलाई धेरै खुसी लाग्छ ।*

व्यक्तिगत अध्ययन तीनकी अनिता नेपाली भन्छिन् :*शैक्षिक स्तरमा सुधार गर्नु पर्छ भनी २०६२।०१।२७ गते शिशु कक्षा खोल्यौं । ।जसमा अहिले पनि दलितका धेरै बालबालिकाहरू पढ्दै आएका छन् । त्यसको लागि जग्गा सेते नेपालीले उपलब्ध गराउनु भएको छ ।भवन वनाउने काम हामी आफैंले गऱ्यौं । शिशु कोटाको लागि नमुना जागृति दलित समन्वय समितिले भन्ने संस्थाले सहयोग गरयो । शिक्षिका पनि दलितको नै राख्ने कुरा भयो जसमा अरु महिलाहरू ८ कक्षा पास गरेको कोही नभएकोले सबैले मलाई सिफारिस गर्नु भयो र मैले नै पढाउँदै आएकी छु । यहाँका २ जना पुरुषले २०५८ सालमा एस.एल.सी.पास गरेका थिए भने महिलाले भने २०६५ सालबाट एस.एल.सी.पास गर्न थालेका हुन् । जब हामीहरू सामाजिक विकासमा लाग्यौं । त्यसपछि अहिले ४४ जनाले उच्च शिक्षा पढ्ने भए ।*

व्याक्तिगत अध्ययन चारकी माया नेपाली भन्छिन् : *म ९ वर्ष पुग्दा गाउँमा सानो एउटा खरको छानो राखेर २०३५ सालमा कटेरो जस्तो स्कुल वनाएका थिए । वैशाखमा मेरी आमाले खेत खन्दै हुनुहुन्थ्यो ।सवै जनाले स्कुलमा गएर नाम लेखाएको थाहा पाएर मलाई बोलाउनु भयो  र मेलाबाट नै मलाई लगेर स्कुलमा नाम लेखाईदनु भयो । स्कुलमा*

*साथीभाइ अनि सरले पनि दलित भनेर अरुलाई भन्दा फरक व्यवहार पढाइलाई खासै चासो दिदैंनथे र पनि ५ कक्षासम्म राम्रो पढें अनि साथीहरूको लहैलहैमा स्कुल छाडें ।*

व्याक्तिगत अध्ययन पाँचकी डिलमाया नेपाली भन्छिन् : *रातीमा प्रौढ साक्षरता कक्षा पढेर मैले नाम लेख्ने र सामान्य हिसाब किताब चलाउन सक्ने भएकी छु त्यसैले ममा अहिले धेरै परिवर्तन आएको छ ।*

व्यक्तिगत अध्ययन छकी धनसुवा नेपाली भन्छिन् : *म पहिला राम्रोसँग वोल्न र परिचय दिन सक्दिनथें । बोल्न खोज्दा खुट्टा काम्थे । बोल्न भनेर उठेपछि शरीर नै काम्थ्यो र सबै बिर्सिन्थें । २।४ जना मान्छेहरू जम्मा भएको ठाउँमा जान पनि मलाई लाज र अप्ठ्यारो लाग्थ्यो । मैले के जानेकी छु र जस्तो लाग्थ्यो । गाउँमा प्रौढ शिक्षा खुलेको थाहा पाएँ र श्रीमानसँग म पनि जान्छु है पढ्न भनेर सोध्दा राती बिख पढ्न जान्छु भन्छेस् भनेर मलाई तथानाम भनेर गाली गर्नुभयो । फेरि पनि म घरको काम सकेर ६ महिना प्रौढ साक्षरता कक्षा पढ्न गएँ । अहिले म आफ्नो नाम लेख्न सक्छु । ठूलो अक्षरमा लेखेका किताबहरू पढ्न र साइनबोर्डहरू हेर्न, चिठी पढ्नसक्ने भएकी छु । पढेर मैले धेरै कुरा सिकें ।*

व्याक्तिगत अध्ययन सातकी डिलमाया नेपाली भन्छिन् : *प्रौढ साक्षरता कक्षा पढेर नै मैले नाम लेख्न र सामान्य हिसाव किताव गर्न र साइन वोर्ड छुट्याउन सक्ने भएकी छु । म समुहमा बसेपछि बोल्न र आफ्ना कुरा राख्न सक्ने भएकी छु । हाम्रा पालामा त पढ्ने चलन थिएन । पेट भर्न र हर ढाक्ननि मुस्किल पर्थ्यो, पढ्नुपर्छ भन्ने चेतना पनि दलितमा थिएन त्यसैले अन्धकारमा जीवन वितायौं छोराछोरीलाई त पढाउनुपर्छ भनि पढाएकी छु ।*

व्याक्तिगत अध्ययन नौंकी विना नेपाली भन्छिन् : *मैले ६ महिना प्रौढ साक्षरता शिक्षा पढेकी हुँ । पहिला मैले ल्याप्चे लगाउँथें । अहिले मैले हस्ताक्षर गर्न सक्ने भएकी छु । ठूला अक्षरमा लेखेका किताब पढ्न सक्छु र सामान्य हिसाव किताव गर्न सक्ने भएकी छु । पहिला म २ जना मान्छे भएको ठाउँमा वोल्न सक्दिथें । आफ्ना कुरा राख्न सक्दिनथें । पछि म विभिन्न संघ संस्थाले दिएका तालिममा पनि सहभागी हुने मौका पाएं जसले मेरो व्यावहारिक जीवनमा धेरै परिवर्तन ल्याएको छ ।*

व्याक्तिगत अध्ययन दशकी जम्मावती सुनार भन्छिन् :*हामी धेरै छोरी भएको साथै दलित परिवारमा जन्मेकोले पढाईलाई भन्दा मेलापात, घाँस दाउरा गर्ने र पशुको स्याहार गर्ने*

*कुरालाई बढी जोड दिइन्थ्यो । ठूलो परिवार भएकोले हामीलाई पाल्न बुबाआमालाई धौधौ पर्थ्यो । दिदीहरूले स्कुल पढ्नु भएन मैले ५ कक्षासम्म पढेकी हूँ ।*

व्यक्तिगत अध्ययन एघारकी टुल्की नेपाली भन्छिन् : *हामीले नपढेर दुःख पायौं छोराहरू त वरु विदेश गएर पनि खान्छन छोरीलाई त जसरी भएपनि पढाउनु पर्छ भनी पढाएकी छु । मैले ६ महिला प्रौढ शिक्षा पढेकी हूँ । अहिले राम्रोसँग आफ्नो नाम लेख्न र किताब पढ्न र सानातिना जोड घटाउ गर्न सक्ने भएकी छु ।*

व्यक्तिगत अध्ययन वाह्रकी विष्णु नेपाली भन्छिन् : *९ कक्षा पढ्दापढ्दै २०६३।०८।०३ गते सेतीदोभान,६ रंगुवा निवासी राजेन्द्र नेपालीसँग मेरो विवाह भएको हो । विवाह भएपछि पनि मैले घरको काम गर्दै ११ सम्म पुगे. त्यसपछि घर सम्हाल्न गाह्रो भएर पढ्न छोडें ।*

व्यक्तिगत अध्ययन चौधकी मिश्रा नेपाली भन्छिन् : *हाम्रो पालामा म स्कुल पढ्ने चलन त्यति थिएन । त्यसैले नाम लेख्न पनि आउँदैनथ्यो पछि ६ महिना प्रौढ साक्षरता कक्षा पढेकी हुँ ।अहिले पढ्न,लेख्न र सामान्य हिसाव किताव गर्न सक्छु ।*

व्यक्तिगत अध्ययन सोह्र की सीता नेपाली भन्छिन : *यो गाउँवाट एस.एल.सी.पास गर्ने म पहिलो दलित छात्रा हूँ । त्यसैले पनि मलाई परिवारले घरको कामलाई भन्दा मेरो पढाइलाई प्राथमिकता दिनुहुन्छ ।*

व्यक्तिगत अध्ययन सत्रकी सावी सुनार भन्छिन् :*मैले बुढेस कालमा प्रौढ शिक्षा पढेकी हूँ हात काम्दै नाम लेख्न सक्छु । धेरै खुसी लाग्छ ।*

व्यक्तिगत अध्ययन अठारकी सुनसरी नेपाली भन्छिन् :*मैले ६ महिना प्रौढ शिक्षा पढेकी हुँ । पढ्न जान्छु भन्दा वुढाले राती कसलाई भेट्न जान्छेस भनेर गाली गर्थे तर म नबोली दिन बिराउंदै भए पनि पढ्न जान्थें । जति पीर परे पनि पढ्दा मैले धेरै ध्यान दिएर पढथें सबै दिदी वहिनीहरूसँग हाँसोरंग गर्थें र मलाई पढ्न पनि राम्रै आयो । अहिले नाम लेख्छु । ठूला अक्षरमा लेखेका किताब पढ्न, जोड घटाउ गर्न सक्छु यसले ममा धेरै परिवर्तन आएको छ ।*

व्यक्तिगत अध्ययन उन्नाइसकी सेतुदेवी सुनार भन्छिन् : *गाउँमा प्रौढ शिक्षा आयो पढ्न जान्छु भन्दा वूढाले अब मास्टरनी हुन्छेस् भनी कराउनु भयो तै पनि म नटेरेर नै पढ्न गएँ र ६ महिना प्रौढ कक्षा पढें । अरुलाई भन्दा मलाई पढन आयो । मैले राम्रोसँग लेख्न र ठूला*

*अक्षरमा लेखेका किताव पढ्न सक्ने भएँ । जोड घटाउ गर्न सक्ने भएँ । अहिले घरमा केटाकेटीलाई क,ख पढाउन सक्छु । बाहिर हिन्दा नम्बर हेर्न, साइनबोर्ड हेर्न सक्ने भएकी छु । यसले पनि मलाई धेरै फाइदा भएको छ ।*

व्यक्तिगत अध्ययन एक्काइसकी सरिता वि.क.भन्छिन् : *म गरिब परिवारमा जन्मेकी हूँ । हामीले अर्काको जग्गा तीन भागेमा कमाउँछौं । वुवाआमा ज्यालामजदुरीमा पनि हिड्नुहुन्छ । मैले बिहान बेलुका घरको धन्दा, विदामा मेलापात गर्दे २०६८ सालमा श्री प्रधुम्न पनेरु उच्च मा.वि.बाट एस.एल.सी.पास गरेकी हुँ । एस.एल.सी पास गरेपछि दलित गैरसरकारी संस्था महासंघले उच्च माध्यमिक शिक्षा परिषदले दिने छात्रवृत्तिको लागि प्रोसेस गरी सहयोग गरेको थियो र त्यसैबाट नै मैले एजुकेशनबाट नेपाली विषय लिएर अहिले १२ को परीक्षा दिएर बसेकी छु । हाम्रो समाजमा शिक्षित परिवारमा पनि अझै छोरा र छोरीमा भिन्न ब्यावहार गर्ने चलन छ । मेरो परिवार त अशिक्षित अनि गरिब परिवार हो तैपनि मेरो परिवारले मलाई कामलाई भन्दा पढाइलाई जोड दिन्थ्यो । म अरुका छोरीभन्दा धेरै इमान्दार पनि थिएँ । अरको घरमा नजाने,अनावश्यक कुरा नवोल्ने, पढाइमा ध्यान दिने मेरो स्वभाव थियो । अरु साथीहरूले राम्रा राम्रा लगाउने,खाजा खाने धेरै पैसा खर्च गर्ने गर्छन् तर मैले स्कुल पढ्ने वेलादेखि नै कहिल्यै पनि अनावश्यक खर्च गरिनँ । सधै ड्रेस र सिम्पल चप्पलमा म स्कुल जान्थें र ११।१२ पनि त्यसरी नै पढें । बिहान भात खाएर गएपछि खाजा खान म घरमै आउँथें र रोटी मकै जे छ त्यही खान्थें ।*

व्यक्तिगत अध्ययन बाइसकी शोभा सुनार भनिछन् : *म मध्यम परिवारमा जन्मिएकी हूँ । हामी २ जना दिदी बहिनी मात्र हौं । हामीलाई सानैदेखि घर नजिकैको वोर्डिङ्ग स्कुलमा पढाउनु भएको हो । हाम्रो समाज दलितको घना वस्ती भएको समाज हो । दलितहरू पनि धेरै पिछडिएर रहेका छन् । अलि पहिला पढ्ने भन्ने चलन थिएन । घरको काम गर्ने, मेलापात गर्ने र सानै उमेरमा विवाह गर्ने चलन थियो । अझै पनि अरुका छोरीहरू त त्यस्तै गर्छन् । तर हाम्रो परिवारले कहिल्यै हामीलाई छोरी भनेर विभेद गरेन । हाम्रो २ हलको खेतवारी छ । भैंसी, बाख्रा पनि पाल्छौं । स्कुल पढ्ने बेलामा हामीलाई ममीले काममा लगाउनु हुँदैनथ्यो । बाहिरको काम जति सबै ममीले नै गर्नुहुनथ्यो । मैले घरमा खाना पकाउने सफसुग्घर गर्ने गर्थें । १० कक्षामा गएपछि हामी दुबै दिदीबहिनी ज्योती आवासीय इङ्गलिस वोर्डिङ स्कुल स्याङ्जामा पढयौं । त्यहीँवाट नै मैले २०६६ सालमा फस्ट डिभिजनमा*

*एस.एल.सी.पास गरेकी हुँ । त्यसपछि जे.एम.सी.पोखरामा पढ्न गएँ हाल बी.बि.एस.दोस्रो वर्षमा अध्ययन गरिरहेकी छु । बहिनीले पनि अहिले ११ मा पढ्दै छ ।*

व्यक्तिगत र स्थतगत अध्ययनअनुसार पिछडिएका दलित समुदायका महिलाहरूले विभिन्न कष्टहरू झेल्दै शिक्षालाई प्राथमिकता दिएका छन् । घरको काम सकेर विद्यालय गएर, कापी कलम किन्न मेलापाता गरेर साथै विदाको दिनमा काम गर्दै पनि उनीहरूले पढेका त्यसकारण यहाँको शैक्षिक स्तरमा भ्याप्पै माथि उठेको पाईएको छ । यो प्रगति अनुसार केही वर्षमा यहाँको बस्तीमा सबै शिक्षित हुने संकेत देखिन्छ ।

पहिला छोरीहरूलाई पढाउँन हुँदैन भन्ने धारणा समाजमा व्याप्त भएको तर अहिले भने परिवर्तन आएको देखिन्छ । दलित समुदायको भने आर्थिक अवस्था कमजोर हुनुका साथै बाबु आमाको चेतना स्तर पनि कम भए पनि अहिले दलित समुदायका सबै बालबालिकाहरू विद्यालयमा भर्ना भएका छन् । छोरालाई बोर्डिङ्ग र छोरीलाई स्कुल पढाउने चलन भने भेटिएको छ । छोरीलाई पढाउन आवश्यक छ कि छैन ? भन्ने प्रश्नको उत्तरमा धरैजसोले आवश्यक छ भन्ने उत्तर दिएका छन् ।

### ४.१.२ सामाजिक क्षेत्रमा भएको परिवर्तन

समयको परिवर्तनसँगै अध्ययन क्षेत्रमा पनि सामाजिक परिवर्तन आएको छ । पहिला यहाँका दलित महिलाहरू धेरै पिछडिएर रहेका थिए । शिक्षा, जनचेतनाजस्ता कुराहरूले यहाँको सामाजिक क्षेत्रमा धेरै परिवर्तन आएको कुरा उनीहरू बताउँछन् ।

व्यक्तिगत अध्ययन तीनकी अनिता नेपाली भन्छिन् : *यहाँका मानिसहरू रक्सी खाने, हल्ला गर्दै हिंड्थे यसलाई न्यूनीकरण गर्न अभियान नै चलाए त्यसको अगुवाइ पनि मैले गरेकी थिएँ हाल न्यूनीकरण भएको छ । दलितहरू मर्दा शसमान घाटको समस्या थियो त्यसको लागी पनि हामीहरू १ जुट भएर धेरैजसो श्रमदान र गा.वि.स.संग पनि समन्वय गरी श्मसान घाट वनाएका छौं । कसैको मृत्यु भयो भने एक माना चामल र ५० रूपैयाँ पैसा अनिवार्य रूपमा भेटीको रूपमा सहयोग गर्नु पर्ने चलन रहेको छ । यसले गर्दा हामीहरूलाई साहू महाजनकोमा ऋण माग्न जानुपरेको छैन र सामूहिक भावनाको विकास भएको छ ।*

व्यक्तिगत अध्ययन छकी धनसुवा नेपाली भन्छिन् : *घरमा र समाजमा भएका विकृति र विसंगतिलाई पनि कम गर्नका लागि म लागिरहन्छु । थोरै कमाइ भए पनि जाँड,रक्सी खाने*

*र धेरै खर्च गर्ने चलन थियो जसले गर्दा ऋण लाग्ने गर्दथ्यो । यस्ता कुराहरूको न्युनीकरण गर्नको लागि हामी सबै महिला दिदीबहिनीहरू लाग्न थाल्यौं । अहिले जाँड रक्सी पनि हामी पटक पटक रोकेर पहिलाको तुलनामा धेरै परिवर्तन आएको छ । घर वरपर फोहोर गर्ने, बच्चाबच्चीहरू पनि जे पायो त्यही बोल्ने, नराम्रा गाली गर्ने चलन थियो । अहिले यो चलनमा धेरै सुधार आएको छ । समाजमा पहिलाको भन्दा धेरै परिवर्तन आएको छ ।*

व्यक्तिगत अध्ययन बीसकी खुजुरी वि.क. भन्छिन् : *हाम्रा पालामा सानो जातलाई धेरै हिँसा गर्थे कुकुर बरु सिकुवासम्म जान पाउँथ्यो हामी आँगनको डिलमा बसेर खानुपर्थ्यो खाइसकेपछि अलक्क पानी थापेर भाँडा माभ्नु पर्थ्यो र ती भाँडा सुकेपछि मात्र आगो पानीले भ्वाइयँ पारेर मात्र भित्र लैजान्थे र ती भाँडामा आफूले खाँदैनथे ।*

व्यक्तिगत अध्ययन सत्रकी सावी सुनार भन्छिन् :*उनीहरू मरेको बेलामा सानो जातसँग बोल्ने हो भने पाप लाग्छ मरेको मान्छे स्वर्ग तर्दैन भन्ने चलन थियो र साइतको बेलामा पनि हामीलाई देख्न हुँदैन भन्ने मान्यता थियो त्यसैले अँध्यारोमै साइत गर्थे ।*

व्यक्तिगत अध्ययन अनुसार पहिला दलित महिलाहरूले जातीय रूपमा धेरै उत्पीडन सहँदै आएको बताएका छन् । दलितहरूमा पनि खानपान, रहनसहन, लवाईखवाई र बोलीचालीमा धैरै कमजोरी रहेको र अहिले उनीहरूकै प्रयासमा त्यस्ता कमजोरीहरूमा सुधार आएको छ भने गैर दलितहरूले दलितलाई गर्ने व्यवहारमा समेत परिवर्तन आएको कुरा व्यक्तिगत अध्ययनबाट जानकारी प्राप्त भएको छ ।

### ४.१.३ व्यवसायमा आएको परिवर्तन

सामान्यतया व्यवसाय भन्नाले नयाँ नयाँ आम्दानीका स्रोतहरूलाई अपनाउनु भन्ने बुझिन्छ । दलितहरू सीप र कलाका धनी हुन्छन् । धेरैजसो दलितहरूले आफ्नै व्यावसाय गरेर दिन गुजार्दै आएका हुन्छन् । अध्ययन क्षेत्रका दलित पुरुषहरू फलामको काम गर्ने, छालाका नाइराहरू बनाउने, भारी बोक्ने गर्छन भने यहाँका दलित महिलाहरू बच्चा जन्माउने, अर्काको जग्गा कमाउने, ज्यालामजदुरी गर्ने गर्दै गुजारा चलाउँदै आइरहेका थिए अहिले भने उनीहरू खेतीपाती गर्ने, तरकारी खेती गर्ने, बँगुरपालन गर्ने, व्यावसायिक रूपमा बाख्रा पालन गर्ने, कुखुरापालन गर्ने जस्ता व्यावसायहरू गरिरहेको र विभिन्न समूहमा खेल्ने गरेको

पनि पाइयो । जसको कारण महिलाहरूले पनि पैसा खेलाउने, घरको व्यवहार गर्ने गरेको पाइयो ।

व्यक्तिगत अध्ययन दशकी जम्मावती सुनार भन्छिन् :*मैले गाउँमा नै सानो किराना पसल र अन्य अति आवश्यकीय सामानको पसल गरेकी छु अलि अलि उधारो जान्छ तर चल्न राम्रो चलेको छ र आम्दानी पनि राम्रै हुन्छ ।*

व्यक्तिगत अध्ययन तेह्रकी रेवती नेपाली भन्छिन् : *पहिला श्रीमान विदेशमा हुनुहुन्थ्यो । अहिले घरमै ब्यावसायिक कुखुरापालन,जर्सीगाई पालेर दूध बेच्ने, व्यावसायिक रूपमा तरकारी खेती गर्दै आएका छौं आम्दानी विदेशमा कमाउने भन्दा धरै हुन्छ ।*

व्यक्तिगत अध्ययन अनुसार उनीहरू आजभोलि आर्थिक स्तरमा सुधार ल्याउनका लागि व्यावसायतर्फ पनि उन्मुख भएको पाइएको छ । विशेष गरी उनीहरू व्यावसायिक कुखुरापालन, तरकारीखेती, टनेलमा गोलभेडा खेती, वंगुरपालन र खुद्रापसल गरी आर्थिक पहुँच सुधार गरेका छन् । जसले गर्दा उनीहरूको आर्थिकस्तर बृद्धि हुनुका साथै सामाजिक अवस्थामा सुधार आएको पाइएको छ ।

### ४.१.४ आर्थिक अवस्थामा आएको परिवर्तन

मार्क्सले समाजको पहिचानलाई निश्चित गर्ने कारक तत्वका रूपमा आर्थिक पक्षलाई लिएका छन् । यस अर्थमा सामाजिक परिवर्तन पनि आर्थिक कारणको परिणाम स्वरूप हुन्छ । सामाजिक जीवन विचार मूल्य मान्यता, राजनैतिक व्यवस्था, कला, साहित्य आदिको निर्धारण आर्थिक उत्पादनमा निर्भर गर्छ । त्यसकारण अहिले विभिन्न संघ संस्थाहरूले वचतका कार्यक्रमहरू गर्दै आएका छन् । त्यसै अनुरूप उनीहरू पनि २०६० सालदेखि नै दलितहरूको मात्र समूह बनाई मासिक रूपमा २० रूपैयां जम्मा गर्दै आएका थिए । पछि आपसी सहयोग केन्द्र भन्ने संस्थाले २०६४ देखि ग्रामीण वचत कार्यक्रम सञ्चालन गऱ्यो । दुई वर्ष काम गरेर यो संस्थाले छोड्यो । त्यस पछाडि हिसाब किताब गर्न गाह्रो भयो र त्यो पैसालाई बाँडे । २०६६ सालदेखि दलित गैरसरकारी संस्था महासंघले दलित समुदायको सामाजिक, आर्थिक पहुँच सुधार परियोजना लागू गऱ्यो । यो परियोजनाले पनि महिलालाई लक्षित गरेको थियो त्यसकारण २०६७ सालमा महिलाहरूको समुह गठन गरी मासिक रूपमा २० रूपैयाँका दरले वचत संकलन गर्ने र बैठकमा महिलाहरूका समस्या र

उनीहरूको आर्थिक स्तर माथि उठाउन के गर्नु पर्छ भनी छलफल गर्दै गए । २०६९ असार १९ गतेका दिन उनीहरूले सृजनशील कृषि सहकारी संस्था जिल्ला सहकारी डिभिजन कार्यालयमा दर्ता गरेका छन् । उनीहरूले अन्य संघ संस्थाहरूबाट पनि थुप्रै तालिम लिएका छन् र तरकारी खेती, खुर्सानी खेती, टनेलमा गोलभेडा खेती, बंगुरपालन, कुखुरापालन, वाखापालन जस्ता थुप्रै आयमूलक कामहरू गर्दै आएका छन् । यसलाई उनीहरूको प्रगतिको रूपमा लिन सकिन्छ ।

यस सहकारी संस्थामा ४१ महिला र १३ पुरुष रहेका छन् । जसमा १ जना गैरदलितलाई पनि सहभागी गराएको पाइयो । सेयर रकाम प्रत्येकले एक हजार उठाएको र मासिक १००। उठाउँदै आएको पाइयो । सेयर सहित उनीहरूको जम्मा रकम अहिले २३०० । भएको पाइयो । जम्मा वचत र सेयर १२,४२००। भएको पाइयो । व्याज १४,२५७। भएको छ भने हर्जना ४५४। भएको पाइयो । दलित गैरसरकारी संस्था महासंघले विउ पुँजी स्वरूप ५०,०००। रूपैयाँ उपलव्ध गराएको पाइयो । यो सवै पैसा उनीहरूले आयमुलक काममा लगानी गर्ने गरेको पाइयो । समयको परिवर्तनसँगै यहाँका सबै घरका पुरुषहरू साउदी, कतार, दुबै जस्ता खाडी मुलुक र कोही कोही मलेसिया पनि गएको पाइएको छ । जसको कारण उनीहरूको आर्थिक अवस्थामा सुधार आएको पाइयो । सबैले साना घर भए पनि सिमेन्ट लगाएर चट्ट पारेर बनाएका छन् भने प्रत्येक घरमा पक्की चर्पी र पानीका धार पनि ४।५ घरको बीचमा एउटा बनाएको पाइयो ।

व्यक्तिगत अध्ययन पाँचकी डिलमाया नेपाली भन्छिन् :*सबैजना समुहमा बसे तर म समूहमा बस्ने आँट पनि गर्न सकेकी थिइनँ । सबै दिदी बहिनीहरूले मलाई भेटेर समूहमा बस्न सल्लाह दिएपछि म समूहमा बसें । सहकारीमा पनि म सदस्य छु । सहकारीमा बसेर मलाई धेरै फाइदा भएको छ । ऋण खोज्न साहु महाजानकोमा जानु परेको छैन । भनेको बेलामा सहकारीबाट ऋण लिएकी छु उता आफ्नो वचत पनि भएको छ । मैले सहकारीवाट ऋण लिएर २ वंगुर पालेकी गरेकी छु । जसले गर्दा मेरो आयआर्जनमा बृद्धि भएको छ । मलाई अहिले रमाइलो लाग्छ । आफ्ना दु:खका कुरा पनि बिसाउन पाइन्छ । त्यसैले मैले अहिले सवै दु:ख भुलेकी छु । दिन काट्न पनि सजिलो महसुस भएको छ । आफूलाई लागेका कुरा राख्न सक्ने र परिचय धुक्कसँग राख्न सक्ने भएकी छु । यो समूह र मेरा प्यारा दिदी बहिनीहरूको योगदान हो । उनीहरूलाई म धेरै धेरै धन्यवाद दिन्छु*

व्यक्तिगत अध्ययन छ की धनसुवा नेपाली भन्छिन् :*पहिला ज्यालामजदुरी गर्थ्यौं आम्दानीको अरु स्रोत थिएन त्यसैले कसैले ऋण पत्याउने थिएनन् अहिले भने दुईवटा छोरा विदेश गएका छन्, कमाइ राम्रो छ आर्थिक स्थितिमा पहिला भन्दा सुधार आएको छ त्यसैले पहिलाभन्दा अर्कै नजरले हेर्छन् ।*

व्यक्तिगत अध्ययन सातकी डिलमाया नेपाली भन्छिन् :*महिलाहरू पछि पर्नुको मुख्य कारण भनेको आर्थिक नै रहेछ मैले ज्यालामजदुरी गर्छु ,अहिले म विभिन्न समूहमा खेलेकी छु, छोरो दुबैमा छ त्यसैले पनि मलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छ ।*

व्यक्तिगत अध्ययन १८ की सुनसरी नेपाली भन्छिन् :*मेरा चार भाइ छोरा विदेशमा छन् पहिला ठूलो छोरो पठाउँदा सयकडा २ को ऋण काढेर पठाएको हो उसैले अरु भाइहरूलाई पनि बोलायो । अहिले सिमेन्ट लगाएर घर बनाएका छौं ऋण पनि छैन पैसा खेलाउन पनि पाइएको छ । आर्थिक अवस्थामा पहिला भन्दा धेरै सुधार आएको छ ।*

व्यक्तिगत अध्ययन अनुसार पहिला पिछडिएर रहेका दलित महिलाहरूमा वचत गर्ने बानीको विकास भएको र आफ्ना सानातिना आवश्यकताहरू सजिलै टार्ने गरेको पाइयो । उनीहरूको वचत गर्ने बानीको साथै, आर्थिकस्तर उन्नति भएको र उनीहरूलाई समाजमा हेर्ने दृष्टिकोणमा समेत परिवर्तन आएको पाइएको छ । यसबाट स्पष्ट हुन्छ कि आर्थिक स्तरले सामाजिक इज्जत प्रतिष्ठा बढाउन समेत सहयोग गर्छ ।

### ४.१.५ नेतृत्वमा आएको परिवर्तन

नेतृत्व भन्नाले राज्यका अङ्गहरूमा हुने सबै ठाउँमा प्रतिनिधित्व भन्ने बुझिन्छ । पहिला यहाँका दलितहरू हातमुख जोर्ने काममा मात्र व्यस्त हुन्थे भने महिलाहरू वच्चा जन्माउने र घरायसी काममा सीमित हुन्थे । ज्ञानगुनका कुरा सिक्नुपर्छ बाहिर निस्कनुपर्छ भन्ने कुरा उनीहरूलाई थाहा नै थिएन । पहिलाको अवस्थालाई हेर्ने हो भने उनीहरूको नेतृत्वलाई स्वीकारिंदैनथ्यो । ठूला जात भनाउँदासँग छोइन पाइने अवस्था पनि थिएन् । उनीहरूलाई देखेपछि बाटो तर्कनु पर्ने थियो । त्यसैले गर्दा पनि उनीहरू बाहिर निस्कन नसकिरहेको अवस्था थियो ।

व्यक्तिगत अध्ययन तीनकी अनिता नेपाली भन्छिन् :*मैले विभिन्न संघसंस्थाले संचालन गरेका सीपमुलक,आयमुलक र नेतृत्व विकास जस्ता थुप्रै तालिम लिएकी छु । सिकेका*

*कुरालाई मैले मेरो जीवनमा र घरपरिवारमा र समाजमा प्रयोग गर्ने गरेकी छु । म पहिला राम्रोसँग आफ्नो परिचय दिन सक्दिनथे । अहिले म ढुक्कसँग बोल्न र कार्यक्रम चलाउन सक्ने भएकी छु ।*

व्यक्तिगत अध्ययन चारकी माया नेपाली भन्छिन् *: म यो समाजको विकासको लागि धेरै पहिलादेखि नै नेतृत्व गर्दै आएकी छु । अलि पहिला हामीलाई कुनै पनि समुह र समितिमा सहभागी गराइँदैनथ्यो अहिले भने सबै समिति र समूहमा हामीलाई सहभागी गराइन्छ र हाम्रो आवाज पनि अलिअलि सुनिन्छ । स्थानीय स्तरका विभिन्न समूह र समितिमा बसेर दलित हकहितका लागि काम गर्दै आएकी छु । सबैका घरघर गएर सम्झाएर उनीहरूलाई बाहिर निकाल्छु । समाजमा मैले भनेपछि सवैले मान्छन् त्यसैले यहाँका दलित महिलाहरूको अवस्थामा धेरै सुधार आएको छ ।*

व्यक्तिगत अध्ययन सातकी डिलमाया नेपाली भन्छिन् :*म पहिला ज्यालामजदुरीमा कहाँ धेरै पैसा पाइन्छ भन्दै हिड्थें बिस्तारै समूहका दिदी बहिनीहरूले मलाई सम्झाएर समूहमा आबद्ध गराए त्यसपछि अहिले म विभिन्न समूह र समितिमा बस्दै आएकी छु । जसले मेरो बोल्ने वानीको विकास भएको छ भने थोरै थोरै कुरा पनि बुझ्न सक्ने भएकी छु ।*

व्यक्तिगत अध्ययन आठकी चन्द्रकला नेपाली भन्छिन् :*मैले ५ कक्षा पढेकी हूँ तर पहिला म बोल्न सक्दिनथें, आफ्नो नामभन्दा थर्रर काप्थें समूहमा बसेपछि ३।४ वटा तालिम पनि लिने मौका पाएँ । अहिले म जहाँ गएर पनि दलित महिलाका कुरा राख्न सक्ने भएकी छु ।*

व्यक्तिगत अध्ययन दशकी जम्मावती सुनार भन्छिन् :*मेरो ससुरा पनि सामाजिक काम गर्नुहुन्थ्यो र मलाई पनि प्रोत्साहन गर्नुहुन्थ्यो । म शिशु कक्षाको व्यवस्थापन समितिकी अध्यक्ष हूँ । दलित महिलाले सञ्चालन गरेको सिर्जनशील सहकारी संस्थाकी सक्रिय सदस्य हूँ र अरु समूहमा पनि म आबद्ध भएर दलित महिलाका सवालमा आवाज उठाउँदै आएकी छु ।*

व्यक्तिगत अध्ययन एघारकी टुल्की नेपाली भन्छिन् :*म सामाजिक काममा सक्रिय भएर लाग्छु समाजमा भएका नराम्रा कुराहरूमा सुधार ल्याउन सधैं लागीरहन्छु । म धेरै समूहमा बसेर काम गर्दै आइरहेकी छु । मैले सधैं दलित महिलाको हकहितको लागि आवाज उठाउँदै आएकी छु ।*

व्यक्तिगत अध्ययन बाह्रकी टुल्की नेपाली भन्छिन् :*म सिर्जनशील सहकारीकी सक्रिय सदस्य हूँ । हाम्रो समाजमा धेरै विकृतिहरू छन् : जस्तै सिनो खाने, रक्सी खाएर झगडा गर्ने, कमाइ भन्दा धेरै खर्च  गर्ने आदि विकृति न्यूनीकरण गर्न हामी निरन्तर लागेका छौं र केही कमी पनि आएको छ । अन्य समूह र समितिमा पनि म दलित महिलाको प्रतिनिधित्व गरेर सहभागी हुन्छु ।.*

व्यक्तिगत अध्ययन अठारकी सुनसरी नेपाली भन्छिन् :*म सामाजिक कार्यमा पनि त्यतिकै सक्रिय भएर लागेकी छु । हाम्रो समाज सार्की जातिको बाहुल्यता भएको समाज हो । यहाँ धेरै विकृति थिए । सिनो खाने चलनदेखि रक्सी खाने झगडा गर्नेसम्मका  विकृतिको अन्त्य गर्नका लागि हामी सधैं लागि पर्दै आएका छौं र अहिले धेरै कमी भएको छ । म धेरै समूहमा पनि बसेकी छु ।*

व्यक्तिगत अध्ययन अनुसार पछिल्लो समयमा भने उनीहरूको नेतृत्व सीपमा धेरै परिवर्तन आएको छ । विद्यालय व्यवस्थापन समिति, खानेपानी उपभोक्ता समिति, वन उपभोक्ता समिति, स्थानीय समुह संस्थाका समिति,स्वयंसेविका जस्ता समिति र पदहरूमा पनि उनीहरूको सहभागिता रहेको पाइएको छ । अन्य ठाउँका कतिपय समितिहरूमा सहभागिता भए पनि राजनीतिक रूपमा टिको लगाउने गरेको पाइयो र उनीहरूको आवाज नसुनिने गरेको पनि पाइँदै आएको छ तर यहाँ भने अर्थपूर्ण सहभागीता भएको पाइएको छ । विशेष गरी यहाँका महिला जुन समितिमा बसेका छन् त्यहाँ दलित र महिलाका समस्याका बारेमा आवाज उठाउँदै आएको कुरा अध्ययनमा   पाइयो ।

## ४.१.६ राजनीतिक नेतृत्वमा आएको परिवर्तन

नेपालमा राजनीतिमा महिलाको पहुँच कम छ । यस्तो परिस्थितिमा दलित महिलाको राजनीतिमा पहुँचको त के कुरा गर्ने । त्यसकारण यहँका दलित महिलाको राजनीति स्थिति ज्यादै न्यून भएको पाइन्छ । जसरी उनीहरूको शैक्षिक, आर्थिक, सामाजिक, जनचेतना र नेतृत्वको स्तर माथि उठेको छ त्यसरी नै राजनीतिकस्तर माथि उठ्न सकिरहेको छैन । यद्यपी विभिन्न राजनीतिक दलहरूले विभिन्न क्षेत्रमा महिला सहभागिता कम्तीमा पनि ३३ प्रतिशत पुऱ्याउने प्रतिबद्धता जाहेर गरे तापनि हालसम्म यो प्रतिबद्धता कार्यान्वयन हुन सकिरहेको छैन । यहाँका दलित महिलाहरूले कुनै निर्वाचनमा स्थान पाएका छैनन ।

अध्ययन क्षेत्रका दलित महिलाहरू अशिक्षाको कारणले गर्दा अन्य जातका महिलाहरूभन्दा राजनीतिक चेतनाबाट टाढै रहेका छन । पछिल्लो समयमा यहाँको शैक्षिक, आर्थिक र सामाजिक स्तर भ्र्याप्पै माथि उठेको छ तर राजनीतिक चेतना कमै मात्रमा आएको छ । अहिले दलित महिलाहरू शिक्षित हुनुका साथै विभिन्न क्षेत्रमा कोटाको व्यवस्थाको कारणले उनीहरूलाई थोरै भए पनि राजनीति गर्नुपर्छ भन्ने चेतना आएको छ तर पहुँच वृद्धि गर्न सकिरहेका छैनन् ।

व्यक्तिगत अध्ययन चारकी माया नेपाली भन्छिन् :*सामाजिक काममा म जति अगाडि छु राजनीतिको बारेमा मैले केही बुझ्केकी छैन् किनकि राजनीति भन्दा बित्तिकै नकारात्मक सोच भयो तर हाम्रो राजनीतिक पहुँच हुनु अति आवश्यक रहेछ भन्ने अहिले बुझ्केकी छु अब बुझ्ने कोसिस गर्दैछु ।*

व्यक्तिगत अध्ययन दशकी जम्मावती सुनार भन्छिन :*हामी सामाजिक कार्यमा धेरै अगाडि छौं छोटो समयमा धेरै परिवर्तनहरू गरेका छौं तर राजनीतिक चेतनाको स्तर भने शुन्य छ भन्दा फरक नपर्ला । जति हामी सामाजिक आन्दोलनमाा अगाडि छौं त्यति नै राजनीतिमा पनि हामी लाग्नु पर्ने रहेछ ।*

व्यक्तिगत अध्ययन सोह्रकी सीता नेपाली भन्छिन् :*म सधैं पढ्ने कुरालाई मात्र प्राथमिकता दिन्छु, सामाजिक कार्यमा पनि लागेकी छु । क्याम्पसमा पनि विद्यार्थी संगठन छन् तर मलाई राजनीतिमा लाग्नुहुँदैन भन्ने लागेर अहिलेसम्म कुनै पनि राजनीतिका कार्यक्रममा सहभागी भएकी छैन ।*

व्यक्तिगत अध्ययन सत्रकी सावी सुनार भन्छिन् :*मेरो बूढा ने.क.पा.एमालेबाट दुई पटकसम्म वडा सदस्यमा जितेर काम गर्नु भयो त्यो बेला उहाँले समाजको लागि धेरै काम गर्नुभयो । मैले पनि त्यहिबेला सदस्यता लिएकी हुँ मेरो पढाइ छैन धेरै कुरा त बुझ्दिनँ तर पनि दलितले राजनीति गर्नुपर्छ । बूढाको मृत्यु भएपछि यहाँ राजनीतिमा अगुवाइ गर्ने कोही पनि भएन दुःख लाग्छ ।*

व्यक्तिगत अध्ययन बाइसकी शोभा सुनार भन्छिन् :*मैले अहिलेसम्म कुनै पनि सामाजिक र राजनीति कार्यक्रममा सहभागी भएकी छैन । पढ्ने कुरालाई मात्र चासो दिन्छु ।*

व्यक्तिगत अध्ययनबाट आएको जानकारी अनुसार पहिला उनीहरूलाई राजनीतिप्रति नकारात्मक सोच भएको र अहिले महिलाहरू बाहिर निस्कन थालेपछि राजनीतिमा भाग लिएमा दलितको पक्षमा निर्णय गर्न पाइन्छ भन्ने कुरा व्याक्त गरेका छन् । आफू राजनीतिमा सहभागी भइयो भने समस्या राख्न पाइने थियो जसको कारण हाम्रो पिछडिएको अवस्थामा सुधार ल्याउन सहयोग पुग्ने, साधनस्रोतमा पहुँच बृद्धि गर्न र इज्जत बढाउन पनि राजनीति गर्नुपर्छ जसले दलितको स्थिति सुधारमा सहयोग पुग्ने,उनीहरूले बताउँछन् । दलित महिलाहरूमा आएको शैक्षिक परिवर्तनको कारण र मुलुकमा आएको राजनीतिक परिवर्तन र समावेशीकरणको अवधारणाले गर्दा पनि राजनीति गर्नु पर्छ दलित महिला अगाडि बढ्नुपर्छ भन्ने सोचको विकास भएको छ ।

### ४.१.७ सामाजिक हैसियतमा आएको परिवर्तन

समाजिक हैसियत भन्नाले समाजमा, सामाजिक कार्यमा व्यक्तिको भूमिका भन्ने हो । मानिस सामाजिक प्राणी भएका नाताले पनि ऊ समाजमा बस्छ र समाजका हरेक क्रियाकलापमा सरिक हुन्छ । केही समय पहिला यहाँका दलितहरूको सामाजिक हैसियतलाई हेर्दा उनीहरू धेरै पछाडि भएको पाइएको छ । समयको परिवर्तनसँगै उनी शैक्षिक, आर्थिक, नेतृत्व क्षमता, जनचेतना, राजनीतिक चेतना जस्ता कुराहरूमा परिवर्तन आएको पाइएको छ । पहिला उनीहरू ज्यालामजदुरीमा मात्र सिमित हुन्थे । खानपान र बोलीभाषामा पनि कमजोरी थियो । आवाज उठाउन सक्ने उनीहरूको क्षमता थिएन त्यसैले दबिएर नै बस्थे । अहिले उनीहरूको सामाजिक हैसियतमा भने धेरै परिवर्तन आएको छ । सामाजिक कार्यहरूमा उनीहरूलाई सहभागी गराउँछन् । स्थानीय समूह र समितिमा पनि सहभागी गराउँदै आएका छन् । यहाँका दलित महिलाहरू धेरै सक्रिय भएर अगाडि बढिरहेको अवस्था छ । समाजका कुरीति र कुसंस्कारका बिरुद्ध उनीहरू सधैं लडिरहन्छन् त्यसैले पनि उनीहरूले समाजमा आफ्नो हैसियत कायम गर्न सफल भएका छन् । सार्वजनिक कार्यहरूमा गैरदलितले पनि उनीहरूलाई साथ दिन्छन् । समाजमा भद्र भलाद्मी हुने ठाउँमा पनि उनीहरू सहभागी हुन्छन् । सार्वजनिक स्थलमा पहिलाको जस्तो विभेद हुँदैन यिनीहरू पनि समाजका अभिन्न अङ्ग हुन त्यसैले आत्मसम्मानपूर्ण वातावरणमा जिउन पाउनुपर्छ भन्ने चेतना गैरदलितहरूमा आएको छ ।

व्याक्तिगत अध्ययन तीनकी अनिता नेपाली भन्छिन् :*हामी एकजुट भएर सामाजिक कार्यमा लागेपछि समाजमा हामीलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको छ ।*

व्याक्तिगत अध्ययन चारकी माया नेपाली भन्छिन् :*पहिला म स्वयं सेविकाको तालिममा जाँदा,वुद्धिजीविको वैठकमा जाँदा खाजा खाने वेलामा गा.वि.स.अध्यक्षले नै मलाई तिमी एक जना उठे त भैहाल्यो नि हामी धेरै जना उठ्न भन्दा भनेर उठाउनु भएको थियो । अहिले भने केही कमी आएको छ  गैर दलितहरू पनि जात केही होइन तिमीहरूलाई माथि उठाउनु हाम्रो दायित्व हो भनेर हामीलाई हौसला दिन्छन् उनीहरूलाई म सधैं स्मरण गर्न चाहान्छु ।*

व्याक्तिगत अध्ययन पाँचकी डिलमाया नेपाली भन्छिन् :*पहिला मेलामा जाँदा आफूभन्दा सानाले पनि तँ, तिमीभनेर वोलाउँथे त्यो वेला म केही वोल्न सक्लैनथे जव म समुहमा वसे त्यसपछि २।४ कुरा वोल्न सक्ने भएं अहिले भने तपाई भनेर वोलाउँछन् । मलाई वोल्न सक्ने वनाउने समुहका मेरा प्यारा दिदि वहिनीहरू हुन् ।*

व्यक्तिगत अध्ययन छकी धनसुवा नेपाली भन्छिन् :*पहिला ऋण माग्न जाँदा नराम्ररी मुख फाल्थे, दिनै मान्दैनथे, चर्को व्याज लिन्थे भने अहिले चाहियो भने माग भनेर भन्छन् ।*

व्यक्तिगत अध्ययन सत्रकी सावी सुनार भन्छिन् :*पहिला सानो जात भनेर हामीलाई आफूभन्दा साना केटाकेटीले पनि तँ, तिमी भनेर बोलाउँथे भने अहिले हजुर तपाई भनेर बोलाउँछन् ।*

अध्ययन क्षेत्रमा दलित बस्ती मात्र नभएर गैरदलितहरू पनि रहेका छन् । त्यसकारण उनीहरू समूहमा संयुक्त रूपमा बस्ने गर्छन, सामाजिक कार्य पनि उनीहरू संयुक्त रूपमा नै गर्ने र मेलापात पनि मिलेर गर्ने गरेको पाइयो । व्यक्तिगत अध्ययनअनुसार पहिला उनीहरूले धेरै विभेदहरू भोग्नु परेको, सामूहिक कार्यमा, सार्वजनिक स्थलमा पनि छुट्टै बसेर खानुपर्थ्यो । जब उनीहरू संयुक्त रूपमा समूहमा बसी वचत संकलन र परिचालन गर्ने, सामाजिक कार्यमा सँगै सहभागी हुने गर्न थाले त्यसपछि जातीय विभेदमा कमी आएको, दलित महिलाहरूको आर्थिक स्तरमा सुधार आएपछि उनीहरूलाई गरिने व्यावहारमा भिन्नता आएको कुरा अध्ययनबाट जानकारी भएको छ । यसबाट स्पष्ट हुन्छ कि आर्थिक अवस्था र संगतले पनि सामाजिक हैसियतमा बृद्धि हुन्छ भनेर ।

### ४.१.८ छुवाछुत सम्बन्धी धारणामा आएको परिवर्तन

दलित महिलाहरू सार्वजनिकस्थलमा पनि छुवाछुतको दुर्व्यवहार भोग्नु परेको अवस्थाले उनीहरू सामाजिक रूपमा अपहेलित, गैरदलित महिलाले दलित महिलालाई निच सोच्नु, हेपाहा शोषण गर्ने प्रवृत्ति हावी हुनु, उनीहरूको काममा कम मूल्याङ्कन गर्नु अपशब्द घोचपेच अनादर बोधक शब्दले सम्वोधन गर्ने जस्ता व्यवहारलाई सहजै स्वीकार गर्नुपर्ने बाध्यता एकातिर छ किनकि उनीहरूको आर्थिकस्तर कमजोर छ तिनै गैरदलितको घरमा ज्याला मजदुरी गर्न जानु पर्ने अवस्था छ । घर व्यवहार चलाउन पनि माथिल्लो समुदायप्रति आशावादी हुनुपर्ने अवस्थाले गर्दा पीडित भएर जस्तोसुकै बाधा अड्चन पनि सहनुपर्ने बाध्यता छ । यहाँका दलित महिलाहरू सार्वजनिक स्थल, धारा, पँधेरा, मन्दिर, घर, भोजभतेर, सभा, समारोह, होटल आदि स्थानहरूमा छुवाछुतको समस्या भोग्ने गर्दछन् तर पहिलाभन्दा केही कमी आएको कुरा व्यक्तिगत अध्ययनबाट स्पष्ट भएको छ । दलित महिलाहरू विना परिश्रम उनीहरूको घरमा एक छाक खान पाउँदैनन् । खान दिए भने पनि अन्न केलाउने, भाँडा धोइदिने, सुकाउने, पिंध्ने जस्ता कामहरू गर्नु पर्ने हुन्छ । उनीहरूलाई सम्बोधन गर्दा पनि नामले बोलाइन्न नाम बिगारेर डल्ली, नेप्टी, चेप्टीजस्ता नाम र जाति विशेष शब्दको प्रयोग गरी बोलाउने गरेको पाइन्छ ।

दलित अछुत वर्गमा पर्ने आफ्नै परम्परागत पेशा फलामको काम र छालाको काम गर्ने जाति हो । नेपालमा विविध स्थानमा बसोबास गर्ने यी दलितहरू विशेषत: पहाडी भेगमा सेवा सुविधा नभएको ठाउँमा र तराई प्रदेशमा माथिल्ला जातिका संरक्षणमा बसेका भेटिन्छन् भने आजभोलि सबैतिर न्यून संख्यामा छरिएर बसेको भेटिन्छ । यसै क्रममा नेपालका विविध स्थानमध्ये स्याङ्जा जिल्लाको सेतीदोभान गा.वि.स.को बाँस्कोट नाच्नेडाँडा भन्ने ठाउँमा पनि उनीहरू धेरै पहिलादेखि बस्दै आएका छन् त्यसैले यो ठाउँको नाम पनि सार्की गाउँ र कामी डाँडाका नामले परिचित छ ।

पहिला पहिला दलितहरूले उपल्ला जातका ठूला वडा भनाउँदालाई भेटे भने जदौ भनेर बाटोमुनि लाग्नु पर्ने कुरा अग्रजहरू बताउँछन् । तर अहिले भने त्यसरी बाटोमा भेटिए पनि बाटो छोड्नु पर्ने चलन छैन । दलितहरूसँग छोइयो भने छिटो हाल्नु पर्ने चलन थियो । स्कुलमा सँगै बस्न पाउने थिएनन् तर पनि उनीहरू घर आउँदा छिटो हालिन्थ्यो । दलितले खाएको भाँडामा आगो पानी हाल्ने चलन अझै पनि कतै कतै भेटिन्छ । आफ्नो घरमा

भएको राम्रो कुराहरू जस्तै तरकारी फलफूलहरू गैरदलितको घरमा नै लगिदिनु पर्थ्यो । दलितको जग्गा राम्रो ठाउँमा छ भने उनीहरूलाई थर्काएर भए पनि आफ्नो नाममा बनाउने चलन थियो तर अहिले यहाँका युवाहरू छुवाछुतको कुसंस्कारलाई तोड्नुपर्छ भनी आवाजहरू उठाउने गरेको पाइन्छ । यो सामाजिक रूपमा भएको परिवर्तन हो ।

एउटा कुरा दलित समुदायमा आएको सशक्तीकरण र अर्को कुरा के देखिन्छ भने अबका ब्राम्हण, क्षेत्री र अन्य उपल्ला समुदायका युवा पुस्ताहरूले त्यस्तो सामाजिक कुरीतिलाई साथ पनि नदिने भएकाले क्रमशः जातीय भेदभावमा कमी आएको पाइन्छ । पहिलाजस्तो जथाभावी फोहोर गर्ने, जाँड रक्सी खाने हल्ला गर्ने, सिनो खाने, भर्खर जन्मेको भैंसीको पाडापाडी खाने चलनमा सुधार आएको छ । अहिले उनीहरू घर आँगन सफासुग्घर राख्ने, छोराछोरीलाई स्कुल पठाउने, आयआर्जन गर्ने काममा जोड दिएको देखिन्छ । सामाजिक एकता र सदभावको भावना बढ्दै गएको छ । पहिला जस्तो रुढीवादी परम्परामा मात्र सीमित नरही चेतनाको लहर बढ्न थालेको छ भने महिलाहरू साप्ताहिक रूपमा भगवानको व्रत वस्ने र मन्दिरमा पूजा गर्ने गर्छन ।

व्यक्तिगत अध्ययन दुईकी मंगली नेपाली भन्छिन् : *छोइछिटोमा पहिलाभन्दा धेरै कमी आएको छ । अहिले छोइयो भने पनि छिटो हाल्ने चलन छैन् । सानो जाती भनेर पहिलाको जस्तो हिंसा पनि गर्दैनन ।*

व्यक्तिगत अध्ययन तीनकी अनिता नेपाली भन्छिन् *: जातीय विभेदमा पहिलाकोभन्दा ६० प्रतिशतले कमी आएको छ भन्दा फरक नपर्ला । कहीं विभेद भएको महसुस भयो भने म आवाज उठाउँछु।*

व्यक्तिगत अध्ययन पाँचकी डिलमाया नेपाली भन्छिन् : *जातीय छुवाछुतमा पहिला भन्दा अहिले केही सुधार आएको छ । हामी गरिवले त अझै पनि होटेलमा खाएर भाँडा धुनुपर्छ ।*

व्यक्तिगत अध्ययन सत्रकी सावी सुनार भन्छिन् : *आजभोलि सानोजात भनेर पहिलाको जस्तो हेला गर्दैनन् । सामाजिक काममासँगै बसिन्छ । कसैले सँगै बसेर खान्छन्, कोही छुट्टै बस्छन् र कसैले व्रत छ भनेर खाँदैनन् तर पुरुषहरू र पढेलेखेकाले त्यति वास्ता गर्देनन् । पहिलाभन्दा धेरै सुधार आएको छ ।*

व्यक्तिगत अध्ययन उन्नाइसकी सेतुदेवी सुनार भन्छिन् : *पहिला पहिला सानो जातले धेरै हिंसा सहनु पर्थ्यो अहिले भने धेरै सुधार आएको छ । पहिलाभन्दा आधैजसो सुधार भएको छ ।*

व्याक्तिगत अध्ययन वीसकी खुजुरी वि.क. भन्छिन् : *मैले छुवाछुतको व्यवहार धेरै भोगेकी हुँ । अहिले त धेरै कमी भएको छ ।*

छुवाछुत सम्बन्धी धारणा पहिले र अहिलेमा कस्तो परिवर्तन पाउनु भएको छ ? भन्ने प्रश्नको उत्तरमा सबै उत्तरदाताले परिवर्तन आएको कुरा व्यक्त गरे । छुवाछुत सम्बन्धी धारणामा केही हदसम्म परिवर्तन आएको छ भनी उनीहरूले बताए । उपल्ला जातिले छुवाछुतको व्यवहार गरे पनि थाहा नपाउने तरिकाले आफैं तर्कने तर दलितलाई तर्क नभन्ने गरेको उनीहरूले बताए । पहिला आफूहरू उपल्ला जातका मानिसहरूसंग तर्केर हिंडनु पर्ने, छोइयो भने छिटो हाल्ने गर्दथे भने अहिले छोइयो भने छिटो हाल्दैनन् । अहिले स्कुलमा पनि यस्तो विभेद भोग्नु पर्दैन । यसबाट पनि थाहा हुन्छ कि जातीय विभेदमा पहिला र अहिलेमा परिवर्तन आएको छ भनेर । यो सबै दलितहरूमा आएको सशक्तीकरण र गैरदलितको चेतनाको स्तरमा आएको पविर्तनको प्रतिफल हो भन्दा फरक नपर्ला ।

## ४.१.९ जनचेतनामा आएको परिवर्तन

जनचेतनाले समाज परिवर्तन गर्नमा ठूलो भूमिका खेलिरहेको हुन्छ । शिक्षित हुँदैमा जनचेतना हुन्छ भन्न सकिँदैन । दलित महिलाहरू जनचेतना र शिक्षाको कमीको कारणले नै पछाडि परिरहेको अवस्था छ । अध्ययन क्षेत्रका दलित महिलाहरू पनि जनचेतनाको कमीले धेरै पिछडिएर बसेको अवस्था थियो अहिले भने उनीहरूमा जनचेतनाको धेरै विकास भएको छ । जसका कारणले शैक्षिक स्तर, आर्थिक स्तर, बोलीचाली, खानपानमा सुधार आएको कुरा उनीहरूले बताएका छन् ।

व्यक्तिगत अध्ययन दुईकी मंगली नेपाली भन्छिन् : *मैले हिजोआज घर वरपर सफासुग्घर राख्छु । खानेपानी पनि छोपेर राख्छु । सिनो खाँदैनौं पक्की चर्पी बनाएका छौं पहिला भन्दा धेरै सुधार आएको छ ।*

व्यक्तिगत अध्ययन तीनकी अनिता नेपाली भन्छिन् :*यो सार्की जातिको बाहुल्यता भएको पिछडिएको बस्ती हो । यो जातिमा पछिसम्म पनि सिनो र भर्खर जन्मेको भैंसीका पाडापाडी*

*खाने प्रचलन थियो त्यसलाई हठाउनुपर्छ भन्ने सोचले हामीले निगरानी गर्ने समूह बनाएर टोलटोलमा ब्यानर टाँस्दै सचेतनामूलक कार्यक्रम गर्न थाल्यौं जसको अगुवाई गर्नेमा म पनि थिएँ । यो अभियान चलाएपछि यदि कसैले सिनो दियो भने त्यसलाई १००० र खानेलाई ५०० दिनुपर्ने नियम चलायौं । कतिको त पकाउन लागेको मासु समेत लगेर गाडी उनीहरूलाई जरिवाना तिर्न लगायौं । निरन्तर अभियानमा लागेपछि अहिले भने ६।७ घर जतिले अझै पनि लुकेर खान्छन् । त्यसलाई पनि न्यूनीकरण गर्न हामी लागि रहेका छौं । नखाउ भन्दा झगडा समेत गर्छन् । यस्तो परिस्थितिमा पनि हामीले उनीहरूलाई सम्झाउने नमाने कारवाही गर्ने काम गर्छौं ।*

व्यक्तिगत अध्ययन पाँचकी डिलमाया नेपाली भन्छिन् :*सबैको हिंसा हुने भएको साथै खान नहुने चिज रहेछ भन्ने कुरा थाहा भएर अहिले अहिले हामीले सिनो खान छोडेका छौं । घर वरपर सफासुग्घर राख्छु । बोलीचालीमा पनि सुधार आएको छ । गा.वि.स.ले प्यान दिएको थियो र बारेर चर्पी पनि बनाएकी छु । बत्ती अरुको घरबाट ल्याएर बालेकी छु ।*

अध्ययन क्षेत्रका दलित महिलाहरूमा जनचेतनामा बृद्धि भएको कुरा व्यक्तिगत अध्ययनबाट पनि स्पष्ट हुन्छ । जनचेतनाको कारण नै उनीहरू खानपानमा सुधार गरेका, घर वरपर सफासुग्घर राख्ने गरेका, सवैले घरमा शौचालय बनाएका छन् ।

### ४.१.१० क्षमता विकासमा आएको परिवर्तन

महिलाहरू अगाडि बढ्नका लागि क्षमता विकास अति नै महत्वपूर्ण पक्ष हो । पढेर मात्र पनि क्षमता विकास हुन सक्दैन । क्षमताको विकास गर्नका लागि विभिन्न कार्यक्रमहरूमा सहभागी हुनुपर्ने हुन्छ । यहाँका दलित महिलाहरू पनि धेरै समुह, समितिहरूमा आवद्ध हुनुका साथै तालिम, गोष्ठी र सेमिनारमा सहभागी हुनुका साथै शैक्षिक स्तरमा पनि वृद्धि भएकोले पहिलाको भन्दा अहिले उनीहरूको क्षमता विकास भएको कुरा व्यक्तिगत अध्ययनबाट जानकारी भएको छ ।

व्यक्तिगत अध्ययन तीनकी अनिता नेपाली भन्छिन् :*मैले ९ कक्षा पढेकी हूँ तर म आफ्नो नाम भन्न पनि सक्दिनथेँ डर लाग्थ्यो । जब म समुहमा वसें,विभिन्न तालिमहरूमा सहभागी भएँ त्यसपछि म ढुक्कसँग आफ्ना कुरा राख्न सक्ने भएकी छु ।*

व्यक्तिगत अध्ययन चारकी माया नेपाली भन्छिन् :*म आहिले अन्याय भएको ठाउँमा विरोध गर्नसक्ने, दलित र महिलाका सवालमा खुलेर आवाज उठाउन सक्ने भएकी छु । जहाँ गएर पनि आफ्ना कुरा ढुक्कसंग राख्न सक्ने भएकी छु ।*

व्यक्तिगत अध्ययन पाँचकी डिलमाया नेपाली भन्छिन् :*म आफूलाई लागेका कुरा ढुक्कसँग राख्नसक्ने भएकी छु ।*

व्यक्तिगत अध्ययन छ की धनमाया नेपाली भन्छिन् :*जब विभिन्न संघसंस्थाले काम गर्न थालें समूह बन्ने चलन आयो । त्यसपछि म विभिन्न समूहमा आबद्ध भएँ । विभिन्न तालिममा पनि सहभागी भएं र धेरै कुराहरू सिकें । सिकेका कुराहरू ब्यावहारमा पनि उतार्न थालें । जसले मेरो क्षमता विकास भएको छ ।*

विभिन्न संघसंस्थामा आबद्ध हुनु,शिक्षाको प्रभाव पर्नु यहाँका दलित महिलाहरूको क्षमतामा वृद्धिको मुख्य कारण रहेको छ । पहिला चूलोचौको र मेलापातमा मात्र सीमित रहने दलित महिलाहरू अहिले विभिन्न समूह र समितिहरूमा आबद्ध भई आफ्ना अधिकारको लागी आवाज उठाउन सक्ने भएका छन् । यो उनीहरूको क्षमतामा भएको विकासको प्रतिफल हो ।

## ४.१.११ वोलीचालीमा आएको परिवर्तन

कुनै पनि मानिस कति सभ्य छ भन्ने कुरा उसको बोलीचालीबाट थाहा हुन्छ । माथिल्लो समुदायकाहरूले दलितको बोलीचालीलाई लिएर कति उखान टुक्काहरू पनि बनाएका छन् । बोलीचालीबाट पनि दलित हो भनेर चिनिन्छ भनी उनीहरूले भन्दै आएका छन् । अध्ययन क्षेत्रका महिलाहरूको व्यक्तिगत अध्ययनवाट आएको जानकारी अनुसार पनि उनीहरूको बोली भाषामा पहिलाभन्दा धेरै सुधार आएको, गाली गर्न छाडेको, सभ्य भाषाको प्रयोग गर्न थालेको कुरा उनीहरू बताउँछन् ।

व्यक्तिगत अध्ययन दुईकी मंगली नेपाली भन्छिन् : *घरमा पनि पहिलाको तुलनामा अहिले धेरै परिवर्तन आएको छ । अहिले बूढाले धेरै रक्सी खाँदैनन् र नराम्रो पनि बोल्दैनन् । बोलीचालीमा धेरै सुधार आएको छ ।*

व्यक्तिगत अध्ययन एघारकी टुल्की नेपाली भन्छिन् : *समाजमा नराम्रा गाली गर्ने,अपशव्दहरू बोल्ने गर्थे अहिले मेरो बोलीमा धेरै सुधार आएको छ ।*

पहिला गाली गलौज गर्ने उनीहरूमा अहिले धैरै परिवर्तन आएको छ । अरुलाई बोलाउँदा पनि आदर सत्कारका साथ बोलाउने गर्छन् । पहिलाको तुलनामा उनीहरूमा अहिले धेरै परिवर्तन आएको बताउँछन् ।

### ४.१.१२ लवाइ खवाइमा आएको सुधार

कमजोर आर्थिक अवस्था र शिक्षाको कारण दलितहरूको लवाइ खवाइ पनि कमजोर नै हुन्छ । हुन त दलितको आम्दानी माथिल्ला जातको भन्दा धेरै हुन्छ तर पनि त्यसलाई व्यवस्थित गर्न नसकिरहेको अवस्था थियो कमाइ भन्दा बढी खर्च गर्ने चलन भएको र अहिले भने धेरै सुधार आएको कुरा व्यक्तिगत अध्ययनवाट पनि जानकारी भएको छ ।

व्याक्तिगत अध्ययन चारकी माया नेपाली भन्छिन् :*यहाँ पहिला सवैले सिनो खान्थे जन हामी महिलाहरू एक भएर त्यसको विरुद्धमा लाग्यौं त्यसपछि अहिले खान छोडेका छन् । छ घर जतिले अझै पनि लुकेर खान्छन् भन्छन् ।*

व्यक्तिगत अध्ययन दशकी विष्णु नेपाली भन्छिन् : *पहिला हाम्रो घरमा सिनो, भैंसीको भर्खर जन्मेको  पाडापाडी खाने चलन थियो मैले सम्झाउन थालेपछि अहिले खाँदैनन् । भाँडाहरू सफा राख्ने,वासी खाना खाँदैनौं ।*

व्यक्तिगत अध्ययन अध्ययन अठारकी सुनसरी नेपाली भन्छिन् :*पहिला हामीले पनि सिनो, भैंसीको भर्खर जन्मेको पाडापाडी खान्थ्यौं । धेरै मासुहरू ल्याउने र गन्हाउने गरी सुकाएर राख्ने गर्थ्यौं कमाइभन्दा वढी रमाई गर्थ्यौं अहिले भने त्यस्तो धेरै मासु खाँदैनौं थोरै थोरै ल्याएर खान्छौं । वचत गर्ने वानीको पनि विकास भएको छ ।*

व्यक्तिगत अध्ययन अनुसार पहिला उनीहरू सिनो खाने, धेरै मासु खाने, कमाइ भन्दा धेरै खर्च गर्ने गर्थे अहिले भने उनीहरूले सिनो अन्त्य अभियान नै चलाएका र धेरैले खान छाडेको बताएका छन् । यसको प्रमुख कारण शिक्षा र जनचेतना हो ।

## ४.२ दलित महिलाको सामाजिक अवस्थामा परिवर्तन आउनुका कारणहरू

### ४.२.१ आर्थिक कारण

#### ४.२.१.१ वैदेशिक रोजगार

अध्ययन क्षेत्रका दलितहरूको अहिले मुख्य आम्दानीको स्रोत वैदेशिक रोजगारी भएको छ । केही वर्ष यता उनीहरू ऋण खोजेर भए पनि खाडी मुलुक जाने गरेको पाइयो । प्रत्येक घरका एकजना विदेश नभएको घरै छैन कसैका त ३।४ भाइ छोरा वैदेशिक रोजगारीमा गएको पाइयो । व्यक्तिगत अध्ययन अनुसार वैदेशिक रोजगारीले गर्दा उनीहरूको आर्थिक, शैक्षिक अवस्थामा परिवर्तन आएको कुरा जानकारी हुन आएको छ ।

व्यक्तिगत अध्ययन छकी धनसुवा नेपाली भन्छिन् :*म विवाह भएर आएदेखि नै ज्यालामजदुरी गर्दै आएकी हूँ धेरै दुःख थियो । अहिले भने दुई भाई छोरा विदेशमा छन् कमाइ राम्रै गरेका छन् त्यसैले सुख भएको छ ।*

व्यक्तिगत अध्ययन अठारकी सुनसरी नेपाली भन्छिन् :*मेरो आर्थिक अवस्था धेरै कमजोर थियो दैनिक ज्याला मजदुरी गरेर खानुपर्थ्यो अहिले भने चार भाई छोरा विदेशमा छन् त्यसैले पहिला जस्तो दुःख छैन् ।*

व्यक्तिगत अध्ययन बीसकी खुजुरी बि.क. भन्छिन् :*अहिले त विदेश जाने चलन आएको तीन भाइ छोरा विदेश जाने आउने गर्छन् । सिमेन्ट लगाएर घर बनाएका छन् । पहिला जस्तो दुःख छैन ।*

अध्ययन क्षेत्रको मुख्य आम्दानीको स्रोत भनेको नै वैदेशिक रोजगार हो । यहाँका पुरुषहरू १६ वर्ष उमेर पुगेपछि उमेर बढाएर पासपोर्ट बनाई खाडी मुलुकमा जाने गरेको पाइयो । यहाँको आम्दानीको मुख्य स्रोत भनेको वैदेशिक रोजगारी नै भएको अध्ययनबाट स्पष्ट हुन्छ । अहिले सबैका घरबाट पुरुषहरू वैदेशिक रोजगारीमा गएको पाइएको छ जसले आर्थिक अवस्थामा सुधार आएको पाइएको छ ।

### ४.२.१.२ समूहमा आवद्ध हुनु

हिजोआज विभिन्न संघसंस्थाहरूले गाउँगाउँमा गएर महिलाका समूहहरू बनाएर वचत गर्ने चलन प्रर्याप्त मात्रमा रहेको छ । मानिस सामाजिक प्राणी हो त्यसैले ऊ समूहमा बस्न मन पराउँदछ । समूह वनाएर काम गर्दा समुह साथै व्याक्तिलाई पनि धेरै सजिलो र फाइदा हुने भएकोले समुह वनाएर काम गर्ने गर्छन् । यसरी समूहहरू वनाउंदा पनि विपन्न,महिला,दलित र जनजातिलाई प्राथमिकता दिएर काम गर्नु पर्ने कुरा नीति नियममा नै उल्लेख गरिएको हुन्छ । त्यसैले पनि दलित महिलाहरू विभिन्न समूहमा आबद्ध भएर काम गर्ने अवसर प्राप्त गरेका छन् । त्यस्तै यहाँका दलित महिलाहरू पनि धेरै समूहमा आबद्ध भएर वचत गर्दै आएका छन् ।

व्यक्तिगत अध्ययन पाँचकी डिलमाया नेपाली भन्छिन् :*म ४ वटा समूहमा वसेर वचत गर्दै आएकी छु । पहिला मलाई व्यावहार चलाउन धेरै गाह्रो हुन्थ्यो अहिले भने मैले वचत गर्ने पैसा मेलामा गएर पहिल्यै जोहो गर्छु । समूहवाट सस्तो व्याजदरमा ऋण लिन पाएकीछु आवश्यकता टार्न अरुसंग मुख फाल्न जान परेको छैन र वचत पनि भएको छ ।*

व्यक्तिगत अध्ययन उन्नाइसकी सेतुदेवी सुनार भन्छिन् :*पहिला मलाई २।४ पैसा देख्न पनि गाह्रो हुन्थ्यो । सानातिना खाँचा टार्न पनि बूढासंग मुख फाल्नुपर्थ्यो अहिले भने म विभिन्न समूहमा खेलेकी छु । वचत गर्ने पैसा मेलापाता गएर, फजुल खर्च कटाएर जम्मा गर्छु । समुबाट ऋण लिन पनि सजिलो भएको छ । पैसा वचत भएको छ र सानातिना खाँचा टार्न श्रीमान्को आस गर्न परेको छैन् ।*

व्यक्तिगत अध्ययन अठारकी सुनसरी नेपाली भन्छिन् :*म चारवटा समूहमा मासिक वचत गर्छु । जसले मरो वचत पनि संकलन भएको छ र ऋण लिन पनि सजिलो भएको छ । वचत गर्नुपर्छ भनेपछि पहिल्यै मेलापात गएर सोच गरेर राख्छु ।*

यस अनुसन्धानमा अधिकाँश दलित महिलाहरू समूहका आबद्ध भएर वचत गरेको र जसले उनीहरूको आत्मावल बढ्नुका साथै ऋण लिन सजिलो भएको कुरा व्याक्तिगत अध्ययनबाट जानकारी भएको छ । त्यसैले उनीहरूको अवस्थामा परिवर्तन आउनाको कारण मध्ये वचत पनि एक हो भन्ने कुरा पुष्टि भएको छ ।

### ४.२.२ शैक्षिक कारण

#### ४.२.२.१ स्कुल/क्याम्पसको सुविधा

पढ्ने कुरालाई विद्यालयको दूरीले पनि धेरै प्रभाव पारिरहेको हुन्छ । चेतनाको कमी, रुढीवादी सोचका साथै कमजोर आर्थिक अवस्थाका कारण दलित महिलाहरू घरदेखि टाढा गएर पढ्न नसकिरहेको अवस्थामा घरदेखि नजिक स्कुल र व्याम्पस भएकोले दलित महिलाको शैक्षिक अवस्थामा सुधार आएको कुरा उनीहरू बताउँछन् ।

व्यक्तिगत अध्ययन पाँचकी डिलमाया नेपाली भन्छिन् : *घर नजिकै उच्च मा.वि. भएकोले घरको आँटो, ढिंडो खाएर छुट्टीका दिन काम गर्दै छोराले १२ पास गऱ्यो । अब कसरी पढाउने हो चिन्ता लागेको छ । छोरीहरूले पनि पढ्दै छन् ।*

व्यक्तिगत अध्ययन बाह्रकी विष्णु नेपाली भन्छिन् : *नौ कक्षा पढ्दा पढ्दै मेरो विवाह भएको हो परिवार अशिक्षित थियो स्कुल, क्याम्पस नजिक भएकोले मैले बिहान बेलुका घरको काम गर्दै ११ सम्म पढें त्यहाँभन्दा माथि लैजान सकिनँ । अरु बुहारीहरूले त बी.ए.सम्म पढेका छन् ।*

अध्ययन क्षेत्रको शैक्षिकस्तर बृद्धिमा स्कुल क्याम्पस नजिक हुनु पनि मुख्य कारण भएको उनीहरू बताउँछन् । हाम्रो समाज पितृसत्तात्मक भएकोले महिलाहरू बढीजसो पढ्न बाहिर जान नहुने भन्ने चलन थियो त्यसमा पनि दलित महिलाहरूले त झन् पढ्न हुँदैन भन्ने सोच समेत थियो । स्कुल टाढा भएकै कारण उनीहरूले पढ्न पाउँदैनथे । अहिले भने ११/१२ र स्नातक तहसम्म घर नजिकै खुलेकाले छोरी बुहारीले पनि उच्च शिक्षा पढ्न पाएको कुरा व्यक्तिगत अध्ययनबाट स्पष्ट भएको छ ।

#### ४.२.२.२ छात्रवृत्तिको व्यवस्था

विद्यालयमा निशुल्क पाठ्यपुस्तकको व्यवस्था हुनुका साथै गरिव, दलित तथा जेहेन्दार विद्यार्थीहरूको लागि छात्रवृत्तिको व्यवस्था भएकाले पनि दलितहरूको शैक्षिक अवस्थामा धेरै परिवर्तन आएको कुरा व्यक्तिगत अध्ययनबाट जानकारी भएको छ ।

व्यक्तिगत अध्ययन पाँचकी डिलमाया नेपाली भन्छिन् : *बूढाले भारी बोकेर कमाएको पैसा सबै रक्सी खाएर सक्थे । मैले मात्रै कहाँ पढाउन सक्थें र छात्रवृत्ति पाएर छोराले १२ पास गऱ्यो अब भने कसरी पढाउने हो ।*

व्यक्तिगत अध्ययन एक्काइसकी सरिता वि.क. भन्छिन् : *आर्थिक अवस्था कमाजोर थियो बिहान बेलुका घरको काम गर्दै मैले एस.एल.सी.पास गरेकी हूँ ११/१२ पढ्न छात्रवत्ति पाएँ त्यसैले सजिलो भयो ।*

विशेष गरी दलित महिलाहरू आर्थिक रूपमा पनि कमजोर हुने र चेतनाको अभावका कारण शिक्षा हासिल गर्न नसकी रहेको अवस्थामा सरकारले छात्रवृत्तिको व्यावस्था गरेपछि उनीहरूले बिहान बेलुका घरको काम गर्दै पढेको बताएका छन् । अध्ययन क्षेत्रको शैक्षिक स्तर वृद्धि हुनुमा छात्रवृत्तिले पनि महत्वपूर्ण भूमिका खेलेको अध्ययनमा पाइएको छ ।

## ४.२.३ राजनीतिक कारण

### ४.२.३.१ राजनीतिक चेतना/जनआन्दोलन

देशमा भएका परिवर्तनका हरेक आन्दोलनहरूमा दलित महिलाहरू निरन्तर रूपमा सहभागी हुँदै आएका छन् । चाहे त्यो २००७ सालको जनआन्दोलन होस् अथवा २०४६ सालको प्रजातन्त्र पुनर्बाहलीको लागि गरेको आन्दोलन अन्य समुदाय अन्य समुदाय सरह दलितहरू सक्रिय रूपमा अग्र पंक्तिमा लागेका छन् । ने.क.पा. माओवादीको १० वर्षे जनयुद्धमा होस् वा २०६२/०६३ सालको जनआन्दोलनमा दलित तथा दलित महिलाहरूको सक्रिय सहभागिता थियो भन्ने कुरा दलित तथा दलित महिलाहरूले प्राप्त गरेको सहादतले प्रमाणित गरेको छ ।

दलित महिलाहरूमा पनि आजभोली राजनीतिक चेतना आएको छ । व्यवस्थापिका संसदमा ५० जना दलितहरू मध्ये २२ जना दलित महिलाहरू थिए । त्यसैले पनि दलित महिलाहरूमा थोरै भए पनि राजनीतिक चेतना बढेको छ । राजनीतिमा भएको दलितहरूको सहभागिताले अध्ययन क्षेत्रका दलित महिलालाई पनि  प्रभाव पारेको छ ।

व्यक्तिगत अध्ययन चारकी माया नेपाली भन्छिन : *म सामाजिक काममा सानै उमेरदेखि चासो राख्थें र २०४७ सालवाट स्वयसेविका भएं त्यसपछि मैले समाजसेवा गर्दै आएकी हूँ*

*तर राजनीति गर्नुपर्छ भन्नै सोच मलाई कहिल्यै आएन । जनआन्दोलन पछिको परिवर्तन हेर्दा राजनीति गर्नुपर्छ भन्ने सोच आएको छ ।*

अध्ययन क्षेत्रका महिलाहरूमा पहिला राजनीति प्रति थोरै पनि चासो नभएको र मुलुकमा भएको राजनीतिक परिवर्तन पश्चात उनीहरूमा राजनीति गर्नुपर्छ भन्ने सोचको विकास भएको कुरा स्पष्ट भएको छ ।

## ४.२.४ सामाजिक कारणहरू

### ४.२.४.१ समूहमा आबद्ध हुनु

सामाजिक कार्यमा दलित महिलाहरू अन्य जातिका महिलाहरूसँगै समूहमा बसी वचत संकलन गर्ने र लगानी गर्ने गरेका छन् । समुहमा आबद्ध भएपछि उनीहरूमा सामुहिक भावनाको विकास हुनुका साथै समाजमा मिलेर बस्ने वानीको विकास हुनुका साथै एकताको भावनाको समेत विकास भएको पाइएको छ ।

व्यक्तिगत अध्ययन चारकी माया नेपाली भन्छिन् : *पहिला मैले सामाजिक कार्यमा हिंड्दा धैरै हिंसाको व्यावहार सहनुपर्थ्यो । जव हामी संगठित भएर समूहमा बस्यौं त्यसपछि हामी दलित महिलालाई हेर्ने नजर, गरिने व्यवहार र सम्बोधन गरिने शब्दमा धेरै भिन्नता आएको मैले पाएकी छु किनकि हामी एकजुट भएका छौं र आवाज उठाउने क्षमताको विकास भएको छ । माथिल्लो जातकाले पहिला जस्तो हिसा पनि गर्दैनन् ।*

व्यक्तिगत अध्ययन पाँचकी डिलमाया नेपाली भनिछन् : *पहिला म घरको काम र मेलापातमा मात्र सीमित हुन्थें । साना छोराछोरी र कमाइ गर्ने अरु कोही नभएकाले एक दिन मेलामा नगए बेलुका भोकै बस्नुपर्थ्यो, विरामी हुदा ऋण खोज्नु पर्थ्यो । अहिले समूहमा खेलेपछि भने धेरै सजिलो भएको छ ।*

माथिका भनाइहरूबाट पनि स्पष्ट हुन्छ कि समूहमा आबद्ध भएपछि उनीहरूलाई समाजमा हेर्ने नजर र गरिने व्यवहारमा धेरै परिवर्तन आएको अध्ययनबाट स्पष्ट भएको छ ।

### ४.२.५ नीतिगत कारण

### ४.२.५.१ नेपालको अन्तरिम संविधान

नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ को धारा १४ मा छुवाछुत तथा जातीय विभेद बिरुद्धको हकको बारेमा स्पष्टोक्ति दिइएको छ । जसमा धारा १४ को उपधारा १ मा कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेसाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानुनद्वारा निर्धारण भए वमोजिमको क्षतिपूर्ति पाउनेछ । उपधाराको २ मा कुनै व्यक्तिलाई जातजातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा सुविधा र उपयोगका कुराहरू प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश वा धार्मिक कार्य गर्नबाट वञ्चित गरिने छैन । उपधारा ३ मा कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा सुविधा वा वस्तु कुनै खास जात,जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नवाट रोक लगाउन वा त्यस्तो वस्तु सेवा वा सुविधा कुनै खास जातजातिको व्याक्तिलाई मात्र बिक्री वितरण गरिने छैन् । उपधारा ४ मा कुनै जातजाति वा उत्पत्तिका व्यक्तिहरूको समूहको उचनीच दर्शाउने, जातजातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्ने वा जातिय विभेदलाई कुनै पनि किसिमको प्रोत्साहन गर्न पाइने छैन । यसले के आशय दिन्छ भने व्यक्तिगत रूपमा दलितलाई विभेद गर्न पाईने छैन ।

अन्तरिम संविधान २०६३ को धारा २१ मा सामाजिक न्यायको हक अन्तर्गत आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित आदिवासी जनजाति, मदेसी समुदाय, उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई समानुपातिक सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुन पाइने हक हुने कुरा प्रत्याभूत गरेको छ ।

### ४.५.२.२ जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन,२०६८

यो जातीय भेदभाव तथा छुवाछुतको कसूर र सजायको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन हो । यसमा स्पष्ट रूपमा कसैले पनि जातीय भेदभाव तथा छुवाछुत गर्न वा गराउन हुँदैन, यदि गरेमा जातीय भेदभाव तथा छुवाछुत (कसूर र सजाय) ऐन,२०६८ वमोजिम कसूर गर्ने

व्यक्तिलाई तीन महिनादेखि तीन वर्षसम्म कैद वा एक हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

यस ऐन वमोजिम प्राप्त भएको उजुरी सम्बन्धित प्रहरी कार्यालयले दर्ता नगरेमा वा प्रचलित कानुन वमोजिम आवश्यक कारवाही नगरेमा सम्बन्धित व्यक्तिले सो कुराको उजुरी तोकिए वमोजिम राष्ट्रिय दलित आयोग वा स्थानीय निकायमा समेत गर्न सक्नेछ ।

### ४.५.२.३ निजामती सेवा ऐन २०४९

निजामती से्वा ऐन २०४९ को दोस्रो संशोधन २०६४।०४।२३ मा निजामती सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैंचालीस प्रतिशत पद छुटयाइ सो प्रतिशतलाई शत प्रतिशत मानी बाँकी मध्येमा दलितलाई ९ प्रतिशत आरक्षणको व्यवस्था गरिएको छ ।

### ४.५.२.४ मुलुकी ऐन

मुलुकी ऐनको  महल १९ अदलको १०.क.नं. मा कसैले कसैलाई जातिपातीको आधारमा छुवाछुतको भेदभावपूर्ण ब्यावहार गरेमा वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरूको प्रयोग गर्नबाट वञ्चित गरेमा एक वर्षसम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजायँ हुन सक्नेछ भनि उल्लेख गरिएको छ साथै वि.सं.२०२० सालदेखि नै छुवाछुतमुक्त राष्ट्र घोषणा गरिएको छ ।

### ४.५.२.५ नेपालको अन्तरीम संविधान २०६३

अन्तरिम व्यवस्थापिकाले जातीय छुवाछुतमुक्त राष्ट्र घोषणा तथा अन्तरिम संविधानले माथि उल्लिखित व्यवस्था गरे तापनि दलितहरू दिनहूँ जस्तो जातीय छुवाछुत तथा भेदभाव भइरहनुले अन्तरिम व्यवस्थापिकाको घोषणा तथा अन्तरिम संविधानलाई ठाडो उल्लङ्घन तथा चुनौती गरिएको देखिन्छ ।

### ४.२.६  सञ्चार माध्यमको प्रभाव

हिजोआज सञ्चारको प्रशस्त सुविधा भएकाले  सञ्चार माध्यमबाट नयाँनयाँ कुराहरू सुन्न र देख्न पाइने भएकाले पनि उनीहरूको अवस्थामा परिवर्तन आएको कुरा उनीहरू बताउँछन् ।

प्रत्येकका घरमा टि.भी.रेडियो भएको साथै हातहातमा मोवाइल भएकोले पनि धेरै परिवर्तन आएको छ ।

व्यक्तिगत अध्ययन सत्रकी सावी सुनार भन्छिन् :*हाम्रा पालामा अहिले जस्तो रेडियो, टि.भी.फोनको चलन हुँदैनथ्यो । कटुवाल घोकाउने, समचार पठाउने चलन थियो । धेरैपछि रेडियोको चलन आयो गाउँका मुखियाका घरमा वोल्ने कुरा ल्याएका छन् अरे भन्दा हामी सबै जना हेर्न जान्थ्यौं । रेडियोभित्र बसेका मान्छे कत्रा होलान् कति बेला निस्केलान् भनेर हेर्थ्यौं । अहिले त धेरै सजिला जमाना आएका छन् । सबैका घरघरमा टि.भी, रेडियो छन् । हातहातमा मोवाइल छन् विदेशमा भएका छोराहरूसँग दिनदिनै बोल्न पाईएको छ । जहाँसुकैका खवर सुन्न र देख्न सकिएको छ ।*

समाज परिवर्तनमा सञ्चार माध्यमले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । हिजोआज सबैका घरमा टेलिभिजन र हातहातमा मोवाइल फोन भएकोले पनि धेरै कुराहरूको जानकारी पाउन सजिलो भएको कुरा सबैबाट आएको छ ।

## ४.२.७ सामाजिक संघ संस्थाको प्रभाव

अध्ययन क्षेत्रमा विभिन्न संघसंस्थाहरूले काम गरेका छन् । अहिले जुनसुकै समूह, समिति र कार्यक्रमहरूमा पनि दलितको सहभागितालाई प्राथमिकता दिइने भएकाले पनि दलित महिलाहरूको अवस्थामा परिवर्तन आएको कुरा अध्ययन क्षेत्रका महिलाहरूको व्यक्तिगत अध्ययनबाट जानकारी भएको छ ।

व्यक्तिगत अध्ययन चारकी माया नेपाली भन्छिन् : *यहाँ विभिन्न संघ संस्थाहरूले कार्यक्रम पनि गरेका छन् । म विभिन्न संघसंस्थाका समिति र उनीहरूले सञ्चालन गरेका कार्यक्रममा सहभागी भएकी छु । त्यहाँबाट धेरै कुरा सिकेर मेरो व्याक्तिगत जीवनमा र समाजमा लागू गरेकी छु ।*

व्यक्तिगत अध्ययन अठारकी सुनसरी नेपाली भन्छिन् : *यहाँ विभिन्न संघसंस्थाका कार्यक्रममा दलितलाई प्राथमिकता दिने भएकोले पनि हामी दलित महिलामा धेरै परिवर्तन आएको छ ।*

अध्ययन क्षेत्रमा सरकारी र गैरसरकारी संस्थाहरूले दलित र महिलालाई लक्षित गरी कार्यक्रमहरू गरिरहेको कुरा व्यक्तिगत अध्ययनबाट स्पष्ट भएको छ । उनीहरूले संस्थाका कार्यक्रमहरूबाट धेरै कुरा सिक्ने अवसर पाएका छन् । उनीहरूको भनाइ अनुसार उनीहरूमा परिवर्तन आउनुमा संघसंस्थाका भूमिका पनि मुख्य रहेको माथिको भनाइबाट पनि स्पष्ट हुन्छ ।

### ४.७.१.१ तालिम/गोष्ठी/भ्रमण

यस अध्ययन क्षेत्रका दलित महिलाहरूको क्षमतामा अभिबृद्धि भएको कुरा व्यक्तिगत अध्ययनबाट जानकारी भएको छ । जसमा उनीहरूमा परिवर्तन आउनुको एउटा कारण विभिन्न संघसंस्थाले आयोजना गरेका तालिम, गोष्ठी र भ्रमण भएको कुरा उनीहरूले बताएका छन् ।

व्यक्तिगत अध्ययन बाह्रकी विष्णु नेपाली भन्छिन् : *मैले विभिन्न संघसंस्थालले सञ्चालन गरेका नेतृत्व विकास, अधिकारमुखी अवधारणा, प्रजनन स्वास्थ्य सम्बन्धी, सहकारी व्यवस्थापन सम्बन्धी तालिममा भाग लिएकी छु जसले मलाई धेरै परिवर्तन गराएको छ ।*

व्यक्तिगत अध्ययन की चौधकी मिश्रा नेपाली भन्छिन् : *म पहिला घरको काममा मात्र सीमित हुन्थें जब समूहमा बसें त्यसपछि मैले समूह व्यवस्थापन, नेतृत्व विकास, तरकारी खेती जस्ता तालिममा सहभागी हुने मौका पाएँ त्सपछि मेरो ममा धेरै परिवर्तन आएको छ ।*

अध्ययन क्षेत्रका महिलाहरूमा परिवर्तन आउनुको मुख्य कारण भनेको तालिम, गोष्ठी भ्रमण मुख्य रहेका छन् । यहाँका महिलाहरूमा छोटो समयमा धेरै परिवर्तन भएको देख्न पाइन्छ यसो हुनुमा तालिम, गोष्ठी, अवलोकन भ्रमण मुख्य भएको उनीहरूको भनाइबाट पनि स्पष्ट हुन्छ ।

अध्याय - पा“च

# सारांश, निष्कर्ष र सुझाव

यस शोधको मुख्य उद्देश्य रंगुवा, नाच्नेडाँडामा वसोवास गर्ने दलित महिलाहरूको सामाजिक अवस्थाको अध्ययन गर्नु रहेको छ । नेपालमा छरिएर रहेका सवै जातजातिका आआफ्नै सामाजिक, आर्थिक अवस्था विद्यमान रहेकोमा यस क्षेत्रका दलित पनि आफ्नोपनको परिचय दिइरहेका छन् । यस अध्ययनको सिलसिलामा २०७० असार महिनामा स्थलगत सर्वेक्षण गरी दलित समुदायसंग सम्बन्धित विभिन्न तथ्याङ्क संकलन गर्दा प्राथमिक विधि अन्तर्गत अवलोकन प्रश्नसूचीद्धारा अन्तवार्ता,व्यक्तिगत अध्ययन र द्वितीय तथ्याँङ्क सङ्कलन विधि अन्तर्गत दलित समुदाय र उनीहरूले गरेका कामको सर्वेक्षण,उनीहरूको सामाजिक बिवरण, विभिन्न विद्वानद्वारा प्रकाशित पुस्तक, लेखरचना, विभिन्न संघसंस्थाले प्रकाशन गरेका कितावहरू जस्ता सामग्री प्रयोग गरियो । अनुसन्धानको उद्देश्य अनुरूप उनीहरूको शैक्षिक, आर्थिक, सामाजिक र राजनीतिक पक्षहरूको बिश्लेषण गरी उनीहरूको अवस्थामा आएको परिबर्तन र  परिबर्तन आउनुका कारणहरू अध्ययन गरियो ।

## ५.१ सारांश

भारतमा सन १९५० को दशकदेखि वढी प्रचलनमा आएको दलित शब्द नेपालमा एक दशकदेखि निकै चर्चा र छलफलको विषय वन्दै गएको छ । वृहत नेपाली शव्दकोषले दलित समुदायलाई फग्ल्याँटै फग्ल्याँटा पारिएको,दलितएको, दमन गरिएको,कुल्चिएको,विध्वंश पारिएको भन्ने अर्थ जनाउँछ । ई.सन. ४०० पछि भारतवाट लखेटिएका पुरेतहरूले तत्कालिन नेपालको तराई प्रदेश हुदै पहाडी प्रदेश र वाग्मती प्रदेश र काठमाडौ उपत्याकामा छुवाछुत भित्रयाएका थिए । पछि जयस्थिति मल्ल र राम शाहले यसलाई संस्थागत गर्दै गए । २३७ बर्षसम्म नेपाल एकीकरणको नाममा पृथ्वीनारायण शाहले जातपात छुवाछुत र हिन्दु राष्ट्रलाई संस्थागत गरे । जातिय कारणले नै दलितहरू राज्यका सेवा सुब्धिावाट पनि वञ्चित हुन पुगे ।

नेपाली समाजमा पितृसत्ताले सदियौदेखि जरो गाडेर वसेको अवस्था छ । महिलालाई दोस्रो दर्जाको नागरीकको रूपमा लिईन्छ भने दलित महिलाहरू लैङ्गिक,जातीय र बर्गीय रूपमा पछाडी परेको अवस्था छ । फलस्वरूप उनीहरू भूमिहिन, निर्णय प्रकृया तथा साधनस्रोत र

शान्ति सुरक्षामा पहुँच विहीन, लैङ्गिक विभेद तथा घरेलु हिंसा, बलात्कार, चेलीबेटी बेचविखन र यौन शोषणका सिकार हुन वाध्य हुन परिरहेको अवस्था छ । उनीहरू घरपरिवार र श्रीमानवाट  पनि अन्य समुदायका महिला भन्दा पीडित छन् । यति हुँदाहुँदै पनि उनीहरू दु ख सुख  परिवार अनि समाजमा मिलेर बस्न बाध्य हुँदै आएको अवस्था छ । अन्य जातिको तुलनामा दलित महिलाहरूलाई हेर्दा जातीय शोषण, छुवाछुत, कानुनी अनविज्ञता, चेतनाको कमी, साक्षरताको कमी, साधन स्रोतको कम पहुँच, राज्यद्धारा व्यवस्थित भएका कानुनी व्यावस्थाको वारेमा जानकारी नहुनु सबै जातीय दमन र छुवाछुतको सिकार भई बाँच्न विवश हुनु परेको अवस्था छ । समाजमा अन्य जातिले हेपाहा प्रवृत्तिले हेर्नु, आर्थिक अवस्था कमजोर हुनु, ज्याला मजदुरीमा भर पर्नु पर्ने, आयआर्जनको स्रोत नहुनु, शिक्षा र चेतनाको स्तर कमजोर हुनु, तागाधारी र मतवाली महिलाहरू भन्दा दलित महिलाले बच्चाहरू धेरै जन्माउने र स्याहार सुसार गर्नु पर्ने राम्रो खानपान नहुने, आराम नहुने जस्ता कुराले स्वास्थ्यमा प्रतिकूल असर पर्ने गरेको पाइन्छ । दलित महिलाहरूको कामको उचित मूल्याङ्कन नहुँदा उचित पारिश्रमिक पाउन सकेका छैनन् । महिलाहरूले पुरुष सरह काम गरे तापनि पुरुष सरह ज्याला पाउँदैनन् जसको कारण उनीहरू पछाडि परेको तितो यथार्थ हो । पहिला विद्यालय जानेको संख्या शून्य थियो यसको मूल कारणमा जातीय विभेद, दलितले पढेर कुनै सेवामा प्रवेश गरेको नदेखिनु, घरको आर्थिक अवस्थाले धान्न नसक्नु,पढ्नुपर्छ भन्ने चेतना नहुनु, आर्थिक अभावले इच्क्ष्छा भएर पनि पढ्न नपाउनु थियो ।

विगतको तुलनामा अध्ययन क्षेत्रका दलितहरूमा अहिले धेरै परिवर्तन आएको छ । सवै विद्यालय जाने उमेरका बालबालिकाहरू विद्यालय गएका, छोरीवुहारीले बी.ए.सम्म पढेको पाइएको छ । यहाँका दलित महिलाहरू पौरखी भएर विभिन्न तालिमहरू लिएर आयआर्जन पनि गरेका छन् । वचत गर्ने वानीको विकाश भएको छ । साना तिना समस्याहरू टार्न श्रीमान्को भर पर्नु पर्दैन । उनीहरूको जग्गा जमिन कम छ भएको पनि उत्पादनशील छैन । कतिपयको त घर वनाउने ठाउँ पनि छैन त्यसैले साना साना घरहरू गुजुप्प वनाई बसेका छन् । दलित महिलाहरूको शैक्षिक चेतनाको स्तर बृद्धि हुँदै गएको छ जसको फलस्वरूप सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, सांस्कृतिक र नेतृत्व तहको अवस्थामा परिवर्तन आएको पाइयो । छोरीलाई पनि पढाउनुपर्छ भन्ने धारणाको विकास हुनुका साथै छोराछोरीलाई नियमित स्कुल पठाउने गरेको पाइयो । छोरीलाई स्कुल र छोरालाई बोर्डिङ्ग पढाउने चलन भने केहीहदसम्म कायमै रहेको पाइयो भने कसैले समान अवसर दिएको पनि

पाइयो । सामाजिकीकरण प्रकृयामा पनि छुवाछुत प्रथामा कमी हुँदै आएको, मन्दिरमा पूजा गर्न नपाइने, विद्यालयमा छुवाछुत नभएको, सार्वजनिक स्थलमा छुवाछुत धेरै कम भएको, सामूहिक कार्यमा गैरदलितका केही महिलाहरूले दलित महिलासँगै बसेर खाने, केहीले खाने वेलामा छुट्टै बसेको पाइयो तर दलितसंग नछोइन भने गरेको भने पाइएन । उनीहरू पहिला भन्दाधेरै सचेत र सुधार भएका छन् । जातिय विभेदका सवालमा धेरै आवाज उठाउदै आएका छन् त्यसैले पहिलाको तुलनामा अहिले धेरै सुधार आएको पाइएको छ ।

## ५.२ अध्ययनको सारांश प्राप्ति

यस अध्ययनमा मुख्य रूपमा व्यैयक्तिक अध्ययन विधिको प्रयोग गरिएको साथै अवलोकन र मुख्य सूचनादाता विधिबाट प्राप्त भएका गुणात्मक तथ्याङ्कलाई विश्लेषण गर्दा प्राप्त भएका प्राप्तिहरूलाई निम्न बुँदामा उल्लेख गरिएको छ ।

- छोरी भनेको अर्काको घरमा जाने जात हो, काम जानेको बुहारी विवाह गर्नु पर्छ भन्ने चलनले गर्दा उनीहरूलाई जतिसक्दो काममा लगाउनुपर्छ भन्ने सोचले गर्दा पनि दलित महिलाहरू शिक्षाको अवसरबाट वञ्चित हुनुपरेको पाइयो ।
- बुहारीहरूले बुहार्तन खेप्नु परेको, समाजमा भद्रभलाद्मी हुन नपाइने अवस्था जसले गर्दा पनि महिलाहरू पछाडि पर्दै गएको पाइयो ।
- अलि पहिला स्कुलमा पनि दलितहरूलाई विभेद गर्ने, पढाइलाइ चासो नदिने क्षमता प्रष्फुटन हुने कार्यक्रममा सहभागी नगराउने जस्ता कुराहरूले पनि उनीहरू पछाड पर्न बाध्य भएको पाइयो ।
- पछिल्लो समयमा सबै महिलाहरूले प्रौढ साक्षरता कक्षा पढेर आफ्नो नाम लेख्न सक्ने, कसैले पढ्न लेख्न सक्ने र सामान्य हिसाव किताव गर्न सक्ने भएको जसले व्यक्तिगत जीवनमा र समाजमा धेरै परिवर्तन गरेको पाइयो ।
- हाल बुहारीहरू पनि पढेका आएकाले समाजमा रहेका विकृति र विसंगतिलाई न्यूनीकरण गर्दै पछिल्लो समयमा उनीहरू विभिन्न समुह,संस्था र समितिहरूमा आबद्ध भई बाखापालन, व्यावसायीक कुखुरापालन, बंगुरपालन, तरकारी खेती गरेको पाइयो ।
- शैक्षिक स्तर बृद्धि गर्न शिशु कक्षा सञ्चालन गरेको, विद्यालय जाने उमेरका सबै बालबालिका स्कुल गएको र उच्च शिक्षामा पनि पहुँच बृद्धि भएको पाइयो ।

- दलित महिलाहरूले विभिन्न तालिमहरू प्राप्त गरी व्यक्तिगत, जीवन, घरपरिवार र समाजमा परिवर्तन गरेको निर्णय प्रकृयामा महिलाहरूको भूमिका बढेको पाइयो ।
- पछिल्लो समयमा छुवाछुतमा कमी आएको र आत्मासम्मानमा बृद्धि भएको पाइयो ।

## ५.३ निष्कर्ष

यस अध्ययनमा दलित महिलाहरूको सामाजिक अवस्थालाई विश्लेषण गरिएको छ । हाम्रो समाजमा पितृसत्तात्मक सोचका कारण महिलाहरू अझै पनि धेरै पिछडिएर रहेको अवस्था छ त्यसमा पनि दलित महिलाहरू झन् धेरै पछाडि छन् । समाज र राष्ट्रको विकासका लागि महिला र पुरुष दुबैलाई समान गतिमा लैजानु पर्ने हुन्छ । मानव अधिकार र प्रजातन्त्रको चरम वहस चलिरहेको वर्तमान अवस्थामा, गाउँ टोलमा प्रसस्त स्कुल र क्याम्पसहरू खुलेका, विभिन्न सरकारी र गैरसरकारी संस्थाहरूले विभिन्न चेतनाममूलक कार्यक्रम सञ्चालन गरेको अवस्थामा यस रंगुवा नाच्ने डाँडाका दलित महिलाहरू अन्य जातिका महिलाको तुलनामा पुग्न नसके पनि उनीहरूमा पहिला भन्दा धेरै परिवर्तन आएको पाइयो । शैक्षिक स्तरलाई हेर्ने हो भने यहाँका दलित महिलाहरू ३ जनाले उच्च शिक्षा पढ्दै गरेका, ९ जना ५ कक्षा देखि १० कक्षा सम्म पढेका, ८ जना प्रौढ साक्षरता कक्षा पढी नाम लेख्न सक्ने भएका छन् र १ जनाले अक्षर पनि नचिनेको पाइयो । सामाजिक क्षेत्रमा पनि उनीहरू सबैजना एकजुट भएर लाग्ने, मर्दापर्दा सहयोग गर्ने, गरेको पाइयो । आर्थिक अवस्थामा सुधार गर्नका लागी उनीहरूले विभिन्न समूहमा बस्ने वचत संकलन गर्ने साथै सानातिना खाँचा टार्न साहूको घरमा मुख फाल्न जान नपरोस् भनी सिर्जनशील सहकारी संस्था खोलेको पाइयो । बोलीचाली, लवाइखवाइ, सरफाइमा, पनि सुधार आएको पाइयो । उनीहरूले आयमुलक काम गरी आर्थिक पहुँच बृद्धि गरेका, समाजमा नेतृत्व गर्नसक्ने क्षमतामा समेत विकास भएको पाइयो ।

परिवर्तन आउनुका कारणमा राजनीतिक चेतनाको विकास हुनु, जनआन्दोलनले पारेको प्रभाव, दलितलाई राहत हुने ऐन नियमको केही हदसम्म भए पनि प्रभाव परेको पाइयो । सञ्चार माध्यम नयाँनयाँ कुराहरूको जानकारी गराउने साथै हातहातमा मोवाइल फोनको कारणले उनीहरूमा परिवर्तन आएको पाइयो । घर नजिकै स्कुल क्याम्पसको सुविधा हुनु,घर नजिक पानीका धारा बन्नु, यातायातको सुविधा हुनु, सरकारले दशसम्म निःशुल्क शिक्षाका साथै छात्रवृत्तिको व्यवस्था गर्नु, सरकारी गैरसरकारी संघसंस्थाका कार्यक्रम र तालिम, भ्रमण

गोष्ठीले जनचेतनाको विकास हुनु, वैदेशिक रोजगार, बचत गर्ने वानीको विकास जस्ता कुराहरूले गर्दा उनीहरूमा परिवर्तन आएको कुरा व्यक्तिगत अध्यानवाट जानकारी हुन आएको छ ।

मार्क्सले आर्थिक प्रकृयाका आधारमा समाजको व्याख्या गरी समाजलाई अर्थ व्यवस्थाको निर्धारित उपज मानेका छन् । समाजका सबै पक्ष र प्रकृयाहरू आर्थिक पक्षले नै निर्धारण गर्छ भने जस्तै यहाँका दलित महिलाहरूमा पनि आर्थिक सम्वृद्धिका कारण उनीहरूको सामाजिक अवस्थामा परिवर्तन आएको छ ।

## ५.४ सुझाव

यस अध्ययनमा अध्ययन क्षेत्रका दलित महिलाहरूको सामाजिक अवस्थामा पहिलाको तुलनामा अहिले धेरै सुधार आएको छ । आर्थिक समृद्धि र चेतनाको विकास नगरी यहाँका दलित समुदायका महिलाहरूमा शैक्षिक स्थितिमा सुधार ल्याउन मुस्किल देखिएकोले उनीहरूको आर्थिकस्तर र चेतनाको स्तरमा बृद्धि गर्नु पर्ने देखिन्छ त्यसकारण उनीहरूलाई सशक्त बनाउनका लागि निम्न विषयमा निम्न कुराहरूमा ध्यान दिनुपर्ने देखिन्छ ।

- जनचेतनामूलक कार्यक्रमहरूलाई निरन्तरता दिनुपर्ने जसमा दलितलाई मात्रै नभएर अन्य जातिका व्यक्तिहरूलाई पनि सहभागी गराउँदा छिटै परिवर्तन हुने देखिन्छ ।
- आर्थिकस्तर बृद्धि गर्नको लागि जग्गा हुनेले ब्यावसायिक तरकारी खेती र नगदेबाली लगाउने र नहुनेले बाख्रा, वंगुर र कुखुरापालन गर्दा नगद आम्दानी लिन सकिने सम्भावना देखिन्छ ।
- राजनीतिमा पहुँच वृद्धि गर्न सकेमा समाजमा परिवर्तन ल्याउन सकिने साथै दलित महिलाको स्तर उन्नति हुने देखिन्छ ।
- दलित महिलाहरू स्थानीय समितिहरूमा सहभागी भएको तर निर्णय प्रकृयामा उनीहरूको भूमिका कम भएकाले त्यसलाई बढावा दिंदा उनीहरूको सशक्तीकरणमा थप सहयोग हुने देखिन्छ ।
- दलितहरूलाई जातीय विभेद नगर्ने र प्रत्यक्ष रूपमा सहयोग गर्ने गैर दलितहरूलाई सम्मान गर्दा अरुलाई पनि हौसला मिल्ने र छुवाछुतमा कमी आउन सहयोग पुग्ने देखिन्छ ।
- छुवाछुत सम्बन्धी कानुनको बारेमा दलित महिलाहरूले जानकारी लिन आवश्यक देखिन्छ ।

## सन्दर्भग्रन्थ सूची


अन्तर्राष्ट्रिय श्रमसंगठन (१९८२), संयुक्त राष्ट्रसंघ ।

आचार्य, रामचन्द्र (२०५७),*सार्की जातीको सामाजिक आर्थिक अवस्था पाटन,* अप्रकाशित शोधपत्र त्रिभुवन विश्वविद्यालय, संयुक्त क्याम्पस ।

ओकाली ऐन (१९८५), *सेक्स, जेण्डर एण्ड सोसाईटी, लण्डन, गोवर पव्लिसिङ कम्पनी,* इङ्गल्याण्ड ।

इन्सेक (१९९३),*नेपालमा जातीय छुवाछुत,* काठमाण्डौ : अनौपचारिक क्षेत्र सेवा केन्द्र ।

किसान, यामवहादुर (२००६), *दलित सशक्तीकरणका लागि राज्यले अपनाउनु पर्ने नीतिहरू* काठमाण्डौ : जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च वागवजार

कोइराला, विद्यानाथ (२०६३), *दलित महिलाको शिक्षा दीक्षा,* ललितपुरः दलित महिला संघ केन्दीय कार्यालय ।

*खुलेर वोलौं, विभेद रोकौं* (२०६७), मस्यौदा कानुन सम्बन्धी खुला सम्वाद श्रृङ्खला ।

खत्री, प्रेम कुमार (२०४४),*नेपाली समाज र संस्कृति,* काठमाडौ पाठ्यक्रम विकास केन्द्र ।

गुरुङ्ग, हर्क (२०६५), *वहिष्करणदेखि समावेशीकरणसम्म, सामाजिक समावेशीकरण अनुसन्धान कोष,* काठमाडौ :एस.एन.भी.नेपाल ।

गुरुङ्ग, ओम सुवा (२०६८), *सामुदायिक विकासकोषले महिला सशक्तीकरणमा खेलेको भूमिका एक समाजशास्त्रीय अध्ययन,* अप्रकाशित एम. ए. शोधपत्र, समाजशास्त्र/मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

चौलागाईं, तिलक प्रसाद; श्रेष्ठ, केशव कुमार; सापकोटा, केशवराज (२०६६),*लैङ्गिक अध्ययन,* काठमाडौ : एकेडेमिक वुक सेन्टर कीर्तिपुर, नेपाल ।

जातीय भेदभाव छुवाछुत कसुर र सजायं ऐन, २०६३ प्रकाशन राष्ट्रिय दलित आयोग ।

जर्वाटिमिन, मार्गरे (१९९३), *अ जेण्डर पर्सपेक्टिभ टू इरिगसन म्यानेजमेन्ट इन आई आई एम इ/आइ औ इ सैमिनार सिररिज अन इरिगेसन म्यानेजमेण्ट,* काठमाडौ ।

ताम्राकार, टेक (२०६३),*नेपालमा दलित महिला,* दलित महिला संघ केन्द्रीय कार्यालय ।

तुङ्वाहाम्फे, शिवमाया (२०५९),*नेपालमा दलित महिला आन्दोलन,* काठमाडौ :अखिल नेपाल महिला संघ ।

प्रश्रित, मोदनाथ (२०५३),*नेपालमा जातीय छुवाछुत, काठमाडौ* : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), केन्द्रीय कार्यालय ।

प्रश्रित, मोदनाथ (२०५८),*मानवताको कलङ्क जातपात र छुवाछुत प्रथा,* गुल्मी, तम्घास किरण पुस्तकालय ।

वूढाथोकी, चन्द्र विक्रम (२०३९),*जयस्थिति मल्लको सुधार,* काठमाडौं : साझा प्रकाशन ।

वि.के.,डा.मान बहादुर *राज्यको सङ्घीय पुनरसंरचनामा दलित समुदायको अवस्था:* दलित गैरसरकारी संस्था महासंघ,काठमाडौं ।

विष्ट, डोरवहादुर (२०६४), *सवैजातको फूलवारी,* काठमाण्डौः साझा प्रकाशन ।

विश्वकर्मा, कमला (२०६४), *हामी दलित महिला अधिकारमा प्रतिवद्ध छौं,* ललितपुर : दलित महिला संघ केन्द्रिय कार्यालय ।

विश्वकर्मा, हिरा (२०६३),*दलित महिलाका सवाल र तिनका समाधान,* ललितपुरः दलित महिला संघ केन्द्रीय कार्यालय ।

विश्वकर्मा, पद्मलाल (२०५३:९५), *दलित आन्दोलनमा दलित महिला,* ललितपुर : दलित महिला संघ, केन्द्रीय कार्यालय ।

भासिन, कमला (१९९३),*आखिर जेण्डर के हो त ? स्त्री शक्ति,* काठमाडौं ।

भट्टचन, कृष्ण वहादुर (२०६२),*नेपालमा दलित महिलाको स्थिति,* ललितपुर : दलित महिला संघ ।

*नेपालको अन्तरिम संविधान* (२०६३), बौद्धिक दर्पण प्रकाशन काठमाण्डौ ।

*नेपालमा दलित समुदायको स्थिति (२०६०),* राष्ट्रिय दलित आयोग ।

लामिछाने, विष्णुप्रसाद (२०५९), *लेखनाथका गन्दर्भ जातीको पेशामा आएको परिवर्तनको एक समाजशास्त्रीय अध्यायन,* अप्रकाशित एम.ए.शोधपत्र, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

लाम्गादे, भोजमान (२०६१), *जातीय विभेदको विश्वव्यापी सन्दर्भ,* नेपालमा दलित मानव अधिकारको अवस्था २००४ र कानुनी व्यवस्थापन उत्थान प्रतिष्ठान, काठमाडौं :पुतलीसडक, न्यूप्लाजा

सापकोटा, केशव प्रसाद (२०००), *नेपालमा दलित उत्थानका रणनीति,* ललितपुर सेन्टर फर इकोनेमिक एण्ड टेक्निकल स्टडिज ।

सिजापति, रेणु (२०६२), *एक्काइसौं शताव्दी र दलित महिलाका चुनौतीहरू,* ललितपुर : दलित महिला संघ केन्द्रीय कार्यालय ।

सोव, दुर्गा (२०६३), *नेपालमा महिला आन्दोलन र दलित महिला,* ललितपुर : दलित महिलासंघ केन्द्रीय कार्यालय ।

Abbott Pamel and Claire Wallace, (1997): *An Introduction to Sociology feminist perspective.*(2nd edition) New York, Palgrave Publisher Ltd.

Gurung, Harka (2003), *Janajati and Dalit*, The Subjugates in Governance Reading on Governance and Development, Vol. II.

Folmar, Steven (2007), *Identity politics among Dalits in Nepal*.

Rao, C. N. Shanlar (2001), *Sociology primary principles'* 3rd Revised New Delhi, S.Chand and Company.

Ritzer, George (1992), *Socaiological theory*, 3rd Edition, MC Graw-hill INC.

South Asian Women's Network (2010), *Woman's movement in south asia, south asian net.* Activism, Public.

# अनुसूची १

## दलित महिलाको विद्यमान अवस्थाको समाजशास्त्रीय अध्ययन
**सेतीदोभान, स्याङ्जा**

**प्रश्नावलीहरू**

उत्तरदाताको नाम थर : उमेर :

वैवाहिक स्थिति : माइतघर :

पेशा : पारिवार संख्या :

१) तपाईंले कति कक्षा पढनु भएको हो ?

क) निरक्षर ख) साक्षर(प्रा.वि.सम्म)

ग) माध्यमिक(एस.एल.सी.सम्म) घ) उच्च शिक्षा (एस.एल.सी वा सो भन्दा माथि)

२) तपाईंको परिवारको शैक्षिक अवस्थाको वारेमा बताउनुहोस ?

...........................................................................

३) तपाईंको घरको आर्थिक अवस्था पहिला कस्तो थियो र अहिले कस्तो छ ?

....................................................................................

४) तपाईंको पालामा दैनिक ज्याला नगद वा अन्न के दिने चलन थियो ? नगदमा कति र अन्न कति दिने चलन थियो ?

............................................................................................

५) तपाईँको परिवारको आर्थिक हिसाव कसले गर्छ ?

क) श्रीमानले ख) आफैंले ग) दुवै मिलेर

६) तपाईं छोरी हुँदा कस्तो र वुहारी हुँदा कस्तो व्यावहार भोग्नु भयो ?

......................................................................................

७) दलित महिला भएको कारण तपाईंले कस्तो कस्तो विभेद भोग्नुभयो ?

......................................................................................

८) सार्वजनिक स्थलमा छुवाछुतको अवस्था पहिला कस्तो थियो ? र अहिले कस्तो छ ?

.....................................................................

९) तपाईको प्रयासले समाजमा भएको विकृति न्यूनीकरणमा सहयोग पुगेको छ ?

क) धेरै सहयोग पुगेको छ ख) थोरै सहयोग पुगेको छ

ग) कत्ति पनि पुगेको छैन

१०) तपाईंमा पहिला र अहिलेमा के परिवर्तन आएको छ ?

...........................................................................................

११) तपाई दलित महिला भएकोले समाजमा पहिला कस्तो व्यवहार गर्थे र अहिले कस्तो व्यवहार गर्छन ?

……………………………………………………………………………………

१२) तपाईं कुनै समुहमा आबद्ध हुनुहुन्छ ?

…………………………………………

१३) वचत गर्ने पैसा कहाँबाट ल्याउनुहुन्छ ?

क) श्रीमान्संग मागेर ख) काम गरेर

ग) फजूल खर्च कटौती गरेर घ) ऋण खोजेर

१४) समाजमा जातिय विभेदमा पहिला र अहिलेमा कति परिवर्तन भएको छ ?

……………………………………………………………………………………

१५) तपाईंको आर्थिक अवस्थामा पहिलाभन्दा केही सुधार आएको छ ?

……………………………………………………………………………………

१६) निर्णय प्रकृयामा तपाईंको भूमिका कस्तो हुन्छ ?

……………………………………………………………………………………

१७) तपाईं सामाजिक कार्यमा कहिले देखि लाग्नुभयो ?

………………………………………………

१८) तपाईंले कुनै तालिम लिनु भएको छ ?

क) छ ख) छैन

१९) तपाईंको सशक्तिकरणमा के कुराले प्रभाव पारेको छ ?

क)……………………………ख)………………………………

२०) तपाईं छोरा र छोरीको पढाइमा कसको पढाइलाई बढी प्राथमिकता दिनुहुन्छ ?

क) छोराको ख) छोरीको ग) दुवैकोलाई

२१ तपाईंको समुदायमा शिक्षा सम्वन्धि कार्यक्रमहरू सञ्चालन भएको छ ?छ भने कस्ता कस्ता सञ्चालन भएका छन् ?

……………………………………………………………………………

२२) शैक्षिक कार्यक्रमले महिलाको सामाजिक अवस्थामा कस्तो प्रभाव पारेका छ ?

क) समारात्मक ख) नकारात्मक

२३) तपाईले कुनै तालिम लिनु भएको छ ?

क) छु ख) छैन

२४) तालिमलाई ब्यावहारमा कत्तिको प्रयोग गर्नु भएको छ ?

क) गरेको छु ख) गरेको छैन

२५) तपाईलाई समूहमा आबद्ध हुनुभन्दा पहिला र भैसकेपछि हर्ने दृष्टिकोणमा परिवर्तन आएको जस्तो लाग्छ ?

क) धेरै फरक छ  ख) केही फरक छैन  ग) थोरै फरक छ

२६) छ भने कस्ता परिवर्तन पाउनु भएको छ ?

क)..............................................................................

२७) सामाजिक कार्यमा लागेपछि तपाईँलाई कस्ता कस्ता समस्या परेका छन् ?

क) परिवारमा झगडा भएको  ख) घरको काम बितेको

ग) वचत गर्ने पैसाको समस्या भएको  घ) समस्या नपरेको

२८) समुहमा आवद्ध भएपछि जातीय विभेदमा कमी आएको छ की छैन ?

क) थोरै आएको  ख) धेरै आएको  ग) खासै आएको छैन

२९) दलित महिलाको अवस्थामा सुधार आएको छ ?

...........................................................................

३०) तालिमले दलित महिलाको सशक्तीकरणमा कति सहयोग पुऱ्याएको छ ?

क) धेरै  ख) केही मात्र  ग) खासै सहयोग नपुरयाएको

३१) समाजले तपाईलाई हेर्ने दृष्टिकोणमा कति परिवर्तन आएको जस्तो लाग्छ ?

क) धेरै  ख) थोरै  ग) खासै नआएको

३२) तपाईँका गतिविधिले समाजमा कस्तो परिवर्तन आएको छ ?

क) सकारात्मक  ख) नकारात्मक

३३) स्थानीयस्तरका समिति,संघ संस्था र समूहहरूमा तपाईंको सहभागीता छ ?

क) छ  ख) छैन

३४) तपाईंको सशक्तिकरणमा महत्वपूर्ण भूमिका के कुराले खेलेको जस्तो लाग्छ ?

क)............................ ख) ...........................

३५) तपाईँको घरमा चर्पी कस्तो ?

क) कच्ची  ख) पक्की  ग) छैन

३६) तपाईँले कुनै राजनीति पाट्रीको सदस्यता लिनुभएको छ ?

क) छ  ख) छैन

३७) अन्य केही भन्न चाहनुहुन्छ कि ?

..........................................

तपाईंको अमूल्य समय र महत्वपूर्ण जानकारीका लागि धेरै धेरै धन्यवाद ।

# अनुसूची २
## दलित महिलाहरूको विद्यमान अवस्थाको समाजशास्त्रीय अध्ययन
### मुख्य सूचनादातासंगको अन्तवार्ताका प्रश्नावलीहरू

१) दलितलाई किन छुवाछुत गरिएको होला जस्तो लाग्छ ?

..........................................................................

२) दलितलाई छवाछुत गर्नु राम्रो हो की होईन जस्तो लाग्छ ?

क) हो ख) होइन

३) तपाइँ समाजसेवी र राजनीतिक कार्यकर्ता भएकोले जातीय विभेद कति भोग्नु भयो?

क) धरै भोगें ख) थोरै भोगें ग) कत्ति पनि भोगीन

४) तपाइँ विश्वकर्मा जातीको पण्डित भएको नाताले दलितहरूको वारेमा हजुरले वुझेको बताइदिन सक्नुहुन्छ ?

..............................................................................

५) दलितलाई होच्याउने धार्मिक मान्यताहरूलाई तपाईलाई कस्तो लाग्छ ?

क) ठिकै हो ख) राम्रो हो गर्नुपर्छ ग) राम्रो होईन सुधार गर्नुपर्छ

६) तपाईको पालामा दलितसँग छोइन हुन्थ्यो कि हुँदैनथ्यो ?

क) हुन्थ्यो ख) हुँदैनथ्यो

७) समाजमा छुवाछुत महिलाले बढी गर्नुहुन्छ कि पुरुषले ?

क) महिलाले ख) पुरुषले ग) दुवैले

८) यहाँका दलित महिलाहरूमा छोटो समयमा नै परिवर्तन आउनुको कारण के होला ?

क) शिक्षा ख) जनचेतना ग) आर्थिक कारण

घ) राजनीतिक परिवर्तन ङ) सवै

९) दलितलाई गरिने व्यवहारमा पहिला र अहिलेमा कति फरक छ ?

क) धेरै फरक छ ख) थोरै फरक छ

ग) खासै फरक छैन घ) उस्तै उस्तै हो

१०) तपाई गैरदलित भएको नाताले दलितलाई विभेद गनु हुन्छ कि हुँदैन जस्तो लाग्छ ?

क) हुन्छ ख) हुँदैन

**अनुसूची ३**

**दलित महिलाहरूको विद्यमान अवस्थाको समाजशास्त्रीय अध्ययन**

**सेतीदोभान, स्याङ्जा**

व्यक्तिगत अध्ययनका सहभागीको विवरण

| क्र.सं | नाम थर | शिक्षा | कैफियत |
|---|---|---|---|
| १. | मोतीमाया नेपाली | प्रौढ शिक्षा | |
| २ | मंगली नेपाली | प्रौढ शिक्षा | |
| ३ | अनिता नेपाली | टेस्ट पास | |
| ४ | माया नेपाली | ५ कक्षा | |
| ५ | डिलमाया नेपाली | प्रौढ शिक्षा | |
| ६ | धनसुवा नेपाली | प्रौढ शिक्षा | |
| ७ | डिलमाया नेपाली | प्रौढ शिक्षा | |
| ८ | चन्द्रकला नेपाली | ५ कक्षा | |
| ९ | विना नेपाली | प्रौढ शिक्षा | |
| १० | जम्मावती सुनार | ८ कक्षा | |
| ११ | टुल्की नेपाली | प्रौढ शिक्षा | |
| १२ | विष्णु नेपाली | ११ पास | |
| १३ | रेवती नेपाली | ५ कक्षा | |
| १४ | मिश्रा नेपाली | प्रौढ शिक्षा | |
| १५ | पार्वती नेपाली | ५ कक्षा | |
| १६ | सीता नेपाली | बी.ए.दोस्रो वर्ष | |
| १७ | सावी सुनार | प्रौढ शिक्षा | |
| १८ | सुनसरी नेपाली | प्रौढ शिक्षा | |
| १९ | सेतु सुनार | प्रौढ शिक्षा | |
| २० | खुजुरी वि.क. | निरक्षर | |
| २१ | सरीता वि.क. | १२ | |
| २२ | शोभा सुनार | वी.वी.एस.दोस्रो वर्ष | |

# अनुसूची ४

## दलित महिलाहरूको विद्यमान अवस्थाको समाजशास्त्रीय अध्ययन

## सेतीदोभान,स्याङ्जा

### लक्षित समूह छलफलका सहभागीको नामावली

२२ वर्षदेखि २० वर्षसम्मका उच्चशिक्षा पढेका सहभागी नामावली

१) सीता नेपाली    २) विष्णु नेपाली

३) दुर्गा नेपाली    ४) सरीता नेपाली

**३१ देखि ५० वर्षसम्मका १० कक्षासम्म र प्रौढ शिक्षा पढेका सहभागीको नामावली**

१) माया नेपाली    २) अनिता नेपाली

३) सुनसरी नेपाली    ४) टुल्की नेपाली

५) डिलमाया नेपाली    ६) जम्मावती सुनार

७) रेवती नेपाली

**५१ देखि ७५ वर्षसम्मका प्रौढ शिक्षा पढेका र नपढेका सहभागीको नामावली**

१) सावी सुनार    २) खुजुरी वि.क.

३) मंगली नेपाली

# अनुसूची ५

## दलित महिलाहरूको विद्यमान अवस्थाको समाजशास्त्रीय अध्ययन

## सेतीदोभान, स्याङ्जा

### मुख्य सूचनादाताको नामावली

| | |
|---|---|
| १) धनमाया विश्वकर्मा | २) विष्णुमाया सुनार |
| ३) कमलापती शर्मा | ४) भगवती देवकोटा |
| ५) केरमान सिंह सुनार | |

# अनुसूची ६

## दलित महिलाहरूको विद्यमान अवस्थाको समाजशास्त्रीय अध्ययन

<u>फोटाहरू</u>



आफूहरूले  स्थापना गरेको सहकारीमा मासिक वचत संकलन गर्दै दलित महिलाहरू



व्यक्तिगत अध्ययनका विवरण संकलन गर्दै अनुसन्धानकर्ता



दलित महिलाहरूले बनाएको शिशु कक्षाको भवन



अग्रज समाजसेवी कृष्ण वहादुर सुनारको स्मृतिमा उहाँका छोराहरूले सौजन्य गरेको शिशु कक्षाको किचन



व्यक्तिगत अध्ययन एकको मंगली नेपाली



व्यक्तिगत अध्ययन एकको मोतीमाया नेपाली



व्यक्तिगत अध्ययन अठारकी सुनसरी नेपाली



व्यक्तिगत अध्ययन चारकी माया नेपाली



व्यक्तिगत अध्ययन सोह्रकी सीता नेपाली